# लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नजरमा

## स्थानीय तह सदस्य निर्वाचन २०७९



राष्ट्रिय महिला आयोग

**प्रकाशक**

**राष्ट्रिय महिला आयोग**
भद्रकाली प्लाजा, काठमाण्डौं, नेपाल
फोन न : ९७७ ०१ ४२५६७०१
ईमेल : info@nwc.gov.np

**प्रथम संस्करण**
२०७९ (नेपाली भाषा २००० प्रति)

**प्रतिलिपी अधिकार © २०७९**
राष्ट्रिय महिला आयोग र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) नेपाल

**प्रकाशन सहयोग**

**संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) नेपाल**
फोन न : ९७७ ०१ ४२९००००
ईमेल : registry.np@undp.org
वेवसाईट : https://www.undp.org/nepal

यो प्रतिवेदन राष्ट्रिय महिला आयोगले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) नेपालको सहयोगमा २०७९मा तयार तथा प्रकाशन गरेको हो ।

**अस्वीकरण**
यस प्रतिवेदनमा व्यक्त विचार लेखकका हुन् र तिनले युएनडीपी नेपालको प्रतिनिधित्व गर्दैनन् ।

# लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नजरमा

## स्थानीय तह सदस्य निर्वाचन २०७९

राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

राष्ट्रिय महिला आयोग-२०५८

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं.

च.नं. मितिः

# मन्तव्य

राष्ट्रिय महिला आयोगबाट स्थानीय तह सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्षबाट नीतिगत तथा निर्वाचनका विभिन्न चरणहरूमा गरिएको अनुगमनबाट प्राप्त सूचना, जानकारी र तथ्यहरूको संकलन तथा विश्लेषण सहितको यो अध्ययन प्रतिवेदन प्रकाशन भएकोमा खुशी लागेको छ ।

महिलाको नीतिगत तहमा उपस्थिति र पहुँच स्थापित हुने एउटा महत्वपूर्ण माध्यम राजनैतिक क्षेत्र हो । यहि विषयलाई मध्यनजर गर्दै राष्ट्रिय महिला आयोगद्वारा महिलाको राजनैतिक सहभागिता, सशक्तीकरण र पहुँचलाई महत्व दिएर विभिन्न किसिमका कार्यक्रम सहित यो निर्वाचन अनुगमन कार्य पनि गरिएको हो । सोही क्रममा स्थानीय तह सदस्य निर्वाचन, २०७९ का विभिन्न चरणहरूमा महिलाभित्र पनि अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत, जाति, भाषा, धर्मका कारण पछाडि पारिएका समुदाय तथा भौगोलिक विकटता समेतका आधारमा के-कति लैङ्गिक तथा सामाजिक समावेशीकरण मैत्री हुने गरी सम्पन्न हुन सक्यो वा सकेन भन्ने विषयलाई विश्लेषण गर्न र आगामी दिनमा थप नीतिगत सुधारका लागि पनि यो प्रतिवेदन सहयोगी हुनेछ भन्ने उद्देश्यले यो अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

निर्वाचनमा राजनीतिक दलहरूबाट उम्मेदवार मनोनयन गर्ने मानसिकता, निर्वाचनको वातावरण, निर्वाचित जनप्रतिनिधिको अवस्था, मतदानस्थलमा खटिने कर्मचारीहरू लगायत निर्वाचन अधिकृतको खट्नपट्नमा समेत लैङ्गिक तथा सामाजिक समावेशीकरण लगायतका सवालहरू विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदन निर्वाचनमा सहभागी हुने राजनीतिक दलहरू र निर्वाचन सम्पन्न गर्न संलग्न हुने मुख्य जिम्मेवार निकायहरूबाट भरपूर अध्ययन भई पृष्ठपोषण प्राप्त होस् भन्ने कामना गर्दछु । यसै प्रतिवेदनबाट आवश्यक सिकाइलाई सरोकारवाला निकायहरूद्वारा गहन रूपमा लिई आगामी निर्वाचनहरू प्रतिनिधित्व र सहभागिताको हिसाबले लैङ्गिक तथा सामाजिक रूपमा समावेशी हुनेछन् भन्नेमा विश्वस्त छु ।

राष्ट्रिय महिला आयोगबाट भएको यस अध्ययन अनुगमन कार्यमा आ-आफ्नो क्षेत्रमा सहभागी भई भूमिका निर्वाह गर्नुहुने आयोगका माननीय सदस्यहरू श्री कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य श्री विद्या कुमारी सिन्हा, माननीय सदस्य श्री जया घिमिरे, माननीय सदस्य श्री सावित्रा कुमारी शर्मा र आयोगका सचिव श्री कविराज पौडेलप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

साथै, यो नीतिगत अध्ययन अनुगमनको कार्यलाई थप अनुसन्धान, तथ्याङ्क संकलन र विश्लेषण सहित लेखन र सम्पादन कार्यमा खटिनु हुने श्री रघुनाथ लामिछानेलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी राष्ट्रिय महिला आयोगका उपसचिव श्री सीता अधिकारी, उपसचिव श्री चमिला भट्टराई र यस कार्यमा संलग्न आयोगका सम्पूर्ण कर्मचारी साथीहरूप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । राष्ट्रिय महिला आयोगले तयार गरेको यो प्रतिवेदन प्रकाशनको सम्पूर्ण जिम्मेवारी लिई प्रतिवेदनलाई अनुवाद सहित अन्तिम रूप दिन सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (United Nations Development Programme, UNDP) को टिमलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि राष्ट्रिय महिला आयोगको यस किसिमको प्रयासलाई प्रवर्द्धन गर्ने किसिमको सहयोग UNDP बाट हुने नै छ भन्ने कुरामा विश्वस्त छु ।

अन्त्यमा, यो प्रतिवेदन महिलाको नीतिगत तहमा पहुँच स्थापना गराउन मार्गदर्शक बन्न सकोस् र यस प्रतिवेदनबाट सिकिएका पाठहरूको व्यवहारिक अभ्यास हुन गई आगामी निर्वाचनहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणमैत्री बन्न सकुन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

कमलाकुमारी पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग

# विषयसूची


| | | |
|---|---|---|
| **परिच्छेद १** | **परिचय तथा अध्ययन विधि** | १ |
| | १.१ परिचय | २ |
| | १.२ अध्ययनको औचित्य | ३ |
| | १.३ अध्ययनको उद्देश्य | ४ |
| | १.४ अध्ययन पद्धति | ४ |
| | १.५ अध्ययनको सीमा | ५ |
| | १.६ प्रतिवेदनको ढाँचा | ५ |
| **परिच्छेद २** | **लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास)** | ७ |
| | २.१ लैससास (लैङ्गिक समानता र सामाजिक समावेशीकरण) अवधारणा | ८ |
| | २.२ नेपालमा लैससासको पृष्ठभूमि | १० |
| | २.३ लैसाससम्बन्धी महत्त्वपूर्ण संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाहरू | १४ |
| | २.४ उपलब्धिको कसीमा लैससास | १६ |
| **परिच्छेद ३** | **निर्वाचित पदहरूमा महिला सहभागिताका लागि भएका व्यवस्था** | १७ |
| | ३.१ निर्वाचित पदहरूमा महिलाको सहभागिताका लागि भएका संवैधानिक र कानुनी व्यवस्था | १८ |
| | ३.२ नेपालको संविधानमा भएका मुख्य व्यवस्था | २२ |
| | ३.३ राजनीतिक दलसम्बन्धी ऐन, २०७३ | २३ |
| | ३.४ प्रतिनिधिसभा निर्वाचनसम्बन्धी ऐन, २०७४ | २३ |
| | ३.५ प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ | २३ |
| | ३.६ स्थानीय तह निर्वाचन ऐन, २०७३ | २४ |
| **परिच्छेद ४** | **स्थानीय तह सदस्य निर्वाचन २०७९** | २५ |
| | ४.१ नामावली सङ्कलन | २६ |
| | ४.२ उम्मेदवारी दर्ता | २७ |
| | ४.३ कुन पदमा कुन दलका कति महिला उम्मेदवार ? | २७ |
| | ४.४ जातिगत आधारमा | ३० |
| | ४.५ उमेरका आधारमा | ३१ |
| | ४.६ प्रदेशगत आधारमा उम्मेदवारी | ३१ |
| **परिच्छेद ५** | **निर्वाचित जनप्रतिनिधि** | ३३ |
| | ५.१ जम्मा निर्वाचित प्रतिनिधि | ३४ |
| | ५.२ विजयी महिलाको सङ्ख्या | ३४ |
| | ५.३ स्वतन्त्रमा पनि पुरुष नै हावी | ३६ |
| | ५.४ प्रदेशगत आधारमा महिला प्रतिनिधित्व | ३७ |

परिच्छेद ६ निर्वाचनमा लैससासलाई प्रभाव पारेका विषय ३९
६.१ कानुनको आफूखुसी व्याख्या ४०
६.२ गठबन्धन ४०
६.३ पितृसत्तात्मक सोच ४२
६.४ निर्वाचन आयोगको फितलोपना ४२
६.५ आफ्नै घोषणापत्रको अवमूल्यन ४५

परिच्छेद ७ स्थानीय निर्वाचनमा अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत ४९
७.१ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक ५०
७.२ लोपोन्मुख समुदाय ५३
७.३ मधेसी महिला ५५
७.४ अपाङ्गता भएका महिला ५७
७.५ एकल महिला ५८
७.६ दलित महिला ६०
७.७ लैससास नजरमा जिल्ला समन्वय समिति निर्वाचन ६४

परिच्छेद ८ निर्वाचनलाई लैससासमैत्री बनाउन राष्ट्रिय महिला आयोगको भूमिका ६९
८.१ प्रदेशहरूमा कार्यक्रम ७०
८.२ दलहरूलाई ध्यानाकर्षण ७१
८.३ अनुगमन ७२

परिच्छेद ९ लैससास नजरमा निर्वाचन प्रक्रिया ७५
९.१ कर्मचारी/सुरक्षाकर्मी ७६
९.२ मतदानस्थल ७८
९.३ सुरक्षित वातावरण ७९

परिच्छेद १० स्थानीय तह सदस्य निर्वाचन २०७४ ८१
१०.१ समग्रमा ८२
१०.२ प्रदेशगत आधारमा ८३
१०.३ उमेरगत आधारमा ८४

परिच्छेद ११ लैससास नजरमा वर्तमान निर्वाचनको सिकाइ ८५
११.१ कानुनका कमजोरी प्रयोग भए ८६
११.२ विरासतको चिन्ता ८६
११.३ सार्थक सहभागितामा शून्य ध्यान ८६
११.४ 'उप'मा सीमित ८७

परिच्छेद १२ पर्यवेक्षणका नजरमा लैससास ८९

परिच्छेद १३ निर्वाचनलाई लैससासमैत्री बनाउन गरिनुपर्ने काम ९३

अनुसूची आसन्न स्थानीय निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशी उम्मेदवार तय गर्न राजनीतिक दलहरुलाई विशेष ध्यानांकर्षण ९६

परिच्छेद

# १

# परिचय तथा अध्ययन विधि

# परिच्छेद १

# परिचय तथा अध्ययन विधि

## १.१ परिचय

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २,९१,९२,४८० छ, जसमा महिला १,४९,०१,१६९ र पुरुष १,४२,९१,३११ जना छन् । यसरी हेर्दा महिला ५१.०४ प्रतिशत र पुरुष ४८.९६ प्रतिशत हुन आउँछ ।

नेपालमा विक्रम संवत् २०६८ बाट जनगणना गर्न थालिएको हो । त्यसपछि १०-१० वर्षमा जनगणना गरिँदै आएको छ । पहिलो र दोस्रो जनगणनाको उद्देश्य मुलुकमा मालिक, कमारा/कमारी तथा बाधा कति छन् भनेर पत्ता लगाउन केन्द्रित थियो । त्यसैले यति बेला अरू विषयमा ध्यान पुग्ने कुरै भएन ।

पाँचौँ जनगणना अर्थात् विक्रम संवत् २००९/११ मा बल्ल लैङ्गिक तुलना गरियो । त्यति बेला लैङ्गिक अनुपात ९६.८ थियो । त्यसपछिका जनगणनामा क्रमशः यस्तो अनुपात ९७, १०१.४, १०५, ९९.५, ९९.८, ९४.२ थियो । २०७८ को जनगणनामा भने लैङ्गिक अनुपात ९५.९१ छ । लैङ्गिक अनुपात भन्नाले प्रति १०० महिलामा पुरुषको सङ्ख्या भन्ने जनाउँछ ।[१] जसले महिला र पुरुषको सङ्ख्या घटबढबारे जान्न सघाउँछ ।

दशौँ अर्थात् २०५८ को जनगणनाले लैङ्गिक समानताको मूलप्रवाहीकरणमा ध्यान दियो । यसअन्तर्गत सम्पत्ति, काम, विस्तारित आर्थिक काम आदिमा महिलाको स्थानबारे तथ्याङ्क लिने काम भयो । त्यसको १० वर्षपछि अर्थात् २०६८ सालको जनगणनाले आफ्ना प्रश्नहरूमा जेसी (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) लाई प्राथमिकतामा राख्यो । र, २०७८ को जनगणनाले पनि यसलाई निरन्तरता दिएको छ ।

कुनै पनि नीति बनाउन, कार्यक्रम लागु गर्न, त्यसका लागि स्रोत जुटाउन तथा समानुपातिक/समुचित वितरणका लागि तथ्याङ्क अत्यावश्यक हुन्छ । त्यसैले जनगणनाबाट प्राप्त तथ्याङ्कहरूले सरकार मात्र नभई कुनै पनि सङ्गठित निकाय वा गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रम सफल तुल्याउन आधार निर्माण गर्छ ।

खासगरी यस्ता तथ्याङ्कले आवधिक नीति, योजना, कार्यक्रम बनाउन मद्दत गर्छ । त्यसैगरी अनुगमन र मूल्याङ्कनमा सघाउँछ । सङ्घ र प्रदेश निर्वाचन क्षेत्रको आधारसमेत तथ्याङ्क नै

[१] केन्द्रीय तथ्याङ्क विभाग

भएकाले यसको महत्व कति रहेछ भन्ने सहजै बुझ्न सकिन्छ । यिनै आधारमा भन्न सकिन्छ कि लैङ्गिक समानता, यौनिक तथा अल्पसङ्ख्यक, दलित, आदिबासी आदि विषय सम्बोधन गर्न जनगणनाबाट प्राप्त हुने तथ्याङ्क निकै लाभदायी हुन्छ । वित्तीय स्रोत बाँडफाँटको समेत आधार भएकाले पनि यस्ता तथ्याङ्क अत्यावश्यक हुन्छन् ।

अहिले यिनै तथ्याङ्कलाई आधार मानेर स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्पन्न भएको छ । ३५,२२१ पदका लागि भएको यो निर्वाचनमा १,३५,४०९ जनाले उम्मेदवारी दिएका थिए । त्यसमध्ये महिला ५५,७१९ जना थिए । जसमध्ये विभिन्न पदमा गरी १४,४६६ जना महिला विजयी भए । यसरी ७५३ स्थानीय तहमध्ये २५ वटामा मात्र महिलाले प्रमुख/अध्यक्षमा जीत हासिल गरेका छन् भने ५६८ जनाले उपप्रमुख/उपाध्यक्षमा जिते । त्यसैगरी वडाध्यक्षमा ६९ जना महिलाले जित्दा अन्य सदस्यमा ४४२ जनाले विजयी हासिल गरे । यसरी नै महिला सदस्यमा ६७४२ जनाले जिते भने दलित महिला सदस्यमा ६६२० जनाले जितेका छन् । १२३ स्थानमा उम्मेदवारी नै नपरेका कारण दलित महिला सदस्यको स्थान रिक्त रह्यो भने एउटा वडामा महिला सदस्यकै उम्मेदवारी नपरेकाले त्यो पद पनि रिक्त छ ।

## १.२ अध्ययनको औचित्य

नेपाल लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय सन्धि/सम्झौता आदिको पक्ष राष्ट्र हो । यसअनुसार आफ्ना नीति तथा कानुन पनि यसले लैससासमैत्री बनाउने प्रयास गर्दै आएको छ । संविधानमा नै लिङ्ग र जात तथा जन्मका आधारमा भेदभाव नगरिने र सम्पूर्ण नागरिकमाथि समान व्यवहार गरिने उल्लेख हुनु यसको मुख्य प्रमाण हो । अझ लैससास कायम गर्न थप विशेष व्यवस्थासमेत गर्न सकिने प्रावधानले यो विषयमा राज्य गम्भीर रहेको देखिन्छ ।

यसबारे नीति, कानुन, घोषणा आदि निकै छन् । त्यसैगरी राज्यका सबै नीतिको पनि माउ नीति मानिने राजनीति मुलुक सञ्चालन गर्ने मुख्य थलो पनि हो । यहीँ राजनीति अर्थात् चुनावमार्फत चुनिएका जनप्रतिनिधिले मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने प्रणाली अपनाएको छ नेपालले । यस्तो सन्दर्भमा निर्वाचनमा को चुनिए, कस्तो पदमा को पुगे, तिनले गर्न सक्ने योगदान के हो, चुनिनेमध्ये सबै वर्ग, समुदाय, लिङ्ग, धर्म आदिको प्रतिनिधित्व भयो वा भएन, सीमान्तकृत, विपन्नका प्रतिनिधि पुगे कि पुगेनन् भन्ने कुराले हाम्रो शासन व्यवस्था सञ्चालन गर्ने नेतृत्व लैससासमैत्री भए/नभएको छर्लङ्ग हुन्छ ।

त्यसैले स्थानीय तह सदस्य निर्वाचन २०७९ लैससासका नजरमा कति फलदायी भयो भन्ने थाहा पाउन यो अध्ययन गरिएको हो, जसमा विभिन्न पदमा महिला कति चुनिए, यौनिक अल्पसङ्ख्यको अवस्था के रह्यो, दलित, मधेसी, लोपोन्मुख तथा सीमान्तकृत समुदाय र अझ त्यसमा पनि महिलाको स्थिति कस्तो रह्यो भन्ने समेट्न खोजिएको छ । त्यसैगरी अघिल्लो स्थानीय तह सदस्य निर्वाचनभन्दा यो निर्वाचनमा खासगरी महिलाको प्रतिनिधित्व बढ्यो

वा घट्यो भन्ने थाहा पाउनका लागि पनि यो अध्ययन गरिएको हो, जसले हामी लैससास कार्यान्वयनको सन्दर्भमा अग्रगामी पथतर्फ लम्किरहेका छौँ वा झनै पश्चगामी मार्ग अँगालिरहेका छौँ भन्ने प्रस्ट पार्छ ।

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययनको उद्देश्य निम्नबमोजिम छ–

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि बनाइएका नीति/ऐन आदिका व्यवस्था निर्वाचनसँग जोडेर केलाउने ।
- निर्वाचनसँग सम्बन्धित कानुनहरूमा लैससासलाई दिइएको प्राथमिकता केलाउने र त्योअनुसार भए/नभएको हेर्ने ।
- दलहरूले आफ्नै नीति/घोषणापत्र आदिका आधारमा निर्वाचनका क्रममा लैससास कार्यान्वयनमा कत्तिको ध्यान दिए भन्ने हर्ने ।
- स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दिइएको उम्मेदवारी, निर्वाचित प्रतिनिधि र समग्र निर्वाचन प्रक्रियालाई लैससासको नजरले विश्लेषण गर्ने ।
- निर्वाचित पदहरूमा बढीभन्दा बढी महिला, यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका तथा सीमान्तकृतको सहभागिता वृद्धि गर्न अपनाइनुपर्ने उपायहरूबारे सुझाव दिने ।

## १.४ अध्ययन पद्धति

यो प्रतिवेदन तयारीको मुख्य आधार निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन परिणाम नै हो । राज्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई व्यावहारिक बनाउन निर्माण गरेका नीति, कानुन तथा निर्वाचनसँग सम्बन्धित नीति, कानुन र त्यसमा पनि लैससासलाई प्राथमिकता दिइएका विषयमा यो अध्ययन केन्द्रित छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्बन्धी जानकारीहरू तथा यसअघि २०७४ मा सम्पन्न यस्तै निर्वाचनको नतिजाका आधारमा निर्वाचनहरू लैससासमैत्री भए/नभएको खोतल्ने प्रयास गरिएको छ । त्यसैगरी यी चुनावबीच तुलना गरिएको छ भने लैससासका हिसाबले देखिएका कमजोरी पनि औँल्याउने प्रयास भएको छ ।

यसबाहेक चुनावका सरोकारवाला मतदाता, उम्मेदवार, मतदान अधिकृत, विभिन्न विषयका विज्ञ/अधिकारकर्मी, निर्वाचन आयुक्त, जनगणना गराउने कार्यालय केन्द्रीय तथ्याङ्क विभागका जिम्मेवार पदाधिकारी आदिसँग पनि प्रत्यक्ष कुराकानी गरी अध्ययनमा समेटिएको छ । सञ्चार माध्यमबाट लिइएका केही जानकारी सम्बन्धित पक्ष/निकायबाट पुष्टि गरेर मात्र उल्लेख गरिएको छ ।

यसरी हेर्दा सम्पूर्ण जानकारी सङ्कलन, त्यसलाई सम्बन्धित पक्षबाट पुष्टि गराउने, सरोकारवाला तथा विज्ञ/अधिकारकर्मीसँग छलफल गर्ने, सन्दर्भ सामग्रीको अध्ययन तथा प्रतिवेदन तयारी यसको अध्ययन पद्धति बन्यो ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन स्थानीय तह सदस्य निर्वाचन र जिल्ला समन्वय समिति निर्वाचनमा मात्र केन्द्रित छ । विभिन्न नीति तथा कानुनमा समेटिएका विषयमध्ये लैससासमा मात्र जोड दिइएको छ । निर्वाचन कानुनहरूमा उल्लिखित विभिन्न प्रावधानमध्ये महिला, यौनिक अल्पसङ्ख्यक र सीमान्तकृतका लागि गरिएका व्यवस्थामा बढी ध्यान केन्द्रित गरिएको छ । उम्मेदवारी तथा विजयीहरूको लैससासका नजरले विश्लेषण गर्दा मुख्य दलहरूलाई मात्र आधार मानिएको छ । यसरी दल छनोट गर्दा मत परिमाण, प्रतिनिधित्व गर्ने भूगोल र उसले अँगालेको विचार समेट्ने प्रयास गरिएको छ । तराईको हकमा विश्लेषण गर्दा त्यहाँका मुख्य दल (प्राप्त मतका आधारमा) जनता समाजवादी पार्टी तथा लोकतान्त्रिक समाजवादी पार्टीलाई केन्द्रमा राखिएको छ ।

चुनावी विश्लेषण निर्वाचन आयोगको मूल तथ्याङ्कमा आधारित छ । तर खण्डीकृत तथ्याङ्कहरू भने निर्वाचन आयोगको सोलोडोलो तथ्याङ्कभित्रै आधारित रही अध्ययन गरिए पनि आयोग वा अन्य अध्ययनकर्ताको प्रस्तुतिसँग मेल नखान सक्छ । अध्ययन पद्धति, थर/जातमा कायम द्विविधा, भूगोलपिच्छे फरक पहिचान जस्ता कारण यो फरक देखिन सक्छ ।

## १.६ प्रतिवेदनको ढाँचा

यो प्रतिवेदनलाई १३ वटा परिच्छेदमा वर्गीकरण गरिएको छ । परिच्छेद १ मा परिचय र अध्ययन विधि उल्लेख छ । परिच्छेद २ मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को अवधारणादेखि यसको नेपाल साइनो के छ भन्नेसम्म समेट्न खोजिएको छ । परिच्छेद ३ मा निर्वाचित पदहरूमा महिला सहभागिताका लागि भएका व्यवस्थाबारे उल्लेख छ । परिच्छेद ४ मा स्थानीय तह सदस्य निर्वाचन २०७९ को नालीबेली प्रस्तुत छ, जसमा मतदाता नामावली सङ्कलनदेखि नतिजा प्रकाशनसम्मका विवरण उल्लेख छन् । परिच्छेद ५ मा निर्वाचित प्रतिनिधिबारे विवरण समावेश छ, जसमा प्रदेशगत आधारमा समेत नतिजा कस्तो आयो भनेर केलाउने प्रयास गरिएको छ ।

त्यसैगरी परिच्छेद ६ मा निर्वाचनमा लैससासलाई प्रभाव पारेका विषय उल्लेख छ, जसले कानुनको अपव्याख्यादेखि गठबन्धनसम्मले कसरी महिलालाई पछि धकेले भन्ने प्रस्ट पार्न खोजेको छ । परिच्छेद ७ मा स्थानीय निर्वाचनमा अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृतको उपस्थितिमाथि विश्लेषण छ, जसले यो निर्वाचनमा यौनिक अल्पसङ्ख्यक, दलित, मधेसी, लोपोन्मुख, एकल तथा अपाङ्गता भएका समुदाय र तिनमा पनि महिलाको उपस्थितिबारे

प्रस्ट्याउन खोजेको छ । परिच्छेद ८ मा निर्वाचनलाई लैससासमैत्री बनाउन राष्ट्रिय महिला आयोगले निर्वाह गरेको भूमिका उल्लेख छ । यो भागमा यस्तै अन्य आयोगले गरेका निर्वाचन लक्षित कार्यक्रम पनि समेटिएको छ ।

यसरी नै परिच्छेद ९ मा लैससास नजरमा निर्वाचन प्रक्रियाबारे उल्लेख छ, जसमा निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, मतदानस्थल, हिंसाको स्थितिबारे उल्लेख छ । परिच्छेद १० मा स्थानीय तह सदस्य निर्वाचन २०७४ बारे उल्लेख छ, जसमा अघिल्लो स्थानीय तह सदस्य निर्वाचनमा लैससासका दृष्टिले देखिएको परिदृश्य समावेश छ । परिच्छेद ११ मा लैससास नजरमा वर्तमान निर्वाचनको सिकाइबारे सामग्री प्रस्तुत गरिएको छ, जसमा वर्तमान निर्वाचनमा देखिएका कमजोरी र आगामी दिनमा सच्याउनुपर्ने क्षेत्र समावेश छ । परिच्छेद १२ मा विभिन्न निकायले चुनावका क्रममा गरेको पर्यवेक्षणमा लैससासबारे के भने भन्ने विषय उल्लेख छ । त्यसैगरी अन्तिम परिच्छेद अर्थात् १३ मा निर्वाचनलाई लैससासमैत्री बनाउन गरिनुपर्ने कामबारे सुझाव दिइएको छ, जसमा संविधान पालनादेखि कानुन संशोधन हुँदै मतदान केन्द्रहरू लैससासमैत्री हुनुपर्ने विषयसमेत समेटिएको छ ।

परिच्छेद

# २

# लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास)

# परिच्छेद २

# लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास)

## २.१ लैससास (लैङ्गिक समानता र सामाजिक समावेशीकरण) अवधारणा

फरक प्रजनन अङ्गहरू तथा प्रजनन भूमिकाका आधारमा जैविक तथा शारीरिक रूपले महिला वा पुरुष भनेर छुट्टिन्छ, जसलाई लिङ्ग भनेर बुझ्न सकिन्छ । महिला र पुरुषको भूमिका, जिम्मेवारी, सम्बन्ध सामाजिक परिवेशअनुसार फरक हुन्छन् । यिनैका आधारमा समाजले तोकिदिएको भूमिका चाहिँ लैङ्गिकता हो ।

यसरी हेर्दा लिङ्गका आधारमा कुनै पनि स्रोत/सुविधा बाँडफाँटमा पक्षपात नगर्ने र समानुपातिक तथा समुचित उपयोगको प्रबन्ध मिलाउने कुरा नै लैङ्गिक समानता हो । चाहे त्यो राज्यले उपलब्ध गराउने विषय होस् या कुनै संस्था वा निकायले, जसले समाजमा विद्यमान सनातनी सोच, प्रथा अनि दृष्टिकोणमा परिवर्तन माग गर्छ । र, व्यवहारमा त्यसको परिणाम खोज्छ ।

समाजले निर्धारण गरिदिएका भूमिका तथा कामका कारण तुलनात्मक रूपमा महिला पछि पारिएका छन् । यही कारण स्रोतमा पहुँच अभाव हुँदा उनीहरू समानताको दौडमा निकै पछि छन्, जसले हाम्रो परिवार, समाज हुँदै सिङ्गो मुलुकको शासकीय व्यवस्थालाई समेत असन्तुलित बनाएको छ । समाज विभेदयुक्त छ । यही खलबलिएको अवस्थालाई सन्तुलित तुल्याई लिङ्गका आधारमा कुनै पनि भेदभाव कायम नरहने अवस्था सिर्जनाका लागि लैङ्गिक समानता आवश्यक परेको हो ।

असन्तुलन लिङ्गका आधारमा मात्र छैन । नेपालमा १२५ जातजातिका मानिस बसोबास गर्छन् भने यहाँ बोलिने मातृभाषाको सङ्ख्या मात्र १२३ छ ।[२] यस अर्थमा नेपाल बहुजातीय, बहुभाषिक मुलुक हो, जसका आआफ्नै धर्म/संस्कृति छ भने भूगोलका आधारमा पनि विविधता छ । यसरी हेर्दा जातीय, धार्मिक, क्षेत्रीय, वर्गीय, यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका, एकल महिला/पुरुष आदि वर्ग/समुदायबीच पनि समाजमा सन्तुलन मिल्न सकेको छैन ।

[२] राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ

## दलित महिला भएकै कारण हराए[३]

म बैतडीको दशरथचन्द नगरपालिकामा एमालेबाट उपमेयरको उम्मेदवार बनेकी थिएँ। एमालेको जिल्ला उपसचिव थिएँ। त्यसैले मलाई उपमेयरमा उठ्नका लागि खासै दौडधुप गर्नुपरेन। नगरपालिकामा हाम्रो सङ्गठनको प्रभाव राम्रै थियो। त्यसैले विजयी हुनेमा ढुक्क थिएँ।

निर्वाचनको परिणाम आउँदा मेयरमा एमालेका पुष्करराज जोशीले ६,५८५ मत ल्याएर विजयी भए। उनका प्रतिद्वन्द्वी नेपाली कङ्ग्रेसका उम्मेदवारले ५,४२७ मत ल्याए। यहाँका ११ वडामध्ये ५ वटा वडामा एमालेको सेटै निर्वाचित भयो। एउटा वडामा भने वडाध्यक्ष र ३ जना सदस्य निर्वाचित भए। अर्को एउटामा वडाध्यक्ष र २ जना सदस्य निर्वाचित भए। यसरी ५७ सदस्यीय नगर कार्यपालिकामा ३२ जना अर्थात् स्पष्ट बहुमत ल्याउन मेरो पार्टी एमाले सफल भयो।

यसरी आफ्नै पार्टीले बहुमत ल्याउँदा र बहुमत वडासहित मेयर जित्दा पनि म भने खुसी हुन सकिनँ। किनकि मलाई हराइयो। मेरो ५४९५ मत आयो जब कि विजयी हुने नेपाली कङ्ग्रेसकी कुमारी कौशिला चन्दको ६१७० मत आयो। यसरी मेरै पार्टीको मेयरलाई आएको जति मत पनि दिइएन मलाई।

चुनावमा हार-जित स्वाभाविक हुन्छ, जसलाई स्वीकार गर्न सक्नुपर्छ। हो, यो कुरा मलाई पनि थाहा छ। तर मेरो हारको कारण विपक्षीको अत्यन्तै तुच्छ व्यवहार थियो। जसको जालोमा आफ्नै दलका मतदाता पनि परे। त्यसैले मैले यसलाई सहजै स्वीकार गर्ने वातावरण बनेन।

उनीहरूले चुनाव प्रचारका क्रममा मुख्य दुई विषय व्यापक रूपमा उठाए– पहिलो, यो दलित भएकाले हामीले बनाउने मन्दिर उद्घाटन गर्न लगाउन मिल्दैन, त्यसैले देउता रिसाउँछन्। अनि हाम्रो भलो हुँदैन। त्यसैले यिनलाई भोट दिँदा पाप लाग्छ। दोस्रो, यसले जिती भने भोलि उपमेयर जस्तो ठूलो कुर्सीमा बस्छे, त्यति बेला उसै त महिला, त्यसमाथि दलितलाई कसरी नमस्कार गर्ने ?

विपक्षीको यही प्रचार नै मेरो हारको मुख्य कारण बन्यो, जसलाई एमालेकै कतिपय कार्यकर्ताले समेत पत्याए।

**सरस्वती नेपाली**
*उपमेयरमा पराजित उम्मेदवार*
*दशरथचन्द नगरपालिका, बैतडी*

[३] २०७९ जेठ १५ गते गरिएको कुराकानीमा आधारित

राज्य र कुनै पनि सङ्गठित निकायले उपलब्ध गराउने सुविधा होस् या नीति निर्माण तहको प्रतिनिधित्व होस्, केही सीमित जाति, समुदाय, धार्मिक आस्था आदिका व्यक्तिको मात्र हालिमुहाली छ । त्यसैले वडाको भुइँ तहदेखि सङ्घको सर्वोच्च निकायसम्म बहिष्करणमा परेका सबै पक्षलाई समेट्नु आवश्यक छ । सामाजिक समावेशीकरणको अवधारणा यही उद्देश्यमा आधारित छ, जसलाई नेपाल सरकारले पनि स्वीकार गरेको छ र आफ्ना नीति, कानुन, घोषणा, कार्यक्रम आदिमार्फत सम्बोधनको प्रयास गर्दै आएको पनि छ ।

सरल रूपमा भन्दा वञ्चित समूहलाई मूल प्रवाहमा समेट्ने पहल नै सामाजिक समावेशीकरण हो, जसले उनीहरूलाई आजसम्म वञ्चित गराउने अवरोधहरू छिमोल्ने काम गर्छ र राज्यप्रदत्तलगायत सबै स्रोत/साधन, हक/अधिकार उपयोग तथा समानतामा आधारित सबै अभ्यास स्वस्फूर्त रूपमा गर्ने वातावरण तयार गर्छ । यस्तो अवस्था सिर्जना गर्ने काम भने राज्यले गर्छ ।

## २.२ नेपालमा लैससासको पृष्ठभूमि

ठ्याक्कै लैङ्गिक समानता र सामाजिक समावेशीकरण शब्द नै उल्लेख नभए पनि नेपालमा सन् १९७० मा यही अवधारणामाथि नेपाली महिलाको चासो जागेको पाइन्छ । यही चासो बढ्दै गएर समान अधिकार प्राप्तिको मागमा रूपान्तरण भएको देखिन्छ, जसले समानुपातिक प्रतिनिधित्वको सवाल उठाउनेदेखि सार्थक सहभागितासम्मको आवाज उठाइरह्यो । फलस्वरूप २०४६ सालको जनआन्दोलन अर्थात् त्यसको बलमा भएको प्रजातन्त्र पुनःस्थापनापछि लैससास अवधारणाले मूर्त रूप धारण गर्न सक्यो ।

खुकुलो राजनीतिक वातावरणका कारण त्यसपछि महिला मात्र नभई धार्मिक, यौनिक, जातीय, क्षेत्रीय, वर्गीय अल्पसङ्ख्यकहरू पनि अधिकारमा आधारित माग खुला रूपमै उठाउन थाले । त्यसपछिका राजनीतिक गतिविधिहरूले यी मागमा मलजल हालिरहे । अन्तर्राष्ट्रिय सन्धि/सम्झौता आदिले पनि बहिष्करणमा पर्दै आएकाहरूको माग पूरा गराउन उत्तोलकको भूमिका निर्वाह गऱ्यो ।

फलस्वरूप, नेपालले २०७२ सालमा जारी आफ्नो पछिल्लो संविधानमा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अङ्गीकार गऱ्यो, जसले विभेदरहित, न्यायपूर्ण समाज निर्माण गर्ने प्रतिबद्धता जाहेर गरेको छ । यो प्रतिबद्धता त्यस्तो जग हो जसलाई नपछ्याई कुनै पनि नीति, कानुन, कार्यक्रम, घोषणा आदि पूर्ण हुनै सक्दैनन् । त्यसैले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि यो व्यवस्था कोशेढुङ्गा सावित भएको छ । यसपछिका सबै नीति, ऐन, घोषणा, कार्यक्रम आदिमा लैससास अवधारणा समावेश गर्नैपर्ने बाध्यताको मुख्य कारक पनि यही व्यवस्था हो ।

संविधानगत रूपमा हेर्दा नेपाल सरकारको वैधानिक कानुन २००४ (जुन नेपालको पहिलो संविधान पनि हो) ले उमेर पुगेका सबैले मतदान गर्न पाउने व्यवस्था गरेको थियो । कतिपय देशमा महिलालाई मताधिकारबाट वञ्चित गरिएको अवस्थामा यो समान हकलाई राम्रो मान्न सकिन्छ । त्यसैगरी नेपाल अन्तरिम शासन विधान २००७ ले निर्वाचनका लागि मताधिकारीहरूको नामावली तयार गर्दा जाति, धर्म, वर्ण, लिङ्ग इत्यादिका आधारमा भेदभाव गर्न नपाइने उल्लेख गरेको थियो । यही जगमा विक्रम संवत् २०१० भदौ १७ गते भएको काठमाडौँ म्युनिसिपालिटीको निर्वाचनमा नेपाली महिलाले मताधिकार प्रयोग गरेका थिए र साधना प्रधान वडा नं. ८ बाट चुनाव जितेर नेपालको पहिलो महिला जनप्रतिनिधि बन्न सफल भएकी थिइन् ।[४] यसै क्रममा २०१५ सालमा संसदीय निर्वाचन भएको थियो । त्यसपछि गठित सरकारमा एक जना महिला द्वारिकादेवी ठकुरानी मन्त्री (स्वास्थ्य तथा स्वायत्त शासन उपमन्त्री) रहनुले नेपालको राजनीति महिलाप्रति त्यति अनुदार नरहेको पुष्टि हुन्छ, जसलाई नेपालको इतिहासमा पहिलो महिला मन्त्रीका रूपमा पढिन्छ ।

अञ्चल पञ्चायत ऐन, २०२० ले प्रत्येक अञ्चलमा गठन हुने अञ्चल सभामा अञ्चलस्तरीय महिला सङ्गठनबाट ३ जना, किसान सङ्गठनबाट ४ जना, युवक सङ्गठनबाट ४ जना, मजदुर सङ्गठनबाट २ जना र भूतपूर्व सैनिक सङ्गठनबाट २ जना तथा शास्त्री वा ब्याचलर्स डिग्री प्राप्त व्यक्तिमध्येबाट ४ जना मनोनीत गर्ने व्यवस्था गरेको थियो । त्यसैगरी राष्ट्रिय पञ्चायतमा गाउँ फर्क राष्ट्रिय अभियान समितिले १ जना महिला, नेपाल किसान सङ्गठनबाट ४ जना, नेपाल युवक सङ्गठनबाट ४ जना, नेपाल महिला सङ्गठनबाट ३ जना, नेपाल मजदुर सङ्गठनबाट २ जना र नेपाल भूतपूर्व सैनिक सङ्गठनबाट २ जना मनोनीत गर्ने व्यवस्था थियो । यसबाट प्रस्टिन्छ कि व्यवस्थासँग सम्बन्धित समितिहरूलाई केही हदसम्म भए पनि लैङ्गिक समावेशी गराउने प्रयास भएको थियो । चाहे त्यसले सबै पक्ष समेट्न किन नसकोस् ।

[४] निर्वाचन व्यवस्थामा लैङ्गिक तथा समावेशी नीति २०७७, निर्वाचन आयोग

## महिला भएकै कारण हराए[५]

मेरो वडाबाट वडाध्यक्षका लागि नेपाली कङ्ग्रेसबाट ८ जना सिफारिस भएका थिए, जसमध्ये पुरुष ७ जना थिए। पुरुष-पुरुषबीच झगडा परेर विवाद नमिलेपछि एकले अर्कालाई छाड्न तयार भएनन्। त्यसपछि उनीहरूको दोषामिचीले गर्दा बल्ल मेरो अवसर आयो।

चुनावमा उम्मेदवार त भएँ। तर मेरै टिमबाट सदस्यमा उठेका नरवीर ऐर ३८७, माहारी साउद ३५७, महिला सदस्यमा जानकीकुमारी ओझा ३८४ र दलित महिला सदस्यमा पार्वतीकुमारी बिक ३७६ मत ल्याएर विजयी हुँदा मलाई चाहिँ हराए। मेरो ३६८ मत आयो, जब कि प्रतिस्पर्धी नेकपा एमालेका डम्बर कार्कीले मात्र ६ मतले जिते। मेरो टिमका अन्य सदस्य जत्तिकै मत मात्र पाएको भए पनि म विजयी हुने थिएँ।

मैले एसएलसी पास गरेको छु। कुनै कुरामा कमी पनि छैन। तर मेरै दलका मानिसले 'यो आइमाईले केही गर्न सक्दिन' भनेर मलाई हराए। मलाई वडाध्यक्षको उम्मेदवारमा स्विकार्न बाध्य सातै जनाले चुनाव प्रचारमा पनि सघाएनन्। मतमा पनि सघाएनन्। मैले हारिसकेपछि पनि उनीहरूले एक फोन गरेर सान्त्वनासमेत दिएनन्। चुनावको नतिजा आएपछि समीक्षा बैठक भएको थियो। उनीहरूमध्ये कसैले पनि मेरो मुखमा राम्रोसँग हेर्नसमेत सकेनन्। यदि उनीहरूले मलाई सहयोग गरेका भए त किन त्यसो गर्थे र ?

**रमा साउद**
*पराजित वडाध्यक्षकी उम्मेदवार*
*शिखर नगरपालिका-५, डोटी*

२०४६ सालमा जनआन्दोलन भई प्रजातन्त्र पुनःस्थापना भएपछिको समयलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नजरमा 'फड्को'कै रूपमा व्याख्या गर्दा फरक पर्दैन। नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधिसभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक सङ्गठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था यसको प्रमाण हो। राष्ट्रियसभा सदस्य निर्वाचनमा कम्तीमा ३ जना महिला निर्वाचित गर्नुपर्ने व्यवस्थासमेत यसमा थियो .

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रस्तावनामै आफ्नो क्षेत्रको विकासका लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले

[५] २०७९ जेठ १५ गते गरिएको कुराकानीमा आधारित

पिछडिएका वर्गसमेतका समग्र जनताको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने उल्लेख छ।[६] यसअनुसार गाउँ विकास समिति र नगरपालिकाको वडा समितिहरूमा कम्तीमा १ जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो । सङ्ख्या थोरै नै किन नहोस्, लैङ्गिक तथा समावेशी प्रतिनिधित्वलाई व्यवहारमा उतार्ने यो राम्रो व्यवस्था थियो ।

यो ऐनले गाउँ परिषद्मा १ जना महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीमध्ये गाउँ परिषद्मा प्रतिनिधित्व हुन नसकेका गाउँ परिषद्को सदस्यका लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट गाउँ परिषद्द्वारा मनोनीत ६ जना व्यक्तिहरू सदस्य रहने, नगर परिषद्मा नगरपालिका क्षेत्रभित्रका महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीमध्ये नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका वर्गका नगर परिषद्को सदस्यका लागि चाहिने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नगर परिषद्द्वारा मनोनीत कम्तीमा ६ जना र बढीमा २० जना रहने व्यवस्था गऱ्यो । यसरी मनोनीत हुनेमध्ये कम्तीमा ४० प्रतिशत महिला हुनुपर्ने व्यवस्थासमेत यसमा थियो ।

जिल्ला परिषद्मा जिल्लाभित्रका १ जना महिलासहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीमध्ये जिल्ला परिषद्मा प्रतिनिधित्व हुन नसकेकामध्येबाट जिल्ला परिषद्द्वारा मनोनीत ६ जना सदस्य रहने व्यवस्था पनि गरियो । यी सबै व्यवस्थाको फलस्वरूप २०५४ सालको स्थानीय निकाय निर्वाचनबाट करिब २७ प्रतिशत महिला विजयी हुन सकेका थिए ।

मुलुकमा २००७ सालमा प्रजातन्त्र आयो । जहानियाँ राणाद्वारा खोसेर जनताको काँधमा आएको यो प्रजातन्त्र २०१७ सालमा खोसियो । अर्थात् यसको ठाउँमा राजाको प्रत्यक्ष नेतृत्वमा रहने पञ्चायत व्यवस्था लागु भयो, जुन २०४६ सालसम्म कायमै रह्यो । २०४६ सालको आन्दोलनले पुनःस्थापना गरेको प्रजातन्त्र २०६३ सालसम्म कायम रह्यो । त्यसपछि मुलुक 'गणतन्त्रात्मक' मा रूपान्तरण भयो । एकात्मक शासन व्यवस्था नै मुलुकको विकास र प्रगतिमा बाधक भएको निष्कर्षसहित मुख्य राजनीतिक दलहरू मुलुकको शासकीय संरचना परिवर्तन गर्ने निष्कर्षमा पुगे । फलस्वरूप मुलुक सङ्घीय संरचनामा गयो । त्यसैले २०६३ सालयताको समयावधिलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणका दृष्टिमा पृथक् ढङ्गले विश्लेषण गर्नु आवश्यक हुन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरू समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प व्यक्त गरिएको थियो । यसले समानुपातिक समावेशिताको सिद्धान्त अङ्गीकार गरेको छ, जसअन्तर्गत राज्यका सबै

[६] स्थानीय स्वायत्त शासन ऐन, २०५५

संरचनामा समानुपातिक प्रतिनिधित्वका लागि आरक्षणको समेत व्यवस्था गरियो । विक्रम संवत् २०६४ को संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक दलले समानुपातिक सूची निर्वाचन आयोगमा पेस गर्दा ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था गरियो । परिणामस्वरूप उक्त निर्वाचनमा ३३ प्रतिशत महिला प्रतिनिधि निर्वाचित भए ।[७]

निर्वाचन आयोगले पनि अन्तरिम संविधानको मर्मअनुरूप आफ्ना गतिविधि सञ्चालन गरिरहेको देखिन्छ, जसअनुसार संविधानसभा सदस्य निर्वाचन, २०६४ सञ्चालन तथा व्यवस्थापनमा जनशक्ति परिचालन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने नीति अख्तियार गरेको थियो । सो निर्वाचनमा निर्वाचन तथा मतदाता शिक्षाका सामग्रीहरू लैङ्गिकमैत्री तथा समावेशी ढङ्गले तर्जुमा गरिएको थियो, जसलाई २०७० को संविधानसभा सदस्य निर्वाचनका क्रममा समेत निरन्तरता दिइएको थियो ।

निर्वाचन आयोगले निर्वाचन र राजनीतिमा लैङ्गिक र समावेशी समूहको सहभागिता वृद्धि गर्ने उद्देश्यले लैङ्गिक तथा समावेशीकरण नीति, २०७० कार्यान्वयनमा ल्याएको छ, जसअनुसार संविधानमा उल्लिखित प्रावधानहरूअनुसार निर्वाचनका सबै प्रक्रियामा महिला तथा समावेशी समूहको सहभागितालाई प्राथमिकता दिँदै आएको छ ।

## २.३ लैसासम्बन्धी महत्त्वपूर्ण संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाहरू

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तअनुरूप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने भनेको छ, जसअन्तर्गत महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने, पैतृक सम्पत्तिमा सबै सन्तानको समान हक हुने, समान कामका लागि पारिश्रमिकमा भेदभाव नगरिने, सामाजिक सुरक्षामा भेदभाव नहुने जस्ता प्रावधान उल्लेख गरेको छ ।

त्यसैगरी महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने पनि उल्लेख गरेको छ ।[८] यो व्यवस्थाअन्तर्गत पीडकलाई सजाय मात्र हुँदैन, पीडितले क्षतिपूर्ति पाउने हकसमेत उल्लेख छ । विभिन्न अन्तर्राष्ट्रिय सन्धि/सम्झौता आदिमा नेपालले गरेको प्रतिबद्धताअनुरूप राष्ट्रिय महिला आयोग स्थापना भएको छ, जुन संवैधानिक निकायका रूपमा कार्यरत छ ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ नेपाल सरकारले संविधानमा उल्लेख भएको लैङ्गिक प्रावधानहरू कार्यान्वयनलाई प्रभावकारी बनाउन, पन्ध्रौं योजनाका लक्ष्य एवम् उद्देश्य हासिल

---

[७] निर्वाचन व्यवस्थामा लैङ्गिक तथा समावेशी नीति २०७७, निर्वाचन आयोग

[८] महिलाको हक, धारा ३८, नेपालको संविधान

गर्न तथा दिगो विकासका लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउने उद्देश्यले जारी गरेको महत्त्वपूर्ण दस्तावेज हो । यसले नेपालले गरेका लैङ्गिक समानतासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न, लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न, सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था जस्ता सबै क्षेत्रमा लैङ्गिक संवेदनशील व्यवहार विकास गर्न समन्वय गर्ने उद्देश्य राखेको छ ।

लैङ्गिक समानतायुक्त राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको यो नीतिले आफ्नो उद्देश्य पूर्तिका लागि ६ वटा रणनीति पनि तयार पारेको छ । यसरी तयार पारिएका रणनीतिलाई व्यावहारिक तुल्याउन प्रत्येक रणनीतिअन्तर्गत नीति तथा कार्यनीति तय गरिएका छन् ।[१] यो नीति कार्यान्वयनका लागि कानुनी व्यवस्था मिलाइने, अनुगमन तथा मूल्याङ्कन गरिनेसमेत व्यवस्था छ भने सम्भावित जोखिम न्यूनीकरण योजना र त्यसको न्यूनीकरणका उपायसमेत सोचिनु यो नीतिको गतिलो पक्ष मान्न सकिन्छ ।

पन्ध्रौं आवधिक योजना (हाल कार्यान्वयनमा रहेको) ले लैङ्गिक समतामूलक राष्ट्र निर्माण गर्ने सोच राखेको छ । लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने यो योजनाको उद्देश्यबमोजिम शिक्षा, सम्पत्ति, राजनीति, स्वास्थ्य जस्ता क्षेत्रमा लैङ्गिक प्रतिनिधित्व क्रमशः वृद्धि हुँदै गएको छ । सँगै अल्पसङ्ख्यक समुदायको अधिकार संरक्षण तथा लैङ्गिक हिंसा न्यूनीकरणका लागि पनि विभिन्न प्रयास हुँदै आएका छन् ।

निर्वाचन आयोगले पनि आफ्नो दीर्घकालीन सोच 'स्वच्छ, स्वतन्त्र, विश्वसनीय एवं मितव्ययी निर्वाचन'लाई सार्थकता दिन निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ कार्यान्वयनमा ल्याएको छ, जसअन्तर्गत निर्वाचनका सबै विधि, प्रक्रिया र चरणमा लैङ्गिक एवं समावेशी सवालहरूलाई सम्बोधन गर्दै जाने उल्लेख छ ।

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिकरूपले पछाडि परेका विभिन्न लक्षित वर्गहरू दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रका नागरिक, आर्थिक रूपले विपन्न खस/आर्य आदिलाई राज्यका निकायमा सहभागी हुन पाउने हकलाई निर्वाचनको माध्यमबाट कार्यान्वयनमा लैजाने उद्देश्यले तयार पारिएको आयोगको भनाइ छ, जसअनुसार शासन प्रणालीलाई लैङ्गिक समानता तथा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधिमूलक बनाउन मुलुकको बहुलतायुक्त सामाजिक स्वरूपलाई अवसरका रूपमा ग्रहण गरी निर्वाचनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमका रूपमा अङ्गीकार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

[१] राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## २.४ उपलब्धिको कसीमा लैससास

उल्लिखित यावत् प्रयासका बाबजुद राजनीति तथा सामाजिक क्षेत्रहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले प्रगति भएका छन् । नीतिगत तथा कानुनी हिसाबले मात्र होइन, व्यावहारिक हिसाबमा पनि नतिजा सकारात्मक देखिँदै आएका छन् । जस्तो– नेपालको संविधानले सबै नागरिक कानुनको दृष्टिमा समान हुने, सामान्य कानुन प्रयोगमा कुनै नागरिकप्रति भेदभाव नगरिने तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने उल्लेख गरेको छ ।

त्यसैगरी यो संविधानले महिला, दलित, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिलगायत लक्षित वर्ग, क्षेत्र, जातजाति र समुदायका नागरिकलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ, जसले समाज र राज्यका सबै तहलाई लैससासमैत्री बनाउन बाध्य गराउनेछ । भनाइको मतलब, मुलुकलाई लैससास अवधारणाअनुरूप अघि बढाउने सवालमा राज्य उदार छ । मात्र यसको कार्यान्वयनमा तदारुकता आवश्यक छ ।

संविधानमै समलिङ्गतालाई कानुनी मान्यता दिने र एलजिबिटिआई प्लस व्यक्तिहरूको अधिकार संरक्षण गर्ने दक्षिण एसियामै नेपाल मात्र हो । त्यसैले नेपालको यो कामलाई छिमेकी राष्ट्रमा यौनिक अल्पसङ्ख्यकको अधिकारका लागि काम गर्ने व्यक्ति/निकायले उनीहरूका सरकारसामु उदाहरणका रूपमा पेस गर्ने गरेका छन् ।

संवैधानिक व्यवस्था र तीअनुरूप बनेका कानुनहरूकै परिणाम हो कि विक्रम संवत् २०७४ सालमा सम्पन्न तीनै तहका निर्वाचनमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व उल्लेखनीय रह्यो । विक्रम संवत् २०७९ को स्थानीय तह निर्वाचनमा पनि केही कमी/कमजोरीका बाबजुद लैससासका दृष्टिले परिणाम सुधारोन्मुख देखिएको छ, जसलाई तलका परिच्छेदहरूमा उल्लेख गरिएको छ ।

परिच्छेद

# ३

# निर्वाचित पदहरूमा महिला सहभागिताका लागि भएका व्यवस्था

# परिच्छेद ३

# निर्वाचित पदहरूमा महिला सहभागिताका लागि भएका व्यवस्था

## ३.१ निर्वाचित पदहरूमा महिलाको सहभागिताका लागि भएका संवैधानिक र कानुनी व्यवस्था

### नेपालको संविधान

(१) **ऐन**

निर्वाचन आयोग ऐन, २०७३

मतदाता नामावली ऐन, २०७३

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३

स्थानीय तह निर्वाचन ऐन, २०७३

निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३

राजनीतिक दलसम्बन्धी ऐन, २०७३

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४

प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४

प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४

राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५

(२) **नियमावली**

मतदाता नामावलीसम्बन्धी नियमावली २०६८

निर्वाचन आयोग नियमावली, २०७३

स्थानीय तह निर्वाचन नियमावली, २०७३

राजनीतिक दलसम्बन्धी नियमावली, २०७४

प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४

प्रदेशसभा सदस्य निर्वाचन नियमावली, २०७४

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी नियमावली, २०७४

राष्ट्रियसभा सदस्य निर्वाचन नियमावली, २०७६

### (३) आचारसहिता

निर्वाचन आचारसंहिता, २०७२

स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३

राष्ट्रिय पर्यवेक्षकका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७३

राष्ट्रिय पर्यवेक्षकका लागि प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७४

निर्वाचन आयोगका पदाधिकारीहरूको आचारसंहिता, २०७७

निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७७

### (४) निर्देशिका

निर्वाचन आयोग (मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम) निर्देशिका २०६८

स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३

स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३

स्थानीय तह पर्यवेक्षण निर्देशिका, २०७३

स्थानीय तह निर्वाचन निर्देशिका २०७३

स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३

स्थानीय तह निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका २०७३

स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४

स्थानीय तह निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४

स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४

स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४

गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४

मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४

| |
|---|
| प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ |
| प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन कसुर तथा सजाय निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा सदस्य निर्वाचन आचारसंहिता अनुगमन, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४ |
| राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४ |
| राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन (मतगणना) निर्देशिका, २०७४ |
| स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७६ |
| प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७६ |
| उपनिर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७६ |
| राष्ट्रियसभा सदस्य निर्वाचन निर्देशिका, २०७६ (दोस्रो संशोधन २०७८/१/३०) |
| राष्ट्रियसभा सदस्य निर्वाचन निर्देशिका, २०७८ (तेस्रो संशोधन २०७८/९/२२) |

### (५) **कार्यविधि**

| |
|---|
| निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि, २०७६ |
| उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६ |
| राष्ट्रियसभा सदस्य निर्वाचन (आर्थिक) कार्यविधि, २०७६ |
| मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ |

### (६) नीति

| |
|---|
| स्थानीय तह पर्यवेक्षण नीति, २०७३ |
| प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन पर्यवेक्षण नीति, २०७४ |
| निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ |
| निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७ |
| निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ |

### (७) स्थानीय तह निर्वाचन, २०७९ सँग सम्बन्धित निर्देशिकाहरू

| |
|---|
| स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका २०७८ |
| निर्वाचन अनगुमन निर्देशिका, २०७८ |
| निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ |
| स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ (दोस्रो संशोधन) |
| निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ |
| निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ |
| निर्वाचन तालिम निर्देशिका, २०७८ |
| स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८ |
| स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८ |
| स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ |
| स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९ |
| स्थानीय तह निर्वाचन (मतगणना) (पहिलो संशोधन) निर्देशिका २०७९ |
| मतगणना निर्देशिका दोस्रो संशोधन |
| स्थानीय तह निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७९ |
| स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि २०७९ |
| स्थानीय तह निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७९ |
| निर्वाचन आचारसंहिता कार्यान्वयन कार्यविधि, २०७९ |
| निर्वाचन पर्यवेक्षण (पहिलो संशोधन) निर्देशिका, २०७९ |
| स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ |
| गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७८ (पहिलो संशोधनसहित) |
| जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७८ (दोस्रो संशोधनसहित) |

## ३.२ नेपालको संविधानमा भएका मुख्य व्यवस्था

१. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने : संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने ।

२. सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने १ सय १० सदस्य । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने ।

३. प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ जना दलित र १ जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित ८ जना गरी निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा १ जना महिलासहित ३ जना ।

४. प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये १ जना महिला हुने । राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये १ जना महिला हुने ।

५. समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने ।

६. प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये १ जना महिला हुने गरी गर्नुपर्ने र प्रदेशसभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्ने ।

७. गाउँसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्यसमेत गाउँ कार्यपालिकाको सदस्य हुने ।

८. नगरसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने ।

९. जिल्ला सभाले १ जना प्रमुख, १ जना उपप्रमुख, कम्तीमा ३ जना महिला र कम्तीमा १ जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने ।

१०. गाउँसभामा गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष, वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित ४ जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिका सदस्य रहने ।

११. गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा २ जना महिलाको प्रतिनिधित्व हुने । १२. नगरसभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित ४ सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहने ।

१३. नगरसभामा प्रत्येक वडाबाट कम्तीमा २ महिलाको प्रतिनिधित्व हुने ।

## ३.३ राजनीतिक दलसम्बन्धी ऐन, २०७३

दलको सङ्गठनात्मक संरचनामा विधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुनेगरी आफ्ना सदस्यहरूमध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुपर्ने । दलको सबै तहको समितिमा कम्तीमा एकतिहाइ महिला सदस्य हुने व्यवस्था गर्नुपर्नेछ ।

## ३.४ प्रतिनिधिसभा निर्वाचनसम्बन्धी ऐन, २०७४

प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने । समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्धारण गरिएको कुल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा कम सिट प्राप्त गर्ने दलले कम्तीमा एकतिहाइ महिला निर्वाचित हुने गरी यथासम्भव अन्य समावेशी आधारसमेत मिलाई निर्वाचित हुने उम्मेदवारको सूची पठाउनुपर्ने । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा धरौटी रकम ५० प्रतिशत छुट हुनेछ ।

## ३.५ प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४

प्रदेशसभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत उम्मेदवार महिला रहने गरी नाम समावेश गर्नुपर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याका आधारमा यथासम्भव दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसङ्ख्यक समुदायसमेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम तयार गर्नुपर्नेछ । दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नुपर्नेछ ।

दलले प्राप्त गर्ने सिट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट प्रदेशसभामा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्यासमेत यकिन गरी

सम्बन्धित दललाई जानकारी गराउनुपर्नेछ । दलले निर्वाचित हुने उम्मेदवारको सूची पेस गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याका आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रमअनुसार सूची पेस गर्नुपर्नेछ ।

## ३.६ स्थानीय तह निर्वाचन ऐन, २०७३

निर्वाचन प्रणालीमा गाउँपालिका वा नगरपालिकाको वडा समितिमा १ जना दलित महिलासहित २ वडा सदस्य र २ वडा सदस्यको निर्वाचनमा सबैभन्दा बढी मत ल्याउने २-२ जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने । गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यका लागि सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले आफूमध्येबाट गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने ५ जना निर्वाचित हुने निर्वाचन प्रणालीका आधारमा गोप्य मतदानद्वारा निर्वाचन गरिने ।

### स्थानीय तहको सङ्ख्या

महानगरपालिका : **६**

उपमहानगरपालिका : **११**

नगरपालिका : **२७६**

गाउँपालिका : **४६०**

जम्मा : **७५३**

जिल्ला समन्वय समितिका लागि सम्बन्धित जिल्लासभाका सदस्यले सम्बन्धित जिल्लाभित्रका गाउँसभा वा नगरसभाका सदस्यहरूमध्येबाट १ जना प्रमुख, १ जना उपप्रमुख, कम्तीमा ३ महिला र कम्तीमा १ दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई निर्वाचित गर्ने । उम्मेदवार मनोनयन गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्ने व्यवस्था मिलाउनुपर्ने । उम्मेदवार मनोनयन गर्दा महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा ५० प्रतिशत धरौटी छूट हुने ।

परिच्छेद

# ४

# स्थानीय तह सदस्य निर्वाचन २०७९

# परिच्छेद ४

# स्थानीय तह सदस्य निर्वाचन २०७९

## ४.१ नामावली सङ्कलन

मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ ले बालिग मताधिकारका आधारमा हुने निर्वाचनका लागि १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम मतदाता नामावलीमा समावेश गरी मतदाता हुन पाउने सुनिश्चितता गरेको छ। यही आधारमा निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन नियमित रूपमा गर्ने गर्छ।

निर्वाचन मिति घोषणा भइसकेपछि भने मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य रोक्नुपर्ने कानुनी व्यवस्था छ। त्यसैले २०७८ माघ २५ गते २०७९ वैशाख ३० गते स्थानीय तहका सदस्यको निर्वाचन हुने मिति घोषणा भएकाले नियमित मतदाता सङ्कलन कार्य रोकिएको थियो। त्यसपछि निर्वाचन आयोगले अन्तिम मतदाता नामावली अद्यावधिक गर्ने कार्य थालेको थियो।

**स्थानीय तह सदस्य निर्वाचन २०७९**

मतदान केन्द्र : **२१९५५**

मतदानस्थल : **१०,७५६**

मतदानमा भाग लिन दर्ता भएका दल : **७९**

जिल्लामा सहभागी दलहरू : **११ देखि ४६ ओटासम्म**

निर्वाचनमा परिचालित कर्मचारी : **१,०९,०८८**

स्वयंसेवक : **६५,८६५**

प्रतिबुथ कर्मचारी : **७ देखि ८ जनासम्म**

पर्यवेक्षणका लागि अनुमति लिएका निकाय : **६८**

यसअघि मतदानका लागि योग्य हुने वा १८ वर्ष उमेर पूरा हुने मिति निर्वाचनको मिति घोषणा गरेको दिनलाई मानिन्थ्यो। तर यस पटकको निर्वाचनमा भने मतदान हुने अघिल्लो दिन अर्थात् २०७९ वैशाख २९ गतेलाई मानियो। यसो गर्दा थप करिब २ लाख जनाले मतदान गर्ने वातावरण बनेको निर्वाचन आयोगको भनाइ छ। यसरी हेर्दा नेपाली नागरिकता लिएका (कानुनअनुसार १६ वर्ष पुगेपछि लिन सकिन्छ) र १८ वर्ष पूरा भएका सबैलाई विनाभेदभाव मतदाता नामावलीमा समावेश गराइएको थियो।

## ४.२ उम्मेदवारी दर्ता

यो निर्वाचन ३५,२२१ पदका लागि गरिएको थियो, जसमा विभिन्न दलका तर्फबाट १,३५४० ९ जनाले उम्मेदवारी दिए । दलबाहेक स्वतन्त्रबाट ९,६७४ जनाको उम्मेदवारी दर्ता भयो । यसरी दलका तर्फबाट उम्मेदवारी दिने क्रममा पालिका प्रमुखका लागि ६ प्रतिशत महिलाको मात्र उम्मेदवारी पऱ्यो । त्यसैगरी वडाध्यक्षका लागि ३ प्रतिशत महिलाको मात्र उम्मेदवारी पऱ्यो भने अन्य सदस्यका लागि मात्र ५ प्रतिशत महिलाको उम्मेदवारी पऱ्यो । उपप्रमुखमा भने ७४ प्रतिशत महिलाको उम्मेदवारी परेको थियो ।

### विभिन्न पदमा परेका उम्मेदवारी

| पद | पुरुष | महिला | जम्मा | महिला प्रतिशत | दलका उम्मेदवार | स्वतन्त्र | स्वतन्त्रको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| मेयर/अध्यक्ष | ५९४९ | ३८४ | ६३३३ | ६ | ४२३० | २१०३ | ३३ |
| उपमेयर/उपाध्यक्ष | १०५५ | ३०८० | ४१३५ | ७४ | ३५९४ | ५४१ | १३ |
| वडाध्यक्ष | ३१५७८ | ९४८ | ३२५२६ | ३ | २८२२७ | ४२९९ | १३ |
| महिला सदस्य | ० | २५६०९ | २५६०९ | १०० | २५०३६ | ५७३ | २ |
| दलित महिला सदस्य | ० | २३२८७ | २३२८७ | १०० | २२८९१ | ३९६ | २ |
| अन्य सदस्य | ५०७८२ | २४११ | ५३१९३ | ५ | ५१४३१ | १७६२ | ३ |
| **जम्मा** | ८९३६४ | ५५७१९ | १४५०८३ | ३८ | १३५४०९ | ९६७४ | ७ |

## ४.३ कुन पदमा कुन दलका कति महिला उम्मेदवार ?

नेकपा एमालेले नगरपालिका प्रमुखमा २९० जना उठाउँदा महिला २७ जना मात्र परे । त्यसैगरी उपप्रमुखमा २८५ जना उठाउँदा भने महिला २५९ जना परे । यसैगरी गाउँपालिका अध्यक्षमा ४४६ जना उठाएकामा महिला २८ जना मात्र थिए । उपाध्यक्षमा चाहिँ ४४५ जनामध्ये महिला ४१० जना थिए । यो दलले ६,५०६ जना वडाध्यक्ष उठाएकामा महिलाको सङ्ख्या ११८ मात्र थियो । यसरी नै वडा सदस्यमा १२,८२७ जना उठाएकामा महिला ५४१ जनामात्र (बाध्यकारीबाहेक) रहे । यसरी यो दलले ३३,३६८ उम्मेदवार उठाउँदा जम्मा महिला १३,९५२ जना उठायो, जसमा ऐनले नै बाध्यकारी बनाएको महिला सदस्य ६,३८४ जना थिए भने दलित महिला सदस्य ६,१८५ जना थिए । यो सङ्ख्या घटाउँदा एमालेले स्थानीय निर्वाचन २०७९ मा विभिन्न पदमा उठाएका महिलाको सङ्ख्या १,३८३ जना हुन आउँछ । यसरी हेर्दा एमालेले यो चुनावमा उठाएका महिलाको प्रतिशत ४१.८१ हुन आउँछ । बाध्यकारी पदबाहेक अन्य पदमा उठाएका महिलाको प्रतिशत भने ४.१४ मात्र हुन आउँछ ।

नेपाली कङ्ग्रेसले नगरपालिका प्रमुखमा २६५ जना उठाएकामा महिला १२ जना थिए। उपप्रमुख २११ उठाएकामा महिला १८० जना थिए। त्यसैगरी गाउँपालिका अध्यक्षमा ३८२ जना उठाएकामा महिला १९ जना थिए भने उपाध्यक्ष ३५९ उठाएकामा महिला २९२ जना थिए। यो दलले वडाध्यक्ष ६,१३२ जना उठाएकामा महिला ८० जना मात्र परे। यसरी नै सदस्यमा (बाध्यकारीबाहेक) १२,०९२ जना उम्मेदवारी दिएकामा महिला ३८२ जना मात्र थिए। यसरी यो दलले ३१,३२३ उम्मेदवार उठाउँदा महिला १२,८४७ जना थिए। जसमध्ये ऐनले नै बाध्यकारी तुल्याएको दलित महिला ५,८०९ र महिला सदस्य ६,०७३ घटाउँदा महिला उम्मेदवारको सङ्ख्या ९६५ जना हुन आउँछ। यी सबै तथ्याङ्क विश्लेषण गर्दा नेपाली कङ्ग्रेसले स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उम्मेदवार बनाएका महिलाको प्रतिशत ४१.१३ हुन आउँछ। बाध्यकारीबाहेक अन्य पदमा उठाएका महिलाको प्रतिशत भने ३.०८ मात्र हुन आउँछ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले नगरपालिका प्रमुखमा उम्मेदवारी दिएका १७४ जनामध्ये महिलाको सङ्ख्या १८ छ। उपप्रमुखमा उठाएका २१४ मध्ये महिला १३० जना थिए। यसैगरी गाउँपालिका अध्यक्षमा यो दलबाट २९० जनाले उम्मेदवारी दिएकामा महिला २९ छन् भने उपाध्यक्षमा ३१५ जनाले उम्मेदवारी दिएकामा महिला २०३ जना छन्। वडाध्यक्षमा उम्मेदवारी दिएका ४,४२८ जनामध्ये महिला ९१ जना छन्। सदस्य (बाध्यकारीबाहेक) मा ८,६८१ जना उम्मेदवार रहेकामा महिला ३९९ जना छन्। यो दलले विभिन्न पदमा गरी २२,१७३ जना उठाउँदा महिलाको सङ्ख्या ८,९४१ छ। यो सङ्ख्यामा कानुनले नै बाध्यकारी बनाएको दलित महिला उम्मेदवार ४,१७० र महिला सदस्य ३,९०१ घटाउँदा अन्य महिला उम्मेदवारको सङ्ख्या ८७० हुन आउँछ। यसरी विश्लेषण गर्दा यो दलले स्थानीय निर्वाचन २०७९ मा दिएको उम्मेदवारीमा महिलाको प्रतिशत ४०.३२ हुन आउँछ। बाध्यकारीबाहेकका पदमा उठाएका महिलाको प्रतिशत भने ३.९२ हुन आउँछ।

### प्रमुख दलहरूले विभिन्न पदमा दिएका महिला उम्मेदवारी

| दल | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडाध्यक्ष | सदस्य | महिला प्रतिशत (बाध्यकारी पदसमेत) |
|---|---|---|---|---|---|
| नेकपा एमाले | ५५ | ६६९ | ११८ | ५४१ | ४१.८१ |
| नेपाली कङ्ग्रेस | ३२ | ४७२ | ८० | ३८२ | ४१.१३ |
| नेकपा (माओवादी केन्द्र) | ४७ | ३३३ | ९१ | ३९९ | ४०.३२ |
| जनता समाजवादी पार्टी, नेपाल | २४ | २४० | ६५ | १५० | ३८.७५ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ४० | ३८० | १२१ | २३६ | ३६.१४ |

जनता समाजवादी पार्टी, नेपालले नगरपालिका प्रमुखमा १५९ जना उठाउँदा महिला १४ जना परे। उपप्रमुखमा १३८ जना उठाउँदा महिला ११० जना परे। त्यसैगरी गाउँपालिका अध्यक्षमा

यो दलले १८९ जना उठाएको थियो जसमा महिला १० जना थिए । उपाध्यक्षमा १५६ जना उठाएकामा महिला १३० जना थिए । यो दलले वडाध्यक्ष २,०६९ जना उठाएको थियो जसमा महिला ६५ जना थिए । त्यसैगरी सदस्य (बाध्यकारीबाहेक) ५,७५८ जना उठाएकामा महिला १५० जना थिए । यो दलले ९,४०२ जना उम्मेदवार उठाएकामा महिला ३,६४४ जना थिए । यो सङ्ख्यामा कानुनले नै उठाउन बाध्य पारेको महिला सदस्य १,६७९ जना र दलित महिला सदस्य १,४८६ घटाउँदा ४७९ हुन आउँछ । यसरी हेर्दा यो दलले स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उठाएका महिलाको प्रतिशत ३८.७५ हुन आउँछ । बाध्यकारीबाहेकका पदमा उठाएका महिलाको प्रतिशत भने ५.०९ हुन आउँछ ।

## स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दलहरूले उठाएका महिलाको प्रतिशत (बाध्यकारी पदबाहेकमा)

| एमाले | कङ्ग्रेस | माओवादी | जसपा | राप्रपा |
|---|---|---|---|---|
| ४.१४ | ३.०८ | ३.९२ | ५.०९ | ६.१५ |

राष्ट्रिय प्रजातन्त्र पार्टीले नगरपालिका प्रमुखमा २५० जना उठाएकामा महिलाको सङ्ख्या २६ थियो । उपप्रमुखमा २२९ जना उठाएकामा महिला १९७ जना थिए । गाउँपालिका अध्यक्षमा यो दलले २९२ जना उठाएको थियो, जसमा महिला १४ जना थिए । उपाध्यक्षमा उठाएका २०४ जनामध्ये महिला १८३ जना थिए । यो दलले वडाध्यक्षमा उठाएका ३,१५६ जनामध्ये महिला १२१ जना थिए । सदस्यमा उठाएका ४,७०४ जनामध्ये महिला २३६ जना थिए । यो दलले स्थानीय निर्वाचन २०७९ मा १२,६२० जना उठाएका महिलाको सङ्ख्या ४,५६२ थियो । यसमा कानुनले नै उठाउन बाध्य बनाएको महिला सदस्य २,१२३ जना र दलित महिला सदस्य १,६६२ जना घटाउँदा अन्य महिला उम्मेदवारको सङ्ख्या ७७७ हुन आउँछ । यसरी हेर्दा यो दलले उठाएका महिलाको प्रतिशत समग्रमा ३६.१४ हुन आउँछ भने बाध्यकारी पदबाहेकमा दिइएको महिला उम्मेदवारको प्रतिशत ६.१५ हुन आउँछ ।

यसरी विश्लेषण गर्दा तथ्याङ्कहरूले पुष्टि गरेका छन् कि, दलहरू महिलालाई निर्वाचनमार्फत अघि सार्ने कुरामा उदार छैनन् । मुख्य दलहरूले दिएका महिला उम्मेदवारी हेर्दा सबैभन्दा बढी नेकपा एमालेले ४१.८१ प्रतिशत दिएको देखिन्छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले ३६.१४ प्रतिशत देखिन्छ । समग्रमा हेर्दा यो प्रतिशत राम्रो हो । तर यसमा बुझ्नुपर्ने कुरा चाहिँ के हो भने महिला उम्मेदवारको सङ्ख्या यति बढ्नुमा दलहरू लैङ्गिकमैत्री भएर होइन, कानुनले नै बाध्यकारी बनाएको दलित महिला सदस्य र महिला सदस्य उठाउनैपर्ने अवस्था मुख्य कारण हुन् । दलहरूले महिलालाई दिएका प्राथमिकता बाँकी पदमा उनीहरूले महिलालाई दिएका स्थानले नै पुष्टि गर्छ, जसमा राष्ट्रिय प्रजातन्त्र पार्टीले ६.१५ प्रतिशत स्थान दियो भने नेपाली कङ्ग्रेसले मात्र ३.०८ प्रतिशत । स्मरणीय छ, स्थानीय निर्वाचन २०७९ मा सबै भन्दा बढी सिट नेपाली कङ्ग्रेसले नै ल्याएको छ ।

### स्थानीय तहमा निर्वाचन भएको पद र सङ्ख्या

| | |
|---|---|
| मेयर/अध्यक्ष | ७५३ |
| उपमेयर/उपाध्यक्ष | ७५३ |
| वडाध्यक्ष | ६७४३ |
| महिला सदस्य | ६७४३ (कानुनी रूपमै बाध्यात्मक) |
| दलित महिला सदस्य | ६७४३ (कानुनी रूपमै बाध्यात्मक) |
| अन्य वडा सदस्य | १३४८६ |
| जम्मा | ३५,२२१ |

## ४.४ जातिगत आधारमा

चुनावमा कति उम्मेदवार थिए, उनीहरूको लिङ्ग के थियो, धर्म के थियो, जात के थियो जस्ता विवरण खुल्ने कागजात भनेको मनोनयनपत्र नै हो। यस्तो मनोनयनपत्रमा उल्लेख भएको विवरणका आधारमा उम्मेदवारको व्यक्तिगत विवरण थाहा हुन्छ। तर स्थानीय तह सदस्य निर्वाचन २०७९ का क्रममा उम्मेदवारले भर्नुपर्ने मनोनयनपत्रमा जातजाति उल्लेख गर्नुपर्ने व्यवस्था थिएन। त्यसैले उम्मेदवारमध्ये को/को कुन जात/जातिबाट थिए भन्ने खुल्दैन।

**स्थानीय तह निर्वाचन २०७९**

जम्मा मतदाता : **१७७३३७२३**

महिला मतदाता : **८७४१५३०**

महिला मतदाता प्रतिशत : **४९.३**

पुरुष मतदाता : **८९९२०१०**

पुरुष मतदाता प्रतिशत : **५०.७**

अन्य मतदाता : **१८३**

अन्य मतदाता प्रतिशत : **0.00१**

*(**नोट** : समग्र जनसङ्ख्यामा महिला बढी भए पनि मतदाता भने पुरुष बढी छन्।)*

## ४.५ उमेरका आधारमा

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा सबैभन्दा बढी उम्मेदवार ३६ देखि ५० वर्ष उमेरका छन् । यो उमेर समूहबाट विभिन्न पदमा पुरुष ३९,६६९ जना उम्मेदवार बनेका छन् भने महिला उम्मेदवार पनि यही समूहका बढी छन् । उनीहरूको सङ्ख्या चाहिँ २७,४९३ छ । त्यसपछि दोस्रोमा २१ देखि ३५ वर्ष उमेर समूहबाट छन् । यो समूहका पुरुष १८,७८० जना उम्मेदवार भएका छन् भने महिलाचाहिँ १६,४८७ जना उम्मेदवार बनेका छन् । यसैगरी ६५ वर्षभन्दा माथिका ४,३५० जना पुरुष उम्मेदवार बनेका थिए भने यो समूहबाट उम्मेदवार बन्ने महिला चाहिँ १,१७७ जना थिए ।

### स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भएकाहरूको उमेरगत विवरण

| पद | कुल उम्मेदवार | २१-३५ | | ३६-५० | | ५१-६५ | | ६५ माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| प्रमुख | ३२३८ | ६२९ | ५१ | १३१२ | १२० | ९२८ | ५३ | १४० | ५ |
| अध्यक्ष | ३०९२ | ५७८ | ४४ | १३९२ | ७८ | ८०७ | २९ | १६० | ४ |
| उपप्रमुख | १९६४ | ९६ | ४०१ | २५४ | ७४८ | १५८ | २५७ | २२ | २८ |
| उपाध्यक्ष | २१६३ | १०९ | ५७३ | २४६ | ८२१ | १५२ | २३२ | १३ | १७ |
| वडाध्यक्ष | ३२४९६ | ६३०२ | २६१ | १४७५२ | ४९६ | ९१७१ | १७१ | १३२४ | १९ |
| सदस्य | ५३१७३ | ११०६६ | ६६५ | २१७१३ | १२६० | १५२९९ | ४३२ | २६९१ | ४७ |
| महिला सदस्य | २५५९९ | ० | ७२७९ | ० | १२८२९ | ० | ४९७९ | ० | ५१२ |
| दलित महिला सदस्य | २३२८५ | ० | ७२१३ | ० | १११४१ | ० | ४३८६ | ० | ५४५ |
| **जम्मा** | **१४५०१०** | **१८७८०** | **१६४८७** | **३९६६९** | **२७४९३** | **२६५१५** | **१०५३९** | **४३५०** | **११७७** |

## ४.६ प्रदेशगत आधारमा उम्मेदवारी

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा पालिका प्रमुखमा सबैभन्दा बढी उम्मेदवारी मधेस प्रदेशमा (१४४८) परेको थियो । त्यसैगरी सबै भन्दा कम चाहिँ कर्णाली प्रदेशमा (१७७) परेको थियो । त्यसैगरी महिला बढी उठाइने उपप्रमुख पदमा पनि सबैभन्दा बढी उम्मेदवारी मधेस प्रदेशमै (७००) पऱ्यो भने सबैभन्दा कम कर्णालीमै (१६२) पऱ्यो । महिला सदस्यमा सबैभन्दा बढी मधेस प्रदेशमै (७०७९) उम्मेदवारी पऱ्यो भने सबैभन्दा कम गण्डकीमा (२२३७) पऱ्यो ।

## विभिन्न पदमा दिइएका उम्मेदवारी प्रदेशगत आधारमा

| पद | १ नं. | मधेस | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रमुख | ४२९ | १४४८ | ५७५ | २४० | ४१२ | १७७ | २३६ | ३५१७ |
| अध्यक्ष | ४९२ | ९१० | ५८० | २९२ | ५५० | ३१२ | २५५ | ३३९१ |
| उपप्रमुख | ३२१ | ७०० | ३३८ | १६८ | २९९ | १६२ | १६७ | २१७५ |
| उपाध्यक्ष | ३९३ | ४८४ | ३७१ | २३१ | ४२९ | २९६ | २०६ | २४१० |
| वडाध्यक्ष | ५१७१ | ९६६७ | ५८४७ | २९५२ | ५२५२ | ३३७२ | ३१३५ | ३५३९६ |
| महिला सदस्य | ३९५५ | ७०७९ | ४२४६ | २२३७ | ४१०५ | २४९६ | २४३९ | २६५५७ |
| दलित महिला सदस्य | ३५५४ | ६७२२ | ३४८१ | २०३१ | ३७८६ | २१३० | २२५७ | २३९६१ |
| सदस्य | ८४०८ | १४५३७ | ८९८० | ४८६९ | ८६०१ | ५२८४ | ५०८८ | ५५७६७ |

परिच्छेद

# ५

# निर्वाचित जनप्रतिनिधि

# परिच्छेद ५

# निर्वाचित जनप्रतिनिधि

## ५.१ जम्मा निर्वाचित प्रतिनिधि

स्थानीय तह सदस्य निर्वाचनमा सबैभन्दा बढी पद नेपाली कङ्ग्रेसले जितेको छ। उसले १३७७३ पदमा जित्दा दोस्रो भएको एमालेले ११९२९ पदमा जीत हासिल गरेको छ। त्यसैगरी तेस्रोमा माओवादीले ५०४८ पद जितेको छ भने चौथोमा जसपाले १५४८ र पाँचौंमा नेकपा (एस) ले ९८७ पदमा विजय हासिल गरेको छ। ५८१ पदमा जितेर लोसपा छैटौं स्थानमा पर्न सकेको छ भने ३०७ पद जितेर राप्रपा सातौं स्थानमा रहन सकेको छ।

**स्थानीय तह सदस्य निर्वाचन २०७९ मा राष्ट्रिय मान्यता प्राप्त दलले जितेका पद र सङ्ख्या**

| दल | प्रमुख | अध्यक्ष | उपप्रमुख | उपाध्यक्ष | वडाध्यक्ष | अन्य सदस्य | महिला सदस्य | दलित महिला सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कङ्ग्रेस | १४१ | १८८ | ११० | १९० | २६६८ | ५३१३ | २६०९ | २५५४ | १३७७३ |
| एमाले | ८३ | १२३ | ११५ | १२६ | २१३७ | ४६९८ | २३५२ | २२९५ | ११९२९ |
| माओवादी | २५ | ९६ | ३३ | ९५ | ९६३ | १८०७ | ९६३ | ९७३ | ५०४५ |
| जसपा | ९ | २१ | १२ | १९ | २९५ | ५९७ | २९९ | २९६ | १५४८ |
| नेकपा (एस) | १२ | ८ | ११ | १२ | १९० | ३९० | १८४ | १८० | ९८७ |
| लोसपा | ७ | ९ | ५ | ७ | १०३ | २१९ | ११८ | ११३ | ५८१ |

## ५.२ विजयी महिलाको सङ्ख्या

२०७९ को स्थानीय तह सदस्य निर्वाचनमा २५ जना महिलाले पालिका प्रमुख/अध्यक्षमा जिते भने ५६८ जनाले उपप्रमुख/उपाध्यक्षमा जिते। त्यसैगरी वडाध्यक्षमा ६९ जना महिलाले जित्दा अन्य सदस्यमा ४४२ जनाले विजयी हासिल गरे। यसरी नै महिला सदस्यमा ६७३२ जनाले जिते भने दलित महिला सदस्यमा ६६१० जनाले जिते। यसरी समग्रमा १४,४४५ जनाले जीत हासिल गरे। यो निर्वाचनमा दलका तर्फबाट १,३५,४०९ जनाले उम्मेदवारी दर्ता गराएका थिए। जसमा महिला उम्मेदवारी ५५,७१९ थियो।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मुख्य दलबाट महिलाले जितेका पद र सङ्ख्या

| दल | प्रमुख | अध्यक्ष | उपप्रमुख | उपाध्यक्ष | वडाध्यक्ष | सदस्य |
|---|---|---|---|---|---|---|
| कङ्ग्रेस | ४ | ५ | ८८ | १३९ | २५ | १५० |
| एमाले | ६ | ४ | १०४ | ११३ | २२ | १६३ |
| माओवादी | १ | ३ | १५ | ४८ | १२ | ६४ |
| जसपा | ० | ० | १० | १७ | ० | २१ |
| नेकपा (एस) | १ | ० | ७ | ४ | २ | २८ |
| लोसपा | १ | ० | ४ | ७ | ३ | ४ |
| राप्रपा | | | २ | २ | - | ४ |
| **जम्मा** | १३ | १२ | २२९ | ३३३ | ६४ | ४३४ |

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा महिलाको प्रतिनिधित्व दुई प्रकारले भएको देखिन्छ । एउटा, कानुनले नै बाध्यकारी बनाएको पदहरूमा उम्मेदवारी दिएर । जस्तो- महिला सदस्य र दलित महिला सदस्य । यी २ पदमा प्रत्येक वडामा दलहरूले उम्मेदवारी दिनैपर्ने बाध्यता थियो । त्यसैले उम्मेदवारी दिएपछि कोही न कोही वा कुनै न कुनै दलबाट महिला नै विजयी हुने अवस्था बनेको थियो । अर्को, अन्य पदमा महिला उम्मेदवारी दिएर विजयी हुने अवस्था । दलहरूले यो दोस्रो अवस्थामा भने पुरुषलाई प्राथमिकतामा राखे र महिलालाई पछि धकेले । खासमा दलहरू महिलाको अधिकारप्रति संवेदनशील छन् वा छैनन् भन्ने विषय यी पदमा दिइने प्राथमिकताले निर्धारण गर्छ । जसलाई तथ्याङ्कले आफैँ प्रस्ट पारेको छ ।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मुख्य दलले जितेका दलित महिला सदस्य र महिला सदस्य तथा जम्मा जित सङ्ख्या

| दल | दलित महिला सदस्य | महिला सदस्य | सबै पदमा जीत सङ्ख्या |
|---|---|---|---|
| कङ्ग्रेस | २५५४ | २६०९ | १३७७३ |
| एमाले | २२९५ | २३५२ | ११९२९ |
| माओवादी | ९७३ | ९६३ | ५०४५ |
| जसपा | २९६ | २९९ | १५४८ |
| नेकपा (एस) | १८० | १८४ | ९८७ |

यो निर्वाचनमा महिलाको जित सङ्ख्या हेर्दा दुई पक्षबाट विश्लेषण गर्नु आवश्यक हुन्छ । दलहरूले महिला सदस्य र दलित महिला सदस्य प्रत्येक वडामा उठाउनैपर्ने कानुनी बाध्यता छ । त्यसैले यो सङ्ख्या जोड्दा महिलाले जितेका पद र प्रतिशत ह्वात्तै बढ्छ । तर कानुनले बाध्यकारी नबनाएको तथा विशेषगरी पालिका र वडाको प्रमुख जस्तो पदमा दलहरूले महिलालाई

उठाउनै नचाहेको देखिएको छ । सोझै भन्दा कार्यकारी भूमिका हुने ठाउँमा महिलालाई पुग्नबाट रोकिएको छ । त्यसैले बाध्यकारी पदबाहेक अन्य पदमा दलहरूले महिलालाई कति प्राथमिकता दिए भन्ने छुट्याएर हेर्नु आवश्यक हुन्छ । किनकि यो अवस्थाले मात्र दलहरू कति लैङ्गिकमैत्री छन् भन्ने प्रमाणित हुन्छ ।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मुख्य दलबाट सबै पदमा निर्वाचित जम्मा महिला र बाध्यकारीबाहेकका पदमा भएको जित

| दल | जम्मा निर्वाचित सङ्ख्या | बाध्यकारी पद घटाउँदाको जित सङ्ख्या |
|---|---|---|
| कङ्ग्रेस | ५५७४ | ४११ |
| एमाले | ५०५९ | ४१२ |
| माओवादी | २०७९ | १४३ |
| जसपा | ६४३ | ४८ |
| नेकपा (एस) | ४०६ | ४२ |

## ५.३ स्वतन्त्रमा पनि पुरुष नै हाबी

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा ९६७४ जनाले विभिन्न पदमा स्वतन्त्रबाट उम्मेदवारी दिएका थिए । त्यसमध्ये ३८६ जना विजयी भए । यसरी विजयी हुनेमा पालिका नगर प्रमुखमा ७ जना, अध्यक्षमा ६ जना, उपप्रमुखमा १ जना, उपाध्यक्षमा २ जना, वडाध्यक्षमा १३७ जना र अन्य सदस्यमा ११९ जना थिए, जसमध्ये महिलाले १ जना उपप्रमुख, ३ जना वडाध्यक्ष, महिला सदस्य ५८, दलित महिला सदस्य ५६ र अन्य सदस्य २ गरी १२० पदमा विजय हासिल गरे । महिला मात्र उठ्न पाउने महिला सदस्य र दलित महिला सदस्य घटाउने हो भने अन्य पदमा स्वतन्त्रबाट विजयी महिलाको जम्मा सङ्ख्या ६ मात्र हुन आउँछ ।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा स्वतन्त्रबाट निर्वाचित महिला (जम्मा निर्वाचित ३८६)

| पद | विजयी सङ्ख्या र प्रतिशत |
|---|---|
| उपप्रमुख | १ |
| वडाध्यक्ष | ३ |
| सदस्य | २ |
| महिला सदस्य | ५८ |
| दलित महिला सदस्य | ५६ |
| जम्मा | १२० |
| विजयीमध्ये महिलाले जितेका प्रतिशत | ३१.०८ |
| जम्मा उम्मेदवारीमध्ये महिलाले जितेका प्रतिशत | १.२४ |

## ५.४ प्रदेशगत आधारमा महिला प्रतिनिधित्व

प्रदेश १ मा ३३,४७,३८४ मतदाता छन्, जसमध्ये महिला १६,४७,५६१ जना छन् भने पुरुष १६,९९,८०० जना छन् । यसैगरी अन्य मतदाता २३ जना छन् । यो प्रदेशमा ८१९६ उम्मेदवार थिए, जसमध्ये २४५५ जना महिला निर्वाचित भएका छन् । यो प्रदेशमा ६ पालिका प्रमुख/अध्यक्ष महिला विजयी भएकामा नेकाबाट ३, एमालेबाट २ र माओवादीबाट १ जना छन् । त्यसैगरी ५ जना महिला वडाध्यक्ष विजयी भएकामा सबैजना एमालेबाटै छन् ।

### प्रदेश १ मा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| ६ | ५ |

मधेस प्रदेशमा २९,१०,०२३ मतदाता छन्, जसमध्ये महिला १३,३२,६४० जना छन् भने पुरुष १५,७७,३१७ जना छन् । अन्य मतदाता ६६ जना छन् । यो प्रदेशमा १५७८० उम्मेदवार थिए, जसमा २७७० महिला निर्वाचित भए । यो प्रदेशमा ४ जना पालिका प्रमुखमा महिला विजयी भएकामा एमालेबाट २, नेकाबाट १ र लोसपाबाट १ जना छन् । त्यसैगरी १२ जना महिला वडाध्यक्ष विजयी भएकामा एमालेबाट ४, नेकाबाट ३, लोसपाबाट २, बहुजन एकता पार्टी नेपालबाट १ र स्वतन्त्रबाट २ जना छन् ।

### मधेस प्रदेशमा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| ४ | १२ |

वाग्मती प्रदेशमा २,९४,९१९ मतदाता छन्, जसमध्ये महिला १,४४,९५९ जना छन् भने पुरुष १,४९,९५४ जना छन् । अन्य मतदाता ६ जना छन् । यो प्रदेशमा ८३४४ उम्मेदवार थिए जसमा २३४७ जना निर्वाचित भए । यो प्रदेशमा पालिका प्रमुख/अध्यक्षमा ६ महिला विजयी भएकामा माओवादीबाट ३, एमालेबाट २ र नेकपा एसबाट १ जना छन् । त्यसैगरी वडाध्यक्षमा १२ जना महिला विजयी भएकामा नेकाबाट ६, एमालेबाट ३ तथा माओवादी, नेकपा एस र स्वतन्त्रबाट १/१ जना छन् ।

### वाग्मती प्रदेशमा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| ६ | १२ |

गण्डकी प्रदेशमा १६,६२,२४६ मतदाता छन्, जसमध्ये महिला ८,६९,५३८ जना छन् भने पुरुष ७,९२,६९७ जना छन् । अन्य मतदाता ११ जना छन् । यो प्रदेशमा ४६४९ जना उम्मेदवार थिए जसमा १६२२ जना निर्वाचित भए । यो प्रदेशमा ३ जना महिला पालिका अध्यक्षमा विजयी

भएकामा नेकाबाट २ र एमालेबाट १ जना छन् । त्यसैगरी वडाध्यक्षमा १४ जना महिला निर्वाचित भएकामा नेका र एमालेबाट ६/६ जना तथा माओवादीबाट २ जना छन् ।

## गण्डकी प्रदेशमा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| ३ | १४ |

लुम्बिनी प्रदेशमा ४,०९,९०० मतदाता छन्, जसमध्ये महिला २,०९,०९९ जना छन् भने पुरुष २,००,७९९ जना छन् । अन्य मतदाता २ जना छन् । यो प्रदेशमा ८७६७ जना उम्मेदवार थिए, जसमा २१२४ जना निर्वाचित भए । यो प्रदेशबाट पालिका प्रमुख/अध्यक्षमा १/१ जना महिला निर्वाचित भएकामा दुवै एमालेबाट छन् । त्यसैगरी वडाध्यक्षमा १४ जना महिला निर्वाचित भएकामा नेका र माओवादीबाट ५/५ जना तथा एमालेबाट ३ र लोसपाबाट १ जना छन् ।

## लुम्बिनी प्रदेशमा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| २ | १४ |

कर्णाली प्रदेशमा ९,०८,४३३ मतदाता छन्, जसमध्ये महिला ४,४९,०३० जना छन् भने पुरुष ४,५९,४०१ जना छन् । अन्य मतदाता २ जना छन् । यो प्रदेशमा ४८७८ जना उम्मेदवार थिए, जसमा १५२४ जना निर्वाचित भए । यो प्रदेशमा पालिका प्रमुख/अध्यक्षमा २ जना महिला विजयी भएकामा १ जना नेकाबाट र १ जना एमालेबाट छन् । त्यसैगरी ६ जना वडाध्यक्ष महिला विजयी भएकामा नेका ३, माओवादी २ र नेकपा एस १ जना छन् ।

## कर्णाली प्रदेशमा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| २ | ६ |

सुदूरपश्चिम प्रदेशमा १६३२१५० मतदाता छन् । जसमध्ये महिला ८३५६०७ जना छन् भने पुरुष ७९६५४३ जना छन् । अन्य मतदाता १८ जना छन् । यो प्रदेशमा ५०८५ जना महिला उम्मेदवार थिए जसमा १५६० जना निर्वाचित भए । यो प्रदेशबाट पालिका प्रमुखमा २ जना महिला निर्वाचित भएकामा दुवैजना नेकाबाट छन् । त्यसैगरी ६ जना महिला वडाध्यक्ष निर्वाचित भएकामा नेका र माओवादी २/२ तथा एमाले र नागरिक उन्मुक्ति पार्टीबाट १/१ जना छन् ।

## सुदूरपश्चिम प्रदेशमा विजयी महिला

| प्रमुख/अध्यक्ष | वडाध्यक्ष |
|---|---|
| २ | ६ |

परिच्छेद

# ६

# निर्वाचनमा लैससासलाई प्रभाव पारेका विषय

# परिच्छेद ६

# निर्वाचनमा लैससासलाई प्रभाव पारेका विषय

## ६.१ कानुनको आफूखुसी व्याख्या

स्थानीय तह निर्वाचन ऐन, २०७३ ले उम्मेदवार मनोनयन गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्ने व्यवस्था मिलाउनुपर्ने भनेको छ । यो भनेको पालिका वा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुखमा एक जना मात्र पुरुष उठाउन पाइन्छ भनिएको हो । तर दलका निर्णायक ठाउँमा बसेकाहरूले यो कानुनी व्यवस्थाको आफैँ व्याख्या गरे र प्रमुखमा पुरुष तथा उपप्रमुख चाहिँ महिलाका लागि हो भन्ने मान्यता नै जबर्जस्ती रूपमा स्थापित गराए, जसले गर्दा एकातिर महिलाको उम्मेदवारी नै कम दिइयो भने अर्कोतर्फ उम्मेदवार बनाइएका महिलालाई प्रमुखको जिम्मेवारीमा जान अवरोध खडा गरियो । दलहरूले ७५३ स्थानीय तहका उपप्रमुखका लागि ३,०८० जना महिला उम्मेदवार उठाउँदा त्यति नै तहका प्रमुखमा भने मात्र ३८४ जना महिलालाई उम्मेदवार बनाउनु यसको ज्वलन्त प्रमाण हो ।

## ६.२ गठबन्धन

२०७९ को स्थानीय तह सदस्य निर्वाचनमा दलबीच गठबन्धन बनाएर निर्वाचनमा जाने क्रम तीव्र देखियो । एक वा एकभन्दा बढी दल मिलेर कसैले प्रमुखमा, कसैले उपप्रमुखमा र अन्य पदमा उम्मेदवारी दिने सहमति गरियो र त्यहीअनुसार उम्मेदवारी दिइयो । दलीय आधारमा हुने निर्वाचनमा गठबन्धन सही हो वा होइन अर्को बहसको विषय हुन सक्छ । तर वर्तमान निर्वाचनमा देखिएको गठबन्धन संस्कृतिको सोझो असर भने लैङ्गिक समानतामाथि परेको देखियो, जसले निर्वाचनलाई लैससासमैत्री बन्नबाट बाटो छेक्यो ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ ले दलले उम्मेदवारी दिँदा प्रमुख र उपप्रमुखमध्ये दुवैमा एउटै लिङ्गका व्यक्ति पर्न नहुने उल्लेख गरेको छ । तर यो कानुनी प्रावधानलाई दलहरूले आफूलाई फाइदा हुने गरी प्राविधिक रूपमा अर्थ्याए । अर्थात् २ माथिल्ला पदमध्ये एउटामा मात्र पुरुष हुनुपर्ने कानुनको मर्मलाई लत्याउँदै एउटै दलले २ जना उठाउँदा पो यो नियम लाग्छ त भनेर उम्किए । अनि २ वटा दलले फरक फरक पदमा उम्मेदवारी दिएकाले यो नियम नलाग्ने मनखुसी व्याख्या गरेर दुवै मुख्य पदमा पुरुषकै उम्मेदवारी दिए । यसरी उम्मेदवारी नै कम भएपछि माथिल्ला पदहरूमा महिला प्रतिनिधित्व स्वतः घट्ने नै भयो । यसरी हेर्दा गठबन्धन लैङ्गिक समानताका हिसावले पश्चगामी कदम सावित हुन पुग्यो ।

जस्तो– नेपालगन्ज उपमहानगरपालिकामा नेपाली कङ्ग्रेस र जनता समाजवादी पार्टीबीच गठबन्धन भएको थियो । त्यहाँ गठबन्धनका तर्फबाट नेपाली कङ्ग्रेसका प्रशान्त विष्ट मेयरमा निर्वाचित भए भने उपमेयरमा जनता समाजवादी पार्टीका कमरुद्धिन राई निर्वाचित भए । यसैगरी खोटाङको खोटेहाङ गाउँपालिकामा पनि गठबन्धन भएकाले अध्यक्षमा नेकपा माओवादीका उदीमबहादुर राई निर्वाचित भए भने उपाध्यक्षमा नेपाली कङ्ग्रेसका रूपेस राई निर्वाचित भए । अर्कोतर्फ सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा भने मेयर र उपमेयर दुवै पद कसैसँग पनि गठबन्धन नगरेको एमालेले जित्दा मेयरमा मोहनमाया भण्डारी आइन् भने उपमेयरमा नीलकण्ठ खनाल विजयी भए ।

### जहाँ महिला सदस्यसमेत खाली रहयो

मनाङको नार्पाभूमि गापामा ५ वटा वडा छन् । ती कुनैमा पनि दलित महिलाको उम्मेदवारी परेन । अझ वडा नं. १ मा त महिला सदस्यकै समेत उम्मेदवारी परेन । जब कि यो वडामा महिला पुरुषभन्दा ३ जना बढी छन् । अर्थात् १२९ जनसङ्ख्यामध्ये पुरुष ६३ जना छन् भने महिला ६६ जना । महिला सदस्यको समेत उम्मेदवारी नपरेको यो मुलुककै १ मात्र वडा हो ।

यसरी हेर्दा गठबन्धन नगरेको दलले जित्दा प्रमुख र उपप्रमुखमध्ये एक जना महिला आएका छन् भने गठबन्धनले जित्दा चाहिँ महिलाको सिट खोसिएको देखिएको छ । यो निर्वाचनबाट ठूलो दल बनेको नेपाली कङ्ग्रेसले मात्र सुदूरपश्चिममा २६, कर्णाली प्रदेशमा १२, लुम्बिनी प्रदेशमा ११, गण्डकी प्रदेशमा १७, वाग्मतीमा १६ र प्रदेश १ मा ३३ ठाउँमा गठबन्धन गरेको थियो । त्यसैगरी माओवादीले सुदूरपश्चिम प्रदेशमा ११, कर्णालीमा ११, लुम्बिनीमा १३, गण्डकीमा १, वाग्मतीमा १६, मधेस प्रदेशमा १ र प्रदेश नं. १ मा १० ठाउँमा गठबन्धन गरेको थियो । त्यसैगरी नेकपा एमालेले लिखित रूपमा गठबन्धन नगरे पनि माडी र भरतपुरमा राप्रपा नेपालसँग तालमेल गरेको थियो भने अन्यत्र पनि स्थानीय तवरमा आफूअनुकूलको दलसँग मिलेर चुनावमा भाग लिएको थियो । यसबाट अनुमान लगाउन सकिन्छ कि महिला आउनुपर्ने कैयौँ पदमा जबर्जस्ती पुरुष नै जिताइएका छन् ।

मकवानपुरको उदाहरणले पनि गठबन्धन कसरी महिलालाई पछि पार्न मुख्य कारक बनेको छ भन्ने प्रस्टिन्छ- यो जिल्लाका १० स्थानीय तहमध्ये २०७४ को निर्वाचनमा ९ जना महिला उपप्रमुख पदमा निर्वाचित भएका थिए। तर गठबन्धनकै कारण यस पटक भने ३ वटा पालिकामा मात्रै उपप्रमुख महिला आए । एउटामा चाहिँ प्रमुख नै महिलाले जितिन् । ६ वटा पालिकामा चाहिँ दुवै पदमा पुरुष जिते ।

१६३ स्थानीय तहका प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष दुवै पुरुषले नै जित्नुले गठबन्धन महिलाको पद खोस्न हदैसम्म सफल भएको पुष्टि हुन्छ ।

## ६.३ पितृसत्तात्मक सोच

पुरुषबाहेक अरू कमजोर हुन्छन्, काम गर्न सक्दैनन्, नेतृत्व गर्ने खुबी त झनै छैन, त्यसैले उनीहरूलाई जहिले पनि पुरुषको सहायक मात्र सुहाउँछ भन्ने मानसिकता अहिले पनि धेरैजसो पुरुषमा छ। अझ राजनीतिक क्षेत्र त पुरुषको एकलौटी हो भन्ने मान्यता पनि प्रबल छ। त्यसैले विश्वमै राजनीतिक क्षेत्रमा महिला सहभागिता अत्यन्त न्यून छ। जसमा नेपाल पनि अपवाद छैन।

मेयर/अध्यक्षका ७५३ पदमध्ये ६,३३३ जनाको उम्मेदवारी परेकामा महिला ३८४ अर्थात् ६ प्रतिशतमात्र हुनु यसको ज्वलन्त उदाहरण हो। एकातिर केन्द्रीय तथ्याङ्क विभागले जारी गरेको राष्ट्रिय जनगणनाअनुसार नेपालमा पुरुषभन्दा महिला ६०९८५८ जना बढी छन् अर्कोतर्फ स्थानीय तह निर्वाचनका प्रमुखमा भने मात्र ६ प्रतिशत महिला उम्मेदवारी देखिनुले पितृसत्तात्मक सोच कति हाबी छ भन्ने प्रस्टिन्छ। 'अन्य सदस्य' पालिकाको सबैभन्दा कनिष्ठ पदमध्ये पर्छ। यही तल्लो तहमा समेत राजनीतिक दलले महिलालाई ल्याउन चाहेनन्। अन्य सदस्यमा विभिन्न दलका तर्फबाट ५०,७८२ जना उम्मेदवार हुँदा महिलाको सङ्ख्या भने मात्र २,४११ हुनुले पनि दलको नेतृत्व महिलाप्रति कति अनुत्तरदायी छ भन्ने प्रस्टिन्छ।

## ६.४ निर्वाचन आयोगको फितलोपना

पहिलो कुरा त कानुनमा भएका व्यवस्था कसैले अवगत गराइरहनै पर्दैन। राजनीतिक दलहरूले आफैँ त्यसको पालना गर्नु उनीहरूको कर्तव्य नै हुन आउँछ। दोस्रो, कानुन, नियममा भएका व्यवस्थाबारे निर्वाचन आयोगले विभिन्न पटक प्रेस विज्ञप्तिमार्फत सम्बन्धित दल/सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउने काम पनि गरिरह्यो।

जस्तो– आयोगले एक प्रेस विज्ञप्तिमार्फत राजनीतिक दलहरूलाई निर्देशन दिँदै भन्यो कि नेपालको संविधानको धारा ३८ को उपधारा (४) तथा धारा ४२ को उपधारा (१) मा भएको व्यवस्था र नेपालको संविधानको धारा ४७ को मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्थालाई समेत स्मरण गरी स्थानीय तहमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व हुने गरी उम्मेदवारी व्यवस्था गर्ने। राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न नदिने।[१०]

त्यसैगरी स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्ने, महिला दलित वा अल्पसङ्ख्यक समुदायका लागि आरक्षण गरिएका पदहरूबाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तीमा एकतिहाइ महिला र नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्ने, राजनीतिक दलले आफ्ना सदस्यहरूलाई लैङ्गिक तथा समावेशिताका सवालहरूमा संवेदनशील बनाउन

[१०] निर्वाचन आयोगद्वारा २०७८ चैत १६ गते जारी प्रेस विज्ञप्ति

आवश्यक सहजीकरण तथा प्रशिक्षणको व्यवस्था गर्ने आदि पनि आयोगले दलहरूलाई दिएको निर्देशनमा उल्लेख छ ।[११]

आयोगको निर्देशनअनुसार विशेषगरी गठबन्धनमा सामेल दलहरूले प्रमुख वा उपप्रमुखमध्ये एकमा मात्र उम्मेदवारी दिँदा महिलालाई प्राथमिकता दिनुपर्ने हो । तर यो ठ्याम्मै पालना भएको देखिएन । दलका तर्फबाट ४,२४३ जनाले पालिका प्रमुखमा उम्मेदवारी दिँदा महिला ३८४ जना मात्र हुँदा पनि आयोगले यसबारे केही बोलेको देखिएन । त्यसैगरी बाध्यकारी पदबाहेक अन्य पदमा उम्मेदवारी दिँदा कम्तीमा एकतिहाइ महिला र समानुपातिक सिद्धान्तका आधारमा दिनुपर्ने आयोगको निर्देशन पनि पालना भएन ।

जस्तो– स्थानीय तह सदस्य निर्वाचन २०७९ का लागि सबै पदमा गरेर दलहरूले १,३५,४०९ जनाको उम्मेदवारी दर्ता गराए । यीमध्ये बाध्यकारी महिला सदस्य २५,०३६ थिए भने दलित महिला सदस्यका उम्मेदवार २२,८९१ जना थिए । यी दुई प्रकारका बाध्यकारी पद घटाउँदा दलले दिएका उम्मेदवारी सङ्ख्या ८७,४८२ हुन आउँछ । आयोगको निर्देशनअनुसार यीमध्ये महिला र समावेशी उम्मेदवारको सङ्ख्या २९,१६० जना हुनुपर्थ्यो । तर महिलाको मात्र उम्मेदवारी हेर्दा यो सङ्ख्या ६,८२३ जना मात्र हुन आउँछ ।

निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन, २०७९ को व्यवस्थापन र सञ्चालनलाई लैङ्गिक तथा समावेशी बनाउन राजनीतिक दलहरूलाई निर्देशन जारी गरेको थियो ।[१२] उक्त निर्देशनमा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्न, निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनमा सहयोग गर्न, घोषणापत्रलगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशी व्यवस्थालाई उचित सम्बोधन गर्न, स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदमध्ये एक पदमा मात्र उम्मेदवार दिएमा महिला मनोनयनको व्यवस्था मिलाउन, सबै वडामा दलित महिलाको उम्मेदवारी हुने व्यवस्थाका लागि पहल गर्न भनिएको थियो ।

तर राजनीतिक दलहरूको विरोधपछि निर्वाचन आयोगले आफैं २०७८ चैत १६ गते जारी गरेको निर्देशन १३ दिनपछि अर्थात् चैत २९ गते सच्यायो, जसले गर्दा प्रमुख/उपप्रमुखमध्ये एक पदमा उम्मेदवारी दिँदा महिलालाई प्राथमिकता दिनुपर्ने अवस्था हटाइयो । र, दलहरूले महिलालाई पछि पार्ने अवसर प्राप्त गरे । यो निर्वाचन आयोगको ठूलो कमजोरी थियो ।

यसरी विश्लेषण गर्दा 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ' भन्ने उखान झैं कानुनको मर्म र आयोगको निर्देशन एकातिर, व्यवहार चाहिँ अर्कोतिर भइरहेको देखिन्छ । पहिलो त आयोगले दिएका निर्देशन बाध्यकारी थिएनन् भने दोस्रो ती कार्यान्वयन भए कि भएनन् भनेर अनुगमन पनि गरिएन । अनुगमन नै नगरिएपछि पालना नगर्नेले कुनै सजायको भागीसमेत हुनुपरेन । यही आधारमा अहिलेसम्म कुनै पनि दलले कारबाहीको भागीदार हुन नपर्नुले पनि आयोगको फितलोपन पुष्टि हुन्छ । यस्तो अवस्थामा आयोगद्वारा जारी गरिने निर्देशन 'कर्मकाण्डी' भन्दा

[११] निर्वाचन आयोगद्वारा २०७८ चैत १६ गते जारी प्रेस विज्ञप्ति

[१२] २०७८ चैत १६ गते जारी प्रेस विज्ञप्ति

माथि उठ्न सकेन, जसको प्रत्यक्ष मार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अभियानमा पर्न पुग्यो ।

निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घन गर्नेलाई तीन प्रकारको कारबाही गर्छ । पहिलो– स्पष्टीकरण सोध्ने, दोस्रो– जवाफ चित्त नबुझे सचेत गराउने र तेस्रो थप कारबाही आवश्यक भए तामेलीमा राख्ने । यो निर्वाचनमा कति जनालाई कुन खाले कारबाही भयो भन्ने यकिन तथ्याङ्क भने तयार नभइसकेको जानकारी आयोगले दिएको छ ।[१३]

## ६.५ आफ्नै घोषणापत्रको अवमूल्यन

राजनीतिक दलहरूले निर्वाचनका क्रममा आफूले जितेपछि प्राथमिकता दिने कामलाई आधार बनाएर घोषणापत्र जारी गर्ने प्रचलन छ । त्यो पार्टीको मुख्य प्राथमिकता के हो ?, उसले चुनाव जितेमा कसरी अघि बढ्छ र त्यसपछिको मुलुकको अवस्था कस्तो हुन्छ भन्ने अनुमान गर्ने आधार पनि हो घोषणापत्र । यस्तो घोषणापत्रमा उसले आफ्ना नीति, रणनीति, कार्यनीति तथा योजनाहरू उल्लेख गरेको हुन्छ । मतदाताले यिनैलाई आधार मानी मत दिने विश्वास गरिन्छ । यो स्थानीय तह सदस्य निर्वाचन २०७९ का क्रममा पनि नेकपा (माओवादी केन्द्र) बाहेक मुख्य दलहरूले घोषणापत्र जारी गरेका थिए, जसमा उनीहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरणसँग सम्बन्धित निम्न विषय उल्लेख गरेका थिए–

### नेकपा एमाले

१) **समानतातर्फको महिला यात्रा : समाजवाद उन्मुख राज्यको विशेषता**

राज्यका हरेक अङ्ग, क्षेत्र र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता प्रत्याभूत गर्ने ।

- राज्य र समाजका हरेक अङ्ग र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
- शिक्षा स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षालगायत महिलाको संविधानप्रदत्त हकको कार्यान्वयन गर्ने
- महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्ने
- घरेलु श्रममा महिलाको योगदानको गणना गर्ने, घरेलु कामको बोझलाई कम गर्दै महिलाहरूलाई उत्पादनशील र सामाजिक क्षेत्रमा लगाउने
- महिला उद्यमीशलतामार्फत स्वरोजगारी बढाउने
- महिलाको समान ज्याला, कार्यस्थलमा लैङ्गिक हिंसा, घरेलु हिंसा तथा धार्मिक, सांस्कृतिक, प्रथा/परम्परा आदि नाममा हुने सामाजिक सद्भाव र शोषण हटाउन विशेष अभियान सञ्चालन गर्ने
- सङ्घको सहयोगमा राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने

[१३] निर्वाचन आयोगका उपन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेसँग १४ असार, २०७९ मा गरिएको कुराकानी

- पालिकालाई महिला हिंसामुक्त, बालविवाह मुक्त, बोक्सी प्रथा मुक्त र छाउपडी मुक्त घोषणा गर्ने । दाइजो र तिलक प्रथालाई निरुत्साहित गर्ने । घोषणाको प्रभावकारी कार्यान्वयन र सोको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने
- यौनजन्य हिंसा, बलात्कार, महिलाद्वेषी संस्कारबाट समाजलाई मुक्त गर्न विशेष अभियान सञ्चालन गर्ने । हिंसाका दोषीहरूमाथि कडा कारबाही गर्ने ।

२) **खुसी ज्येष्ठ नागरिक, सुखी बालबालिका : अपाङ्गमैत्री सबै पालिका**

जीवनचक्रमाथि आधारित सामाजिक सुरक्षा कार्यक्रममार्फत ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र असहायहरूको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने ।

- बाल्यकालदेखि वृद्धावस्थासम्म सम्बोधन हुने गरी जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन र सहयोगको अभियान सञ्चालन गर्ने, उनीहरूका लागि घरमै निःशुल्क स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने
- सार्वजनिक संरचना अपाङ्गतामैत्री बनाउने, अशक्त व्यक्तिका लागि सहजरूपमा आधारभूत सेवा पुऱ्याउने
- दलितका हकसमबन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्ने
- जोखिममा रहेका, अनाथ, सडकमा आश्रित, मानसिक समस्या, यौन शोषण र हिंसामा परेका बालबालिकाहरूको उद्धार र पुनःस्थापनाका लागि विभिन्न गैरसरकारी संस्था र सामाजिक तथा धार्मिक संस्थासँग सहकार्य गर्ने । पालिकाहरूलाई सडक बालबालिकामुक्त घोषणा गर्ने, बालमैत्री पालिका घोषणा गर्ने
- लोपोन्मुख, सीमान्तीकृत, धार्मिक, लैङ्गिक अल्पसङ्ख्यक, जोखिममा रहेका जाति तथा परिवारको संरक्षण र विकासका लागि विशेष कार्यक्रम अगाडि बढाउने

## नेपाली कङ्ग्रेसको सङ्कल्प

**सामाजिक सुरक्षा : कोखदेखि शोकसम्म**

**प्रजनन स्वास्थ्य र अधिकार**

- युवा/युवतीलाई निःशुल्क प्रजनन स्वास्थ्य शिक्षा
- प्रजनन छनोटको स्वतन्त्रताको प्रत्याभूति

### गर्भावस्था

- गर्भावस्थामा निःशुल्क परीक्षण
- घरबारविहीन विपन्न गर्भवतीका लागि निःशुल्क आश्रय र पोषणको व्यवस्था

## सुरक्षित मातृत्व

- सुत्केरी र नवजात शिशुको घरदैलोमा स्वास्थ्य सेवा
- पाँच हजार सुत्केरी सहायता कक्ष

## बाल विकास

- निःशुल्क खोप तथा पोषण तालिका
- शिशु स्याहार केन्द्र र दिवा खाजा

## शिक्षा

- घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास

## स्वास्थ्य

- सबै नागरिकलाई स्वास्थ्य बिमा र ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका विपन्नलगायतलाई निःशुल्क बिमा
- स्वास्थ्योपचारमा खल्तीको पैसा खर्च कम गर्ने व्यवस्था

## रोजगारी र श्रम

- तरुण सीप र वृत्ति विकास
- स्वरोजगार कार्यक्रम सञ्चालन
- सबै श्रमिकको सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था
- एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५० प्रतिशत योगदान सरकारको तर्फबाट व्यवस्था

## वृद्धावस्था

- ६५ वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा
- ६५ वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता
- ज्येष्ठ नागरिक उपचार खर्च
- ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा

## मृत्यु संस्कार

- नागरिक समुदाय र धर्मबमोजिमको बेग्लै अन्तिम संस्कारका लागि स्थान उपलब्ध गराउने
- मृत्यु संस्कार खर्च उपलब्ध गराउने

## जनता समाजवादी पार्टी

### २.१६ महिला उत्थान कार्यक्रम

महिला उत्थानका लागि निम्न नीतिहरू तथा कार्यक्रमहरू अवलम्बन गरिनेछ–

क) कृषि, कुटिर तथा साना उद्योग र व्यवसाय जस्ता विषयमा 'महिला सशक्तीकरण' कार्यक्रम सञ्चालन गरी महिलाको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गरिनेछ ।

ख) महिला हिंसा अन्त्यका लागि 'फास्ट ट्र्याक महिला न्याय युनिट' को व्यवस्था हुनेछ ।

ग) महिलाहरूलाई उत्पादनमूलक तथा रोजगारीमूलक उद्यम गर्न चाहेमा १० वर्षका लागि रु. १ करोडसम्म ऋण दिने र त्यसको ब्याज ५ प्रतिशत मात्र गरिनेछ ।

घ) महिला, पुरुषका लागि समान कामको समान ज्यालाको नीति कार्यान्वयन गरिनेछ । गर्भवती महिलालाई निःशुल्क नर्सिङ सेवा र सुत्केरी सेवा दिइनेछ । किसान, मजदुर क्षेत्रका महिलालाई सुत्केरी हुँदा पोषण भत्ता दिने व्यवस्था गरिनेछ । साथै महिलाविशेषका रोगहरू पाठेघर, स्तन क्यान्सर, पाठेघर खस्ने, पिसाब चुहिनेलगायतको उपचार निःशुल्क गरिनेछ ।

ङ) भूमि कर महिलाको हकमा कुल तोकिएको करको ७५ प्रतिशत हुनेछ ।

### २.१७ दलित, अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका समुदाय उत्थान कार्यक्रम

(क) दलित, अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष क्षमता अभिवृद्धि तथा सशक्तीकरणका कार्यक्रमहरूमार्फत उनीहरूलाई आत्मनिर्भर हुने सीप सिकाइनेछ ।

(ख) दलित, अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्तिले उत्पादनमूलक तथा रोजगारीमूलक उद्यम गर्न चाहेमा लिएको रु. १ करोडसम्मको ऋणको ब्याजमा ५ प्रतिशतभन्दा माथिको ब्याज अनुदान दिइनेछ ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी

'राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रतिबद्धता : स्थानीय तह निर्वाचन २०७९' मा महिलाको छुट्टै उपशीर्षकसमेत छैन । यसमा महिलालाई 'भौतिक संरचना, सामाजिक, महिला, रोजगार' मा मिसाएर उल्लेख गरिएको छ, जसमा महिला हिंसा, दाइजो प्रथा तथा बालविवाह अन्त्य गर्ने, महिला सशक्तीकरण कार्यक्रमलाई प्राथमिकता दिने, एकल तथा विदुर, शारीरिक र मानसिक रूपमा अशक्त, असहाय ज्येष्ठ नागरिकका लागि स्याहार-सुसार, हेरचाह र औषधि उपचारको व्यवस्था गरिने उल्लेख छ ।

आफूले जितेपछि लैङ्गिक समानता, यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका, सडक बालबालिका, दलित, लोपोन्मुख आदि समुदायका लागि काम गर्ने प्रतिबद्धता एउटा विषय हो । तर यस्ता नीतिनियम बनाउने तथा कार्यान्वयन गर्ने निकायहरूमा यी समुदायको प्रतिनिधित्व गराउन दलका नेताहरू अग्रसर छन् कि छैनन् भन्ने कुराले उनीहरू आफ्ना प्रतिबद्धता पूरा गर्न साँच्चै इमानदार छन् त भन्ने इच्छाशक्तिले देखाउँछ ।

पहिलो कुरा त घोषणापत्रहरूमा मुख्य दलहरूले शासकीय पदहरूमा महिलालाई दिइने प्राथमिकताबारे चुँसम्म बोलेनन् । लैससास कल्याणकारी र दया/मायाको विषय मात्र भएको सम्झिए । दोस्रो कुरा, आफैँले आफ्ना घोषणापत्रमा उल्लेख गरेका महिला र सीमान्तकृत समुदायसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि यी समुदायलाई निर्वाचित पदहरूमा लैजान कति इच्छुक देखिए भन्ने वास्तविकताले पनि उनीहरूले आफ्नै घोषणापत्रमाथि न्याय गर्न सके कि सकेनन् भन्ने देखिन्छ ।

उदाहरणका लागि स्थानीय तह सदस्य निर्वाचन २०७९ मा नेकपा एमालेले ७५३ पदमध्ये पालिका प्रमुखमा ५५ जना मात्र महिला उठायो । त्यसपछि नेकपा माओवादी केन्द्रले ४७ जना उठायो भने नेपाली कङ्ग्रेसले ३२ जना र राप्रपाले ४० जनामात्र उठायो । जनता समाजवादीले २४ जना उठाएको थियो । ल ठीक छ, मुख्य पदमा महिलालाई दिन चाहेनन्, वडाध्यक्षमा पनि दलहरूको पक्षपाती व्यवहार कायमै देखिन्छ । जस्तो– वडाध्यक्षमा एमाले, नेपाली कङ्ग्रेस, नेकपा माओवादी, जनता समाजवादी पार्टी र राप्रपाले क्रमशः ११८, ८०, ९१, ६५ र १२१ जना मात्र महिला उठाए । जबकि मुलुकमा वडाको सङ्ख्या ६७४३ छ ।

## वडाध्यक्षमा विभिन्न दलले दिएका महिला उम्मेदवारी

| दल | एमाले | कङ्ग्रेस | माओवादी | जसपा | राप्रपा |
|---|---|---|---|---|---|
| उम्मेदवारी सङ्ख्या | ११८ | ८० | ९१ | ६५ | १२१ |
| जम्मा उम्मेदवारी | ६५२३ | ६१४२ | ४४४९ | २०८३ | ३१८९ |
| महिलाको प्रतिशत | १.८० | १.३० | २.०४ | ३.१२ | ३.७९ |

यो तथ्याङ्कले देखाउँछ कि नेकपा एमालेले आफ्नै घोषणापत्रमा उल्लेख गरेको 'राज्यका हरेक अङ्ग, क्षेत्र, क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता प्रत्याभूत गर्ने' प्रावधानप्रति ख्यालै गरेन । त्यसैगरी नेपाली कङ्ग्रेसले जारी गरेको घोषणापत्रमा उल्लेख 'कोखदेखि शोकसम्म' मा समानुपातिक प्रतिनिधित्वले कतै स्थानै पाएन । उता जसपाले आफ्नो घोषणापत्रमा महिलासम्बन्धी कल्याणकारी कार्यक्रमहरू राखे पनि समानुपातिक सहभागिताको विषय समेटेको छैन । यसैगरी राप्रपाले पनि दया/मायामा आधारित कल्याणकारी कार्यक्रम मात्र समेटेको छ ।

यसरी विभिन्न मुख्य दलका घोषणापत्र हेर्दा उनीहरू महिला, दलित, अल्पसङ्ख्यक आदिका लागि कल्याणकारी र दयामा आधारित कार्यक्रम समावेश गर्न अग्रसर देखिएका छन् । तर अधिकारमा आधारित पक्ष भने ओझेलमा पर्ने गरेको छ । त्यसैगरी समानुपातिक र समावेशी जस्ता शब्द परिहाले पनि त्यो शासकीय पदहरूमा लागु गर्ने पक्षमा मौन देखिएका छन्, जसको ज्वलन्त उदाहरण मुख्य दलले विभिन्न पदमा दिएका उम्मेदवारी नै काफी छन् । उम्मेदवारी नै नदिइएपछि विजयी हुने सम्भावना त स्वतः न्यून हुने नै भइहाल्यो ।

परिच्छेद

# ७

# स्थानीय निर्वाचनमा अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत

# परिच्छेद ७

# स्थानीय निर्वाचनमा अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत

## ७.१ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषता भएका व्यक्तिलाई बुझाउने छाता शब्द अन्तरलिङ्गी भएको संयुक्त राष्ट्र सङ्घको भनाइ छ। यस्ता विशेषता भन्नाले यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसूचकको ढाँचा बुझाउँछ। जसले लैङ्गिक पहिचान हरेक व्यक्तिको लैङ्गिकतासम्बन्धी व्यक्तिगत अनुभूति हो भन्ने मान्छ। यसैगरी विश्व स्वास्थ्य सङ्गठनले लैङ्गिक पहिचानलाई 'न कुनै रोग न त कुनै विकार' नै हो भनेको छ। नेपालको सर्वोच्च अदालतले लैङ्गिक पहिचानलाई व्यक्तिको आत्मनिर्णयको अधिकारका रूपमा व्याख्या गरेको छ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भन्नाले लेस्बियन (महिला समलिङ्गी), गे (पुरुष समलिङ्गी), बाइसेक्सुअल (उभयलिङ्गी), ट्रान्सजेन्डर (पारालिङ्गी पुरुष/महिला), इन्टरसेक्स (अन्तरलिङ्गी), क्युइअर (समयोनी सम्पर्क गर्ने), असेक्सुअल (प्रत्यक्ष लिङ्ग वा लैङ्गिक इन्द्रिय नभएको) आदि समुदाय पर्छन्, जसलाई छोटकरीमा एलजिबिटिआइक्युए भनिन्छ।

### यौनिक अल्पसङ्ख्यकको तथ्याङ्क लिनु व्यावहारिक छैने

अघिल्लो जनगणनामा यौनिक अल्पसङ्ख्यकको तथ्याङ्क लिने प्रयास भएको थियो। जनगणनाका बेला व्यक्ति/व्यक्तिपिच्छे कुरा गर्न सम्भव नहुने, कुरा गरे पनि कतिले वास्तविक परिचय लुकाउने, घरमूलीले आफ्नो परिवारमा कोही यस्तो व्यक्ति भए पनि ढाकछोप गर्ने भएकाले यकिन तथ्याङ्क आउनै सकेन। त्यसमाथि को यौनिक अल्पसङ्ख्यक हो र को होइन भन्नेमा पनि एकमत छैन। त्यसैले यस्तो तथ्याङ्क लिन कठिनाइ परेको हो। र सबैको लिन सम्भव पनि छैन।

**ढुण्डीराज लामिछाने**
*निर्देशक, केन्द्रीय तथ्याङ्क विभाग*

यो समुदाय खासगरी लैङ्गिक पहिचानसहितको जन्मदर्ता, नागरिकता तथा राहदानी र प्रमाणपत्रको समस्याबाट पीडित छ। नागरिकतालाई सबै अधिकार प्राप्तिको अधिकार मानिन्छ। तर यही चिजबाट वञ्चित हुनुले उनीहरू कति पीडा सहन बाध्य छन् भन्ने सहजै बुझ्न सकिन्छ।

नेपालको संविधानले धारा १२ नागरिकताको हक, धारा १८ समानताको हक र धारा ४२ सामाजिक न्यायको हकमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको हक सुरक्षित गरेको छ। संविधानको धारा ३५ (४) मा समावेशी र समानुपातिक सहभागिताको विषय उल्लेख छ।

२०७९ जेठ १० गतेमात्र राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा सङ्घीय संसद्मा पेस भएको सरकारको नीति तथा कार्यक्रमले पनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबारे बोलेको छ, जसमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको हित संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश र स्थानीय तहको सहकार्यमा जिल्ला स्तरमा समन्वय एकाइ प्रबन्ध गर्ने भनिएको छ। यस्तो एकाइले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकसहित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको हित संरक्षण र समस्या सम्बोधन गर्ने उल्लेख छ।

नेपालको निर्वाचन इतिहास हेर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका दृष्टिकोणबाट त्यति उत्साहप्रद छैन। तापनि क्रमशः भइरहेको सुधारले भने केही आशा पक्कै जगाएको छ। निर्वाचन आयोगको वेबसाइट खोल्नेबित्तिकै अगाडि पृष्ठमै एउटा तथ्याङ्क देखिन्छ, जसमा लेखिएको छ- २०७९ वैशाख २९ गतेसम्म १८ वर्ष पूरा भएका मतदाताको सङ्ख्या, महिला : ८७४१५३०, पुरुष ८९९२०१०, अन्य : १८३। जम्मा : १७७३३७२३।

अन्य भनेको के ? यसको उत्तर कसैलाई पनि थाहा छैन। त्यसैले यो अन्य भनेको एलजिबिटिआइक्युए समुदाय हो कि भन्ने अनुमानले चित्त बुझाउनुपर्ने, विश्लेषण/व्याख्या गर्नुपर्ने अवस्था छ। यो द्विविधाको जग भनेको राष्ट्रिय जनगणना नै हो। राष्ट्रिय जनगणनाले आफ्ना प्रश्नावलीमा व्यक्तिको लिङ्ग छुट्याउने ठाउँमा तीन ओटा विकल्प उल्लेख गरेको छ– पुरुष, महिला, अन्य लिङ्गी।

पहिलो कुरा त धेरै गणकले लिङ्गबारे सोध्दै सोध्दैनन्। उत्तरदाताको हाउभाउ हरेर आफैँ कि पुरुष कि महिला लेखिदिन्छन्। जब कि लैङ्गिक पहिचानको सवाल यसरी बाहिरबाट हेर्दैमा निर्क्योल गर्न सकिने विषय होइन। दोस्रो, कसैले आफू पुरुष र महिला दुवै लिङ्गभित्र नपर्ने बताए पनि अन्य लिङ्गी भनेर उल्लेख गरिन्छ। यसबाट लैङ्गिक पहिचान (जस्तो– महिला समलिङ्गी, पारालिङ्गी पुरुष, अन्तरलिङ्गी आदि) खुल्दैन।

यसरी एकातिर जनगणनाको जिम्मेवारी लिएको केन्द्रीय तथ्याङ्क विभागले 'मेरो जनगणना, मेरो सहभागिता, कोही नदोहोरियोस्, कोही नछुटोस्' भन्ने नारा अघि सार्‍यो अर्कोतर्फ ठूलो सङ्ख्यामा रहेका अन्य लिङ्गीको गणना आफैँ छुटायो। विभागले घर तथा परिवार सूचीकरण फाराम (जुन सुपरभाइजरले भर्छन्) मा अन्यको व्यवस्था राख्यो तर मूल प्रश्नहरू (जुन गणकले भर्छन्) मा भने यसलाई समेटिएन। त्यसैले आउनेवाला नतिजा पनि यकिन नहुने करिब निश्चित छ।

त्यसैले यौनिक अल्पसङ्ख्यकको पहिचानसहितको सङ्ख्या पत्ता लगाउन राष्ट्रिय जनगणनादेखि नै बेवास्ता गरिँदै आएको छ । यसरी राष्ट्रिय जनगणनाकै गणना पूर्ण नहुँदा मुलुकभर यौनिक अल्पसङ्ख्यकको पहिचानसहितको सङ्ख्या यकिन हुन सकेको छैन, जसले गर्दा न यो समुदायको जम्मा जनसङ्ख्या थाहा हुन्छ न त मतदाता नै । यस्तो परिवेशमा कतिले उम्मेदवारी दिए र कतिले विजय हासिल गरे भन्ने खुट्याउन सकिने अवस्था नै छैन । त्यसैले नेपालको राजनीतिक क्षेत्र तथा निर्वाचित प्रतिनिधिहरूमा यौनिक अल्पसङ्ख्यकहरूको सहभागिता अनुमानकै भरमा चल्दै आएको छ आजसम्म ।

विभिन्न दलले आफ्नो घोषणापत्रमा यौनिक अल्पसङ्ख्यकको अधिकारका विषय उल्लेख गरेका छन् । तर यी मुख्य तथा ठूला दलले स्थानीय निर्वाचनमा यो समुदायलाई कत्तिको ध्यान दिए त भन्ने महत्त्वपूर्ण सवाल हुन आउँछ ।

पालिकाको कुनै पनि पदमा उम्मेदवार हुनका लागि मनोनयनपत्र भर्नुपर्छ । यस्तो मनोनयनपत्रमा नाम, ठेगानाका अतिरिक्त लिङ्ग पनि खुलाउनुपर्ने व्यवस्था छ, जसमा पुरुष/महिला/अन्य लेखिएको छ । निर्वाचन आयोगले प्रकाशन गरेको उम्मेदवारहरूको सूचीमा मात्र होइन, निर्वाचितहरूको सूचीमा समेत पुरुष र महिला छुट्याइएको छ भने अन्यको ठाउँमा ० उल्लेख छ । यसको मतलब उम्मेदवारहरूले नै लिङ्गमा 'अन्य' खुलाउन चाहेनन् वा उल्लेख भए पनि निर्वाचन आयोगले खुलाउन चाहेन ।

यो निर्वाचनमा सिके राउत नेतृत्वको जनमत पार्टीबाट नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाको उपाध्यक्षमा गीता सैथवारको उम्मेदवारी परेको थियो । यौनिक अल्पसङ्ख्यकबाट चिनिने गरी उम्मेदवारी दिने उनी एकजना मात्र हुन । तर पनि उनले उम्मेदवारी दर्ता गर्दा भर्नुपर्ने फाराममा भने महिला उल्लेख गरेकी छिन् । यसबाहेक पनि यो समुदायका केही व्यक्तिले उम्मेदवारी दिएकामा लिङ्गमा भने कि महिला कि त पुरुष उल्लेख गरेका छन् । त्यसैले यौनिक अल्पसङ्ख्यक समुदायबाट कतिले उम्मेदवारी दिए भन्ने नै खुल्दैन ।

यौनिक अल्पसङ्ख्यकको अधिकारका लागि काम गर्ने संस्था मितिनीका अनुसार स्थानीय तह सदस्य निर्वाचन २०७४ मा तेस्रो लिङ्गी समुदायबाट तीन जनाले विभिन्न पदमा उम्मेदवारी दिएका थिए तर कसैले पनि जितेनन् । २०७९ को निर्वाचनमा भने एक पारालिङ्गी पुरुष र एक पारालिङ्गी महिला वडा सदस्यमा निर्वाचित भएका छन् ।[१४] मितिनीको यो तथ्याङ्कअनुसार मुलुकको सिङ्गो शासनसत्तामा यौनिक अल्पसङ्ख्यकको सहभागिता यिनै २ सदस्यले धानेका पुष्टि हुन्छ ।

---

[१४] मितिनी अध्यक्ष लक्ष्मी घलानसँग २०७९ जेठ १७ गते गरिएको कुराकानीमा आधारित

## ७.२ लोपोन्मुख समुदाय

नेपालमा करिब ७ लाख आदिवासी अपाङ्गता भएका महिला छन् ।[१५] तर राज्यका कुनै पनि निकायमा उनीहरूको समानुपातिक प्रतिनिधित्व हुन सकेको छैन । जस्तो– निजामती सेवाका ८२,७७८ जना कर्मचारीमध्ये १३,२९६ अर्थात् १६.०७ प्रतिशत आदिवासी जनजाति कर्मचारी छन्, जसमध्ये महिला ३,६१९ जना अर्थात् ४.३८ प्रतिशतमात्र छन् ।[१६] राजनीतिक दलको केन्द्रीय समितिमा देखिएको उनीहरूको सहभागिताले पनि आदिवासी महिला कति पछि पारिएका छन् भन्ने देखिन्छ । जस्तो– एमालेको २०२ सदस्यीय समितिमा आदिवासी महिला ११ जना मात्र छन् भने नेपाली कङ्ग्रेसको ८० सदस्यीय समितिमा तीन जना छन् ।

जहाँसम्म जातीय/भाषिक अल्पसङ्ख्यकको कुरा छ, उनीहरूको पनि निर्वाचित पदहरूमा सहभागिता सन्तोषजनक छैन । अझ कतिपय समुदाय त निर्वाचनको प्रक्रियामा समेत अटाउन सकेका देखिन्नन् । न उनीहरूमा यसखाले चेतना देखिएको छ न त राजनीतिक दलहरूले नै उनीहरूलाई मुलुकको शासन सञ्चालन तथा विकास/निर्माणको मूलप्रवाहीकरणमा समावेश गराउनुपर्ने आफ्नो दायित्व निर्वाह गरिरहेका छन् । यही कारण अल्पसङ्ख्यकहरू संवैधानिक अधिकार उपयोग गर्नबाट पनि पछि परिरहेका छन् ।

सरकारी तथ्याङ्कअनुसार नेपालमा १२५ जाजाति छन्, तीमध्ये अल्पसङ्ख्यक जातजाति ९८ छन्, जसमध्ये १० वटालाई लोपोन्मुख मानिएको छ, जसमा कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा र कुसबाडिया (पत्थरकट्टा, सिलकट, कुसबधिया, कुचबधिया) पर्छन् ।[१७] ०.५ प्रतिशतभन्दा कम जनसङ्ख्या रहेकालाई अल्पसङ्ख्यकको सूचीमा राखिएको छ । शासकीय पदहरूमा अल्पसङ्ख्यकहरूकै प्रतिनिधित्व उचित नभएको सन्दर्भमा लोपोन्मुखको उचित सहभागिता खोजिनु नै बेकार छ । भनाइको मतलव निर्वाचित पदहरूमा यी समुदायको उपस्थिति निकै दयनीय छ, जसलाई तलका उदाहरणले पुष्टि गर्छन्–

कुसुन्डाको जनसङ्ख्या २७३ छ, जसमा महिला १५० जना छन् । २०७४ को स्थानीय तह सदस्य निर्वाचनमा यो समुदायका धनबहादुर कुसुन्ड[१८] घोराही उमनपाको कार्यपालिका सदस्यमा एमालेबाट मनोनीत भएका थिए । सिन्धुली र रामेछाप आसपास बसोबास रहेको हायु समुदायको जनसङ्ख्या २,९२५ छ, जसमा महिला १,५२४ जना छन् । गत निर्वाचनमा यो समुदायका जमुना हायु रामेछाप नगरपालिका-२ मा कार्यपालिका सदस्य चुनिएकी थिइन् । त्यसैगरी सिन्धुलीको गोलबन्जार गापाको कार्यपालिका सदस्यमा इन्द्रमाया हायु चुनिएकी थिइन् भने सुनकोसी गाउँपालिका-२ मा अस्मिता हायु चुनिएकी थिइन् ।

[१५] 14 NIDWAN, 2020, et al, Statement on the Impact of the Global COVID-19 Pandemic on Persons with Disabilities from Minority, Indigenous and other Marginalised Communities, 2020. https://minorityrights.org/2020/04/27/ statement-covid-19-pandemic-on-persons-with-disabilities-from-minority-indigenous-communities/

[१६] नेपालको समावेशी नीति र निजामती सेवामा आदिवासी जनजातिको पहुँच

[१७] सामाजिक सुरक्षा ऐन, २०७५

[१८] अध्यक्ष, नेपाल कुसुन्डा विकास समाज

किसान झापामा बसोबास गर्ने अर्को लोपोन्मुख समुदाय हो । १७३९ जनसङ्ख्या भएको यो समुदायमा महिला ९०८ जना छन्, जसबाट स्थानीय निर्वाचनको कुनै पनि पदमा उम्मेदवारी नै परेको छैन । झापाकै मेचीनगर नगरपालिका-१२ जोरसिमल बस्ने मेचे समुदायको जनसङ्ख्या ४,८६७ छ, जसमा महिलाको सङ्ख्या २६०२ छ । गत चुनावमा यो समुदायबाट नेपाली कङ्ग्रेस र एमालेबाट १-१ जना वडाध्यक्ष भएका थिए । एक जना कार्यपालिका सदस्य पनि भएका थिए । एक जना वडा सदस्यमा मनोनीत भएका थिए ।

लेप्चा इलाममा बसोबास गर्ने अर्को लोपोन्मुख समुदाय हो । ३,४४५ जनसङ्ख्या भएको यो समुदायमा १६९६ जना महिला छन् । अर्को लोपोन्मुख समुदाय राजी कैलालीको टीकापुर नगरपालिका क्षेत्रमा भेटिन्छन् । ४२३५ जनसङ्ख्या रहेको यो समुदायमा महिलाको सङ्ख्या २,१९१ छ । यो समुदायबाट अघिल्लो चुनावमा ३ जना वडा सदस्य र एकजना कार्यपालिका सदस्य थिए । त्यसैगरी नेपालगन्ज उपमहानगरपालिका क्षेत्रमा भेटिने कुसबाडियाको सङ्ख्या ३,१८२ छ, जसमा महिलाको सङ्ख्या १५९५ छ । सिकार गर्ने र माग्ने पेसामा लागेकाले उनीहरूको स्थायी बसोबास छैन । त्यसैले उनीहरूको निर्वाचनहरूमा कुनै पनि प्रतिनिधित्व देखिँदैन ।

### लोपोन्मुख समुदायबाट स्थानीय तहमा विजयी सङ्ख्या र प्रतिनिधित्व गर्ने दल

| प्रतिनिधित्व गर्ने दल | विजयी सङ्ख्या |
|---|---|
| एमाले | ९ |
| नेका | १ |
| जम्मा | १० |

राउटे फिरन्ते समुदाय हो । जसको जनसङ्ख्या ६१८ छ भने यसमा महिलाको सङ्ख्या २९८ छ । नागरिकता नै नभएका कारण उनीहरू न उम्मेदवार बन्न पाउँछन् न त मत हाल्नै पाउँछन् । दोलखाको गौरीशङ्कर नपा-५ स्थित सुरी क्षेत्रमा बस्ने सुरेलको जनसङ्ख्या यकिन छैन । २०७४ को निर्वाचनमा यो समुदायकी सरस्वती सुरेल एमालेबाट सदस्य बनेकी थिइन् । मकवानपुरको हाँडीखोला क्षेत्र वनकरियाको बसोबासस्थल हो । यो समुदायको पनि यकिन तथ्याङ्क छैन ।[१९]

नेपालमा आदिवासी जनजाति ३५.७ प्रतिशत छन् ।[२०] यिनीहरूमध्ये पनि अल्पसङ्ख्यक र त्यसमा पनि लोपोन्मुख समुदायको शासकीय पदहरूमा देखिएको उपस्थिति वास्तवमै लाजमर्दो छ । यस्तो अवस्थामा अझै ती समुदायका महिलाको सहभागिता खोज्नु त झनै मरुभूमिमा पानी खोजे सरह हुने देखिन्छ । जसले हाम्रो संवैधानिक व्यवस्था, नीति र कानुनलाई मात्र खिज्याइरहेका छैनन्, लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी नेपाल पक्ष राष्ट्र भएका तमाम अन्तर्राष्ट्रिय दस्ताबेजहरूको पनि खिल्ली उडाइरहेको महसुस हुन्छ ।

[१९] लोपोन्मुख समुदायको जनसङ्ख्या केन्द्रीय तथ्याङ्क विभागको २०६८ को जनगणनाबाट लिइएको हो ।
[२०] दिवस राई, महासचिव- नेपाल आदिवासी जनजाति महासङ्घ

यसरी हेर्दा स्थानीय तह सदस्य निर्वाचन २०७९ मा लोपोन्मुख समुदायबाट एकदम कमको मात्र सहभागिता हुन सकेको छ, जसअनुसार उदयपुरको कटारी नगरपालिका-११ बाट नेकपा एमालेका तर्फबाट अनन्त हायु वडाध्यक्षमा निर्वाचित भएका छन् । त्यसैगरी रामेछाप नगरपालिका-७ बाट नेपाली कङ्ग्रेसबाट रामबहादुर हायु, सिन्धुलीको कमलामाई नगरपालिका-३ बाट खेमबहादुर राई हायु र गोलन्जोर गाउँपालिका-३ बाट लक्ष्मी हायु वडा सदस्यमा निर्वाचित भएकी छिन् ।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा लोपोन्मुख जातिबाट निर्वाचितहरू

| नाम | पद | प्रतिनिधित्व गर्ने दल | तह |
|---|---|---|---|
| अनन्त हायु | वडाध्यक्ष | नेकपा एमाले | कटारी नपा-११ |
| रामबहादुर हायु | सदस्य | नेपाली कङ्ग्रेस | रामेछाप नपा-७ |
| खेमबहादुर राई हायु | सदस्य | नेकपा एमाले | कमलामाई नपा-३ |
| लक्ष्मीकुमारी हायु | सदस्य | नेकपा एमाले | गोलन्जोर गापा-५ |
| पशुपति सुनुवार (सुरेल) | महिला सदस्य | नेकपा एमाले | गौरीशङ्कर गापा-५ |
| खड्गबहादुर राजी | सदस्य | नेकपा एमाले | भजनी नपा-५ |
| भीमबहादुर राजी | सदस्य | नेकपा एमाले | भजनी नपा-९ |
| राजकुमार लोप्चा | वडाध्यक्ष | नेकपा एमाले | रोङ गापा-४ |
| आकाश लोप्चा | सदस्य | नेकपा एमाले | सूर्योदय नपा-५ |
| विशुलाल मेचे | सदस्य | नेकपा एमाले | मेचीनगर नपा-१२ |

दोलखास्थित गौरीशङ्कर गाउँपालिका-५ मा एमालेबाट महिला सदस्यमा पशुपति सुनुवार (सुरेल) निर्वाचित भएकी छिन् भने इलामको रोङ गाउँपालिका-४ को वडाध्यक्षमा एमालेबाट राजकुमार लोप्चा निर्वाचित भए । इलामकै सूर्योदय नगरपालिका-५ बाट सदस्यमा एमालेबाट आकाश लोप्चा विजयी भए भने । झापाको मेचीनगर नपा-१२ बाट विशुलाल मेचे सदस्यमा चुनिन सके ।

बाँकेको डुडुवा गाउँपालिका-८ मा एमालेबाट जवन्ती महाउत वडा सदस्यमा निर्वाचित भएकी छिन् । मागेर खाने भएकाले मगन्ता भनिने यो समुदाय ११५ घर जति मात्र भए पनि लोपोन्मुख जातिका रूपमा सूचीकृत भने हुन सकेको छैन ।

## ७.३ मधेसी महिला

नेपालका २२ जिल्लामा बसोबास गर्ने मधेसी महिला शिक्षा, चेतना, दाइजो, बोक्सी जस्ता समस्याबाट पीडित छन् । सिङ्गो मधेसले राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्वका लागि सङ्घर्ष गरिरहेको छ । यस सवालमा केही उपलब्धि पनि हासिल भइरहेका छन् । तर मधेसी महिलाका सवालमा भने अझै पनि स्रोत र अधिकारको समानुपातिक बाँडफाँट पुग्न सकेको छैन । फलस्वरूप उनीहरू चौतर्फी समस्या सामना गर्न बाध्य छन् ।

मधेसमा तुलनात्मक रूपमा महिला पछाडि छन् । उनीहरूलाई हेरिने दृष्टिकोण नै फरक छ । स्थानीय तह सदस्य निर्वाचन २०७९ हेर्दा पनि यो अवस्था छर्लङ्ग हुन्छ । विशेषगरी मधेसलाई नै केन्द्र बनाई राजनीति गर्दै आएको तथा मधेसको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टीले यो चुनावमा १४६ नगरपालिकामा पुरुषलाई प्रमुखका रूपमा उठायो । जब कि यसरी उठाइने महिला भने १५ जना मात्र रहे । त्यसैगरी १८० गाउँपालिकामा पुरुष उठाउँदा महिलालाई १० स्थानमा मात्र उठाइयो ।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा मधेस प्रदेशमा विजयी महिला (दलित महिला र महिला सदस्यबाहेक)

| दल | विभिन्न पदमा विजयी महिलाको सङ्ख्या |
|---|---|
| नेपाली कङ्ग्रेस | ७८ |
| नेकपा एमाले | ५७ |
| जसपा | ४० |
| माओवादी | २४ |
| लोसपा | १६ |

त्यसैगरी मधेसको अर्को ठूलो दल लोसपाले ८९ नगरपालिकामा पुरुषलाई प्रमुखका रूपमा उठायो । जब कि महिला भने ५ जना मात्र उठायो । त्यसैगरी ९४ ओटा गाउँपालिकामा पुरुष उठाउँदा महिलालाई भने तीन ठाउँमा मात्र उठाइयो । जसपाले २९५ वडामा जित्दा महिला एक जना पनि परेनन् । त्यसैगरी लोसपाले १०३ वडाध्यक्ष जित्दा महिला मात्र ३ जना विजयी भए ।

मधेस प्रदेशको निर्वाचन नतिजाले स्थानीय सरकारमा निर्वाचित महिलाको अवस्था झल्काउन सघाउँछ । यो प्रदेशमा १५,७८० महिला उम्मेदवार थिए, जसमा २,७७० जना निर्वाचित भए । कानुनले नै बाध्यकारी बनाएको महिला सदस्य १,२७१ जना र दलित महिला सदस्य १,२६५ जना घटाउँदा अन्य पदमा विजयी हुने महिलाको सङ्ख्या २३४ मात्र हुन आउँछ ।

यसरी मधेसमा नेपाली कङ्ग्रेसबाट विभिन्न पदमा ७८, एमालेबाट ५७, जनता समाजवादी पार्टीबाट ४०, माओवादीबाट २४ जना महिला निर्वाचित भएका छन् भने लोसपाबाट १६ जनाले जिते, जसमध्ये नगर प्रमुखमा ७३ जना पुरुषले जित्दा ४ जना मात्र महिलाले जिते । त्यसैगरी उपप्रमुखमा ७७ जनामध्ये ६८ जना महिला विजयी भए भने अध्यक्षमा ५९ जना पुरुष विजयी हुँदा महिला शून्य भए । अनि उपाध्यक्ष चाहिँ विजयी जति सबै अर्थात् ५९ जना नै महिला भए । यसैगरी १२७१ वडामध्ये १२ जनामा मात्र महिला निर्वाचित भए भने २४५१ जना अन्य सदस्यमा ९१ जना मात्र महिला विजयी भए ।

## ७.४ अपाङ्गता भएका महिला

अपाङ्गता भएका व्यक्ति र अझ त्यसमा पनि विशेषगरी महिला र बालिका बहुविभेदको सिकार हुँदै आएका छन् । नेपाल अपाङ्ग महिला सङ्घमा परेका उजुरी विश्लेषण गर्दा पनि यो समस्याको आकार थाहा पाउन सकिन्छ । जस्तो– सन् २०१८ देखि २०२१ सम्म ५० वटा यस्ता घटना भएका छन्, जसमध्ये धेरै बलात्कारका घटना छन् भने त्यसपछि अंश नदिइएको, बहुविवाह, घर निकाला, स्याहार नपाएको आदि थिए ।[२१]

६० प्रतिशत अपाङ्गता भएका महिला घरेलु हिंसामा परेका, ३६ प्रतिशतको आधारभूत आवश्यकता नै पूरा नभएको, ४५ प्रतिशत शिक्षा र तालिमबाट वञ्चित हुनु तथा १० प्रतिशतले स्वास्थ्योपचार नै नपाउनु अनि ९ प्रतिशत शारीरिक एवं यौनजन्य हिंसाबाट पीडित हुनुले पनि अपाङ्गता भएका महिलाको अवस्था कति दयनीय छ भन्ने प्रस्ट्याउँछ ।[२२]

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले भेदभावविरुद्धको अधिकारअन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताका आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनेको छ । यसैगरी यो ऐनको दफा १९ मा अपाङ्गता भएका महिलाको अधिकार शीर्षकमा नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकार संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सिप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिएबमोजिम आवश्यक व्यवस्था गर्नुपर्नेछ भन्ने उल्लेख छ । नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन अधिकार संरक्षणका लागि आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था पनि यसमा समेटिएको छ ।

### स्थानीय तह सदस्य निर्वाचन २०७९ मा अपाङ्गता भएका व्यक्तिको जित[२३]

| प्रतिनिधित्व गरेको दल | विजयी सङ्ख्या |
|---|---|
| एमाले | २० |
| कङ्ग्रेस | १३ |
| माओवादी | २ |
| राष्ट्रिय जनमोर्चा | २ |
| जसपा | १ |
| नागरिक उन्मुक्ति पार्टी | १ |
| स्वतन्त्र | १ |
| **जम्मा** | ४० |

[२१] नेपालमा महिलाको अवस्था, राष्ट्रिय महिला आयोग
[२२] नेपाल अपाङ्ग महिला सङ्घको अध्ययन
[२३] राष्ट्रिय अपाङ्ग महासङ्घले उपलब्ध गराएको विवरणमा आधारित

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा अपाङ्गता भएका १२४ जनाले उम्मेदवारी दिएका थिए । तीमध्ये ४० जना विभिन्न पदमा निर्वाचित भए । यसरी निर्वाचित भएकामध्ये पालिका प्रमुखमा १, उपप्रमुखमा ४, वडाध्यक्षमा २० र वडा सदस्यमा १५ जना थिए । निर्वाचितमध्ये पुरुष ३४ जना थिए । यसरी विजयी हुनेमा सबैभन्दा बढी एमालेबाट २० जना थिए भने कङ्ग्रेसबाट १३, माओवादीबाट २, राष्ट्रिय जनमोर्चाबाट २ तथा जसपा, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्रबाट १-१ जना थिए ।

### लिङ्गका आधारमा अपाङ्गता भएका व्यक्तिले जितेका सङ्ख्या[२४]

| | |
|---|---|
| महिला | ६ |
| पुरुष | ३४ |
| **जम्मा** | ४० |

शारीरिक, दृष्टिसम्बन्धी, सुनाइ, श्रवण दृष्टिविहीन, स्वर र बोलाइ, मानसिक वा मनोसामाजिक, बौद्धिक, हेमोफिलिया, अटिज्म र बहुअपाङ्गता गरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले अपाङ्गतालाई १० किसिममा वर्गीकरण गरिएको छ । २०६८ सालको जनगणनामा मुलुकभर अपाङ्गता भएकाहरूको जनसङ्ख्या ५,१३,९१३ उल्लेख छ । यसरी जनसङ्ख्याका आधारमा ४० जनाको जीत भनेको मात्र ०.००७७ प्रतिशत मात्र हुन आउँछ ।

## ७.५ एकल महिला

एकल महिला भन्नाले (क) पतिको निधन भएका महिला, (ख) विवाह नगरी ३५ वर्ष उमेर पूरा गरी बसेका महिला, (ग) सम्बन्ध विच्छेद भएका महिला, (घ) सम्बन्ध विच्छेद नगरी भिन्न बसेका महिला र (ङ) श्रीमान् बेपत्ता तथा हराइ एक्लै बसेका महिला भन्ने बुझिन्छ, जसले वैवाहिकताका आधारमा विभेदपूर्ण समाज, महिलालाई परिवारले पारिवारिक सदस्यका रूपमा महत्त्व तथा स्थान नदिनु, शिक्षाको अभाव, आफ्ना हक/अधिकार सम्वन्धमा अनभिज्ञ, आर्थिक भार उच्च, धार्मिक तथा सांस्कृतिक कार्यमा सहज रूपमा स्वीकार्य नगरिनु, न्यायमाथि पहुँच नहुनु, भौगोलिक असमानता जस्ता कारण एकल महिलाबीच फरकफरक विभेद र समन्वय अभाव जस्ता समस्या छन् ।

### दलअनुसार विजयी एकल महिला

| विजयी सङ्ख्या | प्रतिनिधित्व गर्ने दल |
|---|---|
| एमाले | २४ |
| नेका | ५२ |

[२४] राष्ट्रिय अपाङ्ग महासङ्घले उपलब्ध गराएको विवरणमा आधारित

| | |
|---|---|
| माओवादी | ९ |
| नेकपा एस | १ |
| **जम्मा** | **८६** |

नेपालमा विधवा महिला ४,९८,६०६ जना छन् भने सशस्त्र द्वन्द्वका कारण विधवा भएका करिब ९,००० जना छन् । त्यसैगरी स्थानीय तह सदस्य निर्वाचन २०७४ मा १४६ जना एकल महिला विभिन्न पदमा निर्वाचित भएका थिए ।[२५]

## प्रदेशअनुसार विजयी एकल महिला

| प्रदेश | विजयी सङ्ख्या |
|---|---|
| १ | २० |
| मधेस | ५ |
| वाग्मती | ५ |
| गण्डकी | १४ |
| लुम्बिनी | १४ |
| कर्णाली | ७ |
| सुदूरपश्चिम | २१ |
| **जम्मा** | **८६** |

नेपालको दशौँ/एघारौँ पञ्चवर्षीय तथा अन्तरिम योजनामा एकल महिलाको विषय समेटिएको छ । राष्ट्रिय जनगणना २०६८ देखि एकल महिलाको तथ्याङ्क लिने व्यवस्था सुरु भएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा विपन्न तथा गरिबीको रेखामुनि रहेका एकल महिलाका लागि एकल महिला सुरक्षा सेवा कोष स्थापना भएको छ, जसबाट एकल महिलालाई सहयोग उपलब्ध गराइन्छ ।

## पदअनुसार विजयी एकल महिला

| पद | विजयी सङ्ख्या |
|---|---|
| उपप्रमुख | १३ |
| उपाध्यक्ष | ८ |
| वडाध्यक्ष | १ |
| सदस्य | ६४ |
| **जम्मा** | **८६** |

[२५] एकल महिला समूह

प्रदेश १ मा २० जना एकल महिला विभिन्न पदमा विजयी भएका छन्, जसमध्ये ६ जना नगर उपप्रमुखमा, २ जना गाउँपालिका उपाध्यक्षमा र १२ जना सदस्यमा विजयी भएका छन् । यसैगरी मधेस प्रदेशबाट १ जना उपप्रमुखमा विजयी भएकी छन् भने ४ जना वडा सदस्यमा विजयी भएका छन् । वाग्मती प्रदेशबाट १ जना वडाध्यक्षमा र ४ जना वडा सदस्यमा विजयी भएका छन् । गण्डकी प्रदेशमा नगर उपप्रमुखमा ३, गाउँपालिका उपाध्यक्षमा २ र वडा सदस्यमा ९ जना विजयी भएका छन् । लुम्बिनी प्रदेशबाट २ जना उपप्रमुखमा, १ जना उपाध्यक्षमा र ११ जना वडा सदस्यमा निर्वाचित भएका छन् । कर्णाली प्रदेशमा १ जना उपप्रमुखमा, २ जना उपाध्यक्षमा र ४ जना सदस्यमा विजयी भएका छन् । सुदूरपश्चिम प्रदेशमा १ जना उपाध्यक्षमा र २० जना वडा सदस्यमा विजयी भएका छन् ।[२६]

## ७.६ दलित महिला

नेपालको जनगणना २०६८ अनुसार कुल जनसङ्ख्याको १३.८ प्रतिशत दलितको सङ्ख्या छ । कुल जनसङ्ख्याको ८.१२ प्रतिशत पहाडी दलित र ४.४१ प्रतिशत मधेसी दलितको सङ्ख्या छ । कुल दलितको सङ्ख्यामध्ये १४ लाख ५४ हजार ९७ पुरुष र १६ लाख ११ हजार ९८१ महिला छन् । कुल महिलाको जनसङ्ख्यामा दलित महिला १५ प्रतिशत छन् ।[२७]

दलित महिला आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक जस्ता सबै पक्षबाट पिछडिएका छन् । अहिले पनि दलित समुदायमाथि छुवाछूत व्यापक छ भने दलित महिला यस्ता घटनाबाट बढी नै पीडित छन् । २०७७ कात्तिकदेखि २०७८ असोजसम्ममा दलित समुदायमाथि जातीय भेदभाव तथा छुवाछूतका ६७ घटना दर्ता भएका थिए, जसमा ६१.११ प्रतिशत दलित महिलामाथि हुनुले पनि उनीहरू कति प्रताडित छन् भन्ने प्रस्टिन्छ ।[२८]

### सभापतिले "सरी" भने[२९]

म पहिले पनि ४ नम्बर वडाबाट दलित महिला सदस्यमा निर्वाचित भएकी थिएँ । ५ वर्षसम्म वडाको काम नजिकबाट नियालेका कारण अब वडाध्यक्ष चलाउन सक्छु भन्ने आत्मविश्वास पलाएको थियो । त्यसैले वडाध्यक्षमा उठ्छु भनेँ । अरू १० जना पनि प्रत्याशी निस्किए । त्यसपछि हामी एघारै जनाको नाम सिफारिस भयो । अरू १० जना पुरुष थिए, त्यसमा पनि सबै जना गैरदलित ।

[२६] विजयी एकल महिलाको सङ्ख्या र प्रतिनिधित्व गर्ने दल मानव अधिकारका लागि एकल महिला समूहबाट प्राप्त जानकारीमा आधारित

[२७] नेपालमा महिलाको अवस्था, राष्ट्रिय महिला आयोग

[२८] दलित महिला सङ्घ

[२९] २०७९ जेठ १६ गते गरिएको कुराकानीमा आधारित

अनि मैले नेपाली कङ्ग्रेसका जिल्ला सभापति नरेन्द्र सिंहलाई भेटेर म एक मात्र महिला, त्यसमा पनि दलित हुँ । अनुभव छ । काम गरेर देखाउँछु । अवसर देऊ भनेँ । तर उनले दिएनन् । १० जना पुरुषमध्ये वीरेन्द्र साहलाई टिकट दिइयो । यो निर्णयमा चित्त नबुझ्री योगेन्द्र कठायत बागीका रूपमा स्वतन्त्रबाट उठे ।

यसरी उठेका कङ्ग्रेसका आधिकारिक उम्मेदवार वीरेन्द्रले २१३ मत ल्याए । बागीले २५८ मत ल्याए । यी दुवैको मत जोड्दा ४७१ हुन्छ । तर माओवादीबाट उठेका अशोककुमार सोपले ३१२ मत ल्याएर जिते । त्यसपछि पहिले मलाई टिकट दिन नमानेका जिल्ला सभापतिले फोन गरेर 'तपाईंलाई नदिएर गल्ती भएछ, सरी' भने । त्यति मात्र होइन, यही गल्तीको क्षतिपूर्तिबापत मलाई नगर कार्यपालिकामा मनोनयनसमेत गरे ।

***पार्वती पार्की***

*दीपायल सिलगडी नगरपालिका, डोटी*

स्थानीय तह सदस्य निर्वाचन ऐन, २०७३ ले गाउँपालिका वा नगरपालिकाको वडा समितिमा १ जना दलित महिलासहित २ वडा सदस्य र २ वडा सदस्यको निर्वाचनमा सबैभन्दा बढी मत ल्याउने २-२ जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने उल्लेख गरेको छ । यो भनेको मुलुकका सबै वडामा कम्तीमा पनि एक जना दलित महिला सदस्यमा चुनिनैपर्ने व्यवस्था हो, जसअनुसार नेपालका ७५३ स्थानीय तहमा ६,७४३ वडा छन्, जसमा कम्तीमा एक जना दलित महिला चुनिनैपर्छ ।

### अति भएपछि....

२०७४ को चुनावमा एमालेबाट वडाध्यक्षको उम्मेदवार बनेको थिएँ । हराए । यस पटक पनि टिकट देलान् भनेको त, नदिने पारा पो ल्याए । पार्टी फुटेकाले उनीहरूलाई नै भाग नपुग्ने भयो । हामी दलितलाई कसले हेरोस् । त्यसमाथि हामी दलित गैरदलितभन्दा बढी भए पनि हाम्रा समस्या समाधानमा कसैले ध्यानै नदिने ।

त्यसैले दलित समुदायका सबै जना सल्लाह गर्‍यौं र दलितबाट नै एउटा टिम बनाएर स्वतन्त्रबाट छुट्टै उम्मेदवारी दिने निर्णय गर्‍यौं । नभन्दै वडाध्यक्षलगायत ४ जनाले जित्यौं । महिला सदस्यमा भने हामीले नबुझेर पुरुष नै उम्मेदवार दिएछौं, कर्मचारीले पनि हुन्छ भनिदिए । त्यसैले नेपाली कङ्ग्रेसकी रामदेवी काफ्ले निर्वाचित भइन् । नत्र त्यो पद पनि हामी नै जित्थ्यौं । अहिले हामीलाई बेवास्ता गर्नेलाई शक्ति देखाइदिएका छौं, लौ जा त भनेर ।

***धनबहादुर कामी***

*वडाध्यक्ष, कनकासुन्दरी गाउँपालिका-८, जुम्ला*

तर यसरी कानुनले नै बाध्यात्मक बनाएको पदमा पनि सबै स्थानमा दलित महिला चुनिन सकेनन् । निर्वाचन आयोगकै अनुसार २०७४ को स्थानीय चुनावमा १५४ यस्ता पद खाली भए । कर्णालीका ३७ वडामा उम्मेदवारी नै परेन । स्थानीय निर्वाचन २०७९ मा पनि सबै ठाउँमा उम्मेदवारी परेन । १२३ ठाउँमा दलित महिलाको उम्मेदवारी नै नपरेकाले ती ठाउँका पद रिक्त रहेको निर्वाचन आयोगले सार्वजनिक गरेको छ ।

यसरी दलित महिलाको उम्मेदवारी नपरेका ठाउँमध्ये कर्णाली अग्रस्थानमा छ । कर्णालीका ७९ स्थानीय तहका ७१८ वडामध्ये ३६ वटामा दलित महिलाको उम्मेदवारी नै परेन । जिल्लागत रूपमा हेर्दा डोल्पाका २२ वडामा यस्तो उम्मेदवारी शून्य रह्यो । डोल्पाको पनि शे-फोक्सुन्डो गाउँपालिकाका वडा नं. १, ३, ६, ७, ८ र ९ मा यस्तो उम्मेदवारी नै परेन । टाढा जानैपर्दैन, काठमाडौँ उपत्यकाकै २१ स्थानीय तहमध्ये २६ वटा वडामा दलित महिलाको उम्मेदवारी नै परेन । १६ वटा वडामा भने १-१ जना मात्र दलित महिला सदस्यको उम्मेदवारी परेका कारण उनीहरू निर्विरोध निर्वाचित भए ।

## दलअनुसार स्थानीय तहमा विजयी दलित महिला (बाध्यकारी)

| दल | विजयी सङ्ख्या |
|---|---|
| नेका | २५५४ |
| एमाले | २२९५ |
| माओवादी | ९७३ |
| जसपा | २९६ |
| नेकपा (एस) | १८० |
| लोसपा | ११३ |
| राप्रपा | ५४ |

भक्तपुर नगरपालिका-१, २, ३, ४, ७, ८ र ९ मा पनि दलित महिला सदस्यको उम्मेदवारी नै परेन । भक्तपुरकै सूर्यविनायक नगरपालिका-३ मा पनि यो पद खाली रह्यो । यसरी नै ललितपुर महानगरपालिकाको वडा नं. १, ६, ७, ८, १२, १६, १७, २१, २६ र २७ नं. मा पनि दलित महिलाको उम्मेदवारी परेन । काठमाडौँ महानगरपालिकाको वडा नं. २५ र २६ मा पनि दलित महिला सदस्यको उम्मेदवारी परेन ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिकाको वडा नं. १, ३ र ४ मा पनि दलित महिला सदस्यमा उम्मेदवारी नै परेन । अझ मनाङमा त दलित महिला मात्र होइन, महिला सदस्यमै पनि उम्मेदवारी परेन । त्यसैगरी नर्पाभूमि गाउँपालिकाका ५ वटै वडामा दलित महिला सदस्यको उम्मेदवारी परेन भने एक महिला सदस्यको पनि परेन । ङिस्याङ गाउँपालिकामा पनि २ वडामा दलित महिलाको उम्मेदवारी नै परेन ।

एकातिर सिङ्गो दलित समुदायमाथि नै छुवाछुत तथा अपमानजन्य व्यवहार कायम गरिँदै आएको छ, अर्कोतर्फ तिनै दलित समुदायमाथि पनि महिला भएकै कारण भोग्नुपर्ने थप समस्या छन् । यस्तो अवस्थामा सानै पदमा किन नहोस्, दलित महिलाका लागि कानुनले नै बाध्यकारी बनाउँदा पनि ती पदमा उनीहरूको उपस्थिति हुन नसक्नु विडम्बनाको विषय हो । यस्तो बाध्यकारीबाहेक अन्य पदमा दलित पुरुषकै उपस्थिति अत्यन्त कम भएका बेला त्यस्ता पदमा दलित महिलाको उपस्थिति खोज्नु चाहिँ मरुभूमिमा पानीको खोजी सरह हुने पक्का छ ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा दलित समुदायबाट ९ जना मात्र पालिका प्रमुखमा निर्वाचित भएका छन् । उपप्रमुखमा भने १५ जना चुनिएका छन् ।

## स्थानीय निर्वाचन २०७९ मा दलित समुदायबाट पालिका प्रमुखमा विजयी

| नाम | निर्वाचित पद | प्रतिनिधित्व गरेको दल | तह |
|---|---|---|---|
| देवकुमार नेपाली | मेयर | नेकपा एमाले | ढोरपाटन नपा |
| बेचन दास | मेयर | नेकपा एमाले | विदेह नपा |
| पुष्प वादी | मेयर | नेकपा (माओवादी केन्द्र) | चौरजहारी नपा |
| धनबहादुर बिक | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | ताराखोला गापा |
| शेरसिंह पार्की | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | आलिताल गापा |
| ढुङ्गराज विश्वकर्मा | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | ताप्ली गापा |
| खड्क बिक | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | चौकुने गापा |
| डम्बरबहादुर बिक | अध्यक्ष | नेकपा (माओवादी केन्द्र) | खजुरा गापा |
| झगबहादुर विश्वकर्मा | अध्यक्ष | नेकपा एमाले | सरुमारानी गापा |

संविधान, समावेशी/समानुपातिक व्यवस्थासम्बन्धी विभिन्न कानुन/प्रतिबद्धता आदिले राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था मिलाइने उद्घोष गरेका छन् । तर पनि स्थानीय तह सदस्य निर्वाचन २०७९ को परिणाम हेर्दा भने दलित समुदाय निकै पछि परेको छ । अर्थात् यो समुदायबाट निर्वाचनमा विजयी हुने मुख्य पदहरूमा १ प्रतिशतको हाराहारी मात्र देखिन्छ ।

अझ त्यसमा पनि महिलाको अवस्था झनै दयनीय छ । दलित समुदायबाट ९ जना पालिका प्रमुखमा निर्वाचित हुँदा दलित महिला एकजना पनि छैनन् भने उपप्रमुखमा १५ मध्ये ११ जना महिला छन् । यहाँ पनि महिलालाई पुरुषको 'वैकल्पिक' अवस्थामा मात्र सीमित राखिएको यो तथ्याङ्कले पुष्टि गर्छ ।

### स्थानीय निर्वाचन २०७९ मा दलित समुदायबाट पालिका उपप्रमुखमा विजयी

| नाम | निर्वाचित पद | प्रतिनिधित्व गरेको दल | तह |
|---|---|---|---|
| खुमबहादुर बिक | उपप्रमुख | नेकपा (माओवादी केन्द्र) | शुक्लागण्डकी नपा |
| दीपक विश्वकर्मा | उपप्रमुख | नेकपा (माओवादी केन्द्र) | नीलकण्ठ नपा |
| मैना बिक | उपप्रमुख | नेपाली कङ्ग्रेस | गुर्भाकोट नपा |
| सुस्मिता सापकोटा सुनार | उपप्रमुख | नेपाली कङ्ग्रेस | शारदा नपा |
| उमा गोतामे | उपप्रमुख | नेपाली कङ्ग्रेस | भानु नपा |
| भरत गोपाली | उपप्रमुख | नेपाली कङ्ग्रेस | थाहा नपा |
| कल्पना हरिजन | उपप्रमुख | नेकपा एमाले | लुम्बिनी सांस्कृतिक नपा |
| मीरादेवी दास केवरत | उपप्रमुख | नेकपा एमाले | सुनवर्षी नपा |
| राजु तिरुवा | उपप्रमुख | नागरिक उन्मुक्ति पार्टी | भजनी नपा |
| धनसुवा बिक | उपाध्यक्ष | नेकपा एमाले | महाशीला गापा |
| वासमती चमार | उपाध्यक्ष | नेकपा एमाले | सरावल गापा |
| दिपोदवी पासवान | उपाध्यक्ष | जनता समाजवादी पार्टी | महोत्तरी गापा |
| शिवकान्ति चमार | उपाध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी | रोहिणी गापा |
| कल्पना नेपाली | उपाध्यक्ष | नेपाली कङ्ग्रेस | आरुघाट गापा |
| राजकला सार्की | उपाध्यक्ष | नेकपा एमाले | हिमाली गापा |

यसरी समग्रमा हेर्दा कतिपय समुदायबाट यकिन जित सङ्ख्या नै फेला पर्दैन । जति फेला परेका छन्, तिनमा पनि महिलाको सङ्ख्या एकदमै दयनीय छ । निर्वाचन आयोगको अन्तिम परिणाम अनुसार महिलाले प्रमुखमा ४, अध्यक्षमा ३, उपप्रमुखमा ७९, उपाध्यक्षमा ७३, वडाध्यक्षमा १ र अन्य सदस्यमा ३ प्रतिशतमात्र विजय हासिल गरेका छन् ।

कुल विजयीमध्ये मुख्य दलबाट विजयी हुने महिला प्रतिशतमा हेर्दा (बाध्यकारीबाहेक) कङ्ग्रेसबाट २.९८, एमालेबाट ३.४५, माओवादीबाट २.८३, नेकपा (एकीकृत समाजवादी) बाट ४.२५, ३.१० र राप्रपाबाट २.६० हुन आउँछ ।

## ७.७ लैससास नजरमा जिल्ला समन्वय समिति निर्वाचन

जिल्ला समन्वय समितिका पदाधिकारी पालिकाका प्रमुख र उपप्रमुखको मतबाट चुनिन्छन् । संविधानको धारा २२० मा उल्लेख भएअनुसार जिल्ला समन्वय समितिको काम प्रदेशले बनाएका कानुनअनुसार विकास निर्माणसम्बन्धी काममा समन्वय र अनुगमन गर्नु हो । प्रदेश तथा सङ्घीय सरकार र स्थानीय तहबीच समन्वय गर्ने, सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्ने र स्थानीय तहबीच वा जिल्लाको काममा समन्वय गर्ने काम पनि यस्ता समितिलाई दिइएको छ ।

त्यसैगरी आफ्नो जिल्लाका स्थानीय तहहरूको क्षमता विकास लागि प्रदेश तथा सङ्घसँग समन्वय, जिल्लाका सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गापा-नपाबीच समन्वय गर्ने जिम्मेवारी पनि जिल्ला समन्वय समितिको भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख छ । यसरी हेर्दा जिल्ला समन्वय समितिको सोझै काम नदेखिए पनि यसको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

## जिल्ला समन्वय समितिमा प्रमुख/उपप्रमुखमा निर्वाचित महिला (प्रदेश १)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. ओखलढुङ्गा | तारा कार्की | उपप्रमुख | नेका |
| २. इलाम | चित्रकला बराइली | उपप्रमुख | नेकपा समाजवादी |
| ३. सोलुखुम्बु | टीकामाया मगर | उपप्रमुख | नेका |
| ४. झापा | मीना पराजुली | उपप्रमुख | एमाले |
| ५. मोरङ | उषा झा | उपप्रमुख | एमाले |
| ६. भोजपुर | अनिशा खड्का | उपप्रमुख | माओवादी |
| ७. सङ्खुवासभा | बबिता खत्री | उपप्रमुख | नेका |
| ८. धनकुटा | सावित्रा राई | उपप्रमुख | एमाले |
| ९. सुनसरी | कमला दाहाल | उपप्रमुख | नेका |

प्रदेश १ मा १४ वटा जिल्ला छन्, जसमध्ये ९ वटाको जिल्ला समन्वय समितिको उपप्रमुखमा महिलाले जित्दा प्रमुख एउटामा पनि जितेनन् । यसरी विजयी हुनेमा नेकाबाट ४, एमालेबाट ३, माओवादीबाट १ र नेकपा एसबाट १ जना थिए ।

## जिल्ला समन्वय समितिमा प्रमुख/उपप्रमुखमा निर्वाचित महिला (मधेस प्रदेश)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. बारा | चण्डिका सापकोटा | उपप्रमुख | एमाले |
| २. धनुषा | सङ्गीतादेवी ठाकुर | उपप्रमुख | नेका |

मधेस प्रदेशमा ८ जिल्ला छन् । यो प्रदेशको जिल्ला समन्वय समितिमध्ये एउटामा एमाले र एउटामा नेकाबाट उपप्रमुखमा महिलाले जितेका छन् । यो प्रदेशमा पनि महिलाले प्रमुखमा जित्न सकेनन् ।

## जिल्ला समन्वय समितिमा प्रमुख/उपप्रमुखमा निर्वाचित महिला (वाग्मती प्रदेश)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. रामेछाप | चिना खड्का कार्की | प्रमुख | नेका |
| २. सिन्धुली | शान्ता कार्की | उपप्रमुख | नेका |
| ३. काठमाडौँ | शान्ति पाण्डे | उपप्रमुख | नेका |
| ४. चितवन | कल्पना काफ्ले सापकोटा | उपप्रमुख | नेकपा एस |
| ५. भक्तपुर | सुजाते वादे श्रेष्ठ | उपप्रमुख | नेका |

वाग्मती प्रदेशमा १३ जिल्ला छन्, जसमध्ये रामेछाप जिल्ला समन्वय समितिको प्रमुखमा नेकाबाट महिला प्रमुखमा विजयी हुन सफल भइन् । ४ वटा जिससमा उपप्रमुख महिलाले जितेका छन्, जसमध्ये एकजना नेकपा एसबाट छन् भने बाँकी नेकाबाटै छन् ।

## जिल्ला समन्वय समितिमा निर्वाचित पदाधिकारी (गण्डकी प्रदेश)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. मुस्ताङ | माया गुरुङ | प्रमुख | एमाले |
| २. नवलपरासी (पूर्व) | शकुन्तला लम्साल | उपप्रमुख | एमाले |
| ३. कास्की | सरिता कुमाल | उपप्रमुख | एमाले |
| ४. गोरखा | लीला परियार | उपप्रमुख | माओवादी |
| ५. लमजुङ | बुना रिमा | उपप्रमुख | एमाले |
| ६. म्याग्दी | दिलकुमारी खत्री | उपप्रमुख | एमाले |

गण्डकी प्रदेशमा ११ जिल्ला छन्, जसमध्ये मुस्ताङको जिल्ला समन्वय समितिको प्रमुखमा एमालेबाट माया गुरुङ प्रमुखमा निर्वाचित भएकी छन् । यसबाहेक ५ वटामा उपप्रमुख महिला भएका छन् । जसमा एक जना माओवादीबाट र बाँकी सबै एमालेबाट छन् ।

## जिल्ला समन्वय समितिमा प्रमुख/उपप्रमुखमा निर्वाचित महिला (लुम्बिनी प्रदेश)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. अर्घाखाँची | लक्ष्मी शर्मा ज्ञवाली | उपप्रमुख | एमाले |
| २. बर्दिया | अमिताकुमारी यादव | उपप्रमुख | नेका |
| ३. रोल्पा | सीता आचार्य | प्रमुख | माओ |
| ४. पाल्पा | कासिका गैरे | उपप्रमुख | एमाले |
| ५. प्युठान | दुर्गा रेग्मी | उपप्रमुख | माओवादी |
| ६. बाँके | सरिता कार्की | उपप्रमुख | नेका |
| ७. दाङ | चेतना चौधरी | उपप्रमुख | नेका |

लुम्बिनी प्रदेशमा १२ जिल्ला छन्, जसमध्ये रोल्पामा माओवादीबाट एक जना महिला जिल्ला समन्वय समिति प्रमुखमा निर्वाचित भएकी छन् । त्यसबाहेक ६ जिल्लाका जिसस उपप्रमुखमा महिला चुनिएका छन्, जसमध्ये नेकाबाट ३, एमालेबाट २ र माओवादीबाट १ जना छन् ।

## जिल्ला समन्वय समितिमा प्रमुख/उपप्रमुखमा निर्वाचित महिला (कर्णाली प्रदेश)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. मुगु | नैली कार्की | उपप्रमुख | नेका |
| २. कालीकोट | मीना रावत (विश्वकर्मा) | उपप्रमुख | माओवादी |
| ३. रुकुम (पश्चिम) | लुम्बिनी गौतम | प्रमुख | माओवादी |

कर्णाली प्रदेशमा १० जिल्ला छन्, जसमध्ये रुकुम पश्चिममा माओवादीबाट १ महिलाले प्रमुखमा जितेकी छन् । यसबाहेक नेका र माओवादीले १/१ जिसस उपप्रमुखमा विजयी हासिल गरेका छन् ।

## जिल्ला समन्वय समितिमा प्रमुख/उपप्रमुखमा निर्वाचित महिला (सुदूरपश्चिम प्रदेश)

| जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. अछाम | दानमती बम शाही | उपप्रमुख | नेका |
| २. डोटी | स्मृति चुनारा (बिक) | उपप्रमुख | नेका |
| ३. डडेलधुरा | अमृताकुमारी ठडाली मगर | उपप्रमुख | नेका |
| ४. कञ्चनपुर | रामकुमारी राना | उपप्रमुख | नेका |
| ५. बाजुरा | लाछु सार्की | उपप्रमुख | एमाले |

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला छन् । यो प्रदेशमा ५ वटा जिल्ला समन्वय समितिको उपप्रमुखमा महिला विजयी भएका छन् । जसमध्ये ४ जना नेकाबाट छन् भने एकजना एमालेबाट विजयी भएकी छिन् ।

## जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुखमा दलित प्रतिनिधित्व

| क्रम सं./ जिल्ला | नाम | पद | दल |
|---|---|---|---|
| १. सुर्खेत | गङ्गाराम सुनार | प्रमुख | एमाले |
| २. पर्वत | विष्णुराम बिक | प्रमुख | एमाले |
| ३. कालीकोट | मीना रावत (विश्वकर्मा) | उपप्रमुख | माओवादी |
| ४. इलाम | चित्रकला बराइली | उपप्रमुख | नेकपा एस |
| ५. रुकुम (पश्चिम) | देवबहादुर कामी | उपप्रमुख | माओवादी |
| ६. रोल्पा | कर्मलाल परियार | उपप्रमुख | माओवादी |
| ७. गोरखा | लीला परियार | उपप्रमुख | माओवादी |

| | | | |
|---|---|---|---|
| ८. डोटी | स्मृति चुनारा | उपप्रमुख | नेका |
| ९. नवलपरासी (पूर्व) | बाबुराम विश्वकर्मा | प्रमुख | एमाले |
| १०. धादिङ | कुलमान विश्वकर्मा | उपप्रमुख | नेकपा एस |
| ११. उदयपुर | गौरबहादुर विश्वकर्मा | प्रमुख | नेकपा एस |
| १२. रौतहट | महेश बैठा | उपप्रमुख | नेकपा एस |
| १३. बाजुरा | लाछु सार्की | उपप्रमुख | एमाले |

७७ जिल्लाका समन्वय समितिमध्ये ४ वटामा दलितले प्रमुख जितेका छन् भने ९ वटामा उपप्रमुखमा विजयी भएका छन् । प्रमुखमा विजयी हुने दलितमा एकजना पनि महिला छैनन् भने उपप्रमुख विजयी हुनेमा चाहिँ ५ जना महिला छन् । यसैगरी जिल्ला समन्वय समितिहरूमा दलित वा अल्पसङ्ख्यक सदस्य ७७ जना छन् जसमा पुरुष ३३ जना छन् भने महिला ४४ जना छन् ।

## जिससमा दलित

| प्रमुख | प्रतिनिधित्व गर्ने दल |
|---|---|
| ३ | एमाले |
| १ | नेकपा एस |

दलगत रूपमा हेर्दा जिल्ला समन्वय समितिको दलित समुदायबाट प्रमुखमा विजयी हुने ४ मध्ये १ जना नेकपा एसबाट छन् भने बाँकी ३ जना एमालेबाट छन् । त्यसैगरी उपप्रमुखमा विजयी ८ जनामध्ये ४ जना माओवादीबाट, ३ जना नेकपा एसबाट र १ जना नेकाबाट छन् ।

## जिल्ला समन्वय समितिको उपप्रमुखमा निर्वाचित महिला (दलगत आधारमा)

| दल | उपप्रमुख |
|---|---|
| नेका | १६ |
| एमाले | ११ |
| माओवादी | ४ |
| नेकपा एस | २ |
| **जम्मा** | ३३ |

यसरी हेर्दा मुलुकभर ४ जिल्लाका जिल्ला समन्वय समितिमा मात्र दलित प्रमुख छन् भने ३३ वटामा उपप्रमुख महिला छन् । जसअनुसार ४० जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख महिलाविहीन छन् ।

परिच्छेद

# ८

# निर्वाचनलाई लैससासमैत्री बनाउन राष्ट्रिय महिला आयोगको भूमिका

# परिच्छेद ८

# निर्वाचनलाई लैससासमैत्री बनाउन राष्ट्रिय महिला आयोगको भूमिका

## ८.१ प्रदेशहरूमा कार्यक्रम

स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई लक्ष्य गरी राष्ट्रिय महिला आयोगले सातै प्रदेशमा अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेको थियो । 'नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणका लागि राजनीतिक पार्टीका प्रमुख प्रतिनिधिहरूसँग प्रदेशस्तरीय अन्तर्क्रिया' विषयक यस्ता कार्यक्रममा दलका स्थानीय नेतृत्वसँग छलफल गरिएको थियो ।

शासन प्रणालीलाई लैङ्गिक समानता र प्रतिनिधिमूलक बनाउनुका साथै नीतिगत र नेतृत्व तहमा महिलाको पहुँच अभिवृद्धि गराउन महिलाको सहभागिता र सशक्तीकरणका लागि दलका प्रतिनिधि तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्नु यस्ता कार्यक्रमको उद्देश्य थियो ।

यस्ता कार्यक्रमबाट प्राप्त मुख्य सुझावमा संविधानमा भएको व्यवस्था कार्यान्वयन गर्दै महिलाको नीतिगत सहभागिता बढाउन राजनीतिक नेतृत्वमा एकतिहाइ सहभागिता हुनुपर्ने, गठबन्धन गरी उम्मेदवारी दिनुपर्ने अवस्थामा पुरुष मात्र नभई महिलालाई पनि प्रमुख र उपप्रमुखमा समेट्नुपर्नेछन् । त्यसैगरी उम्मेदवारी दिँदा प्रमुख पदमा महिला उम्मेदवारी बढाउनुपर्ने तथा महिला उम्मेदवारी बढाउन राजनीतिक दलहरूले पहलकदमी लिनुपर्ने, निर्वाचनलाई शान्तिपूर्ण बनाउन, मतदाताको निर्वाध र भयरहित मतदान गर्ने अधिकार सुरक्षित गर्न र खर्च नियन्त्रणका लागि अनुगमन प्रभावकारी बनाउनुपर्ने तथा हिंसारहित समाज निर्माणका लागि राजनीतिमा महिलाको नेतृत्व आवश्यक पर्ने भएकाले सबै पार्टीले यस विषयमा ध्यान दिनुपर्ने जस्ता सुझाव यस्ता कार्यक्रममा दिइएका थिए ।

सबै कार्यक्रममा राष्ट्रिय महिला आयोगका पदाधिकारी, सम्बन्धित विषयका विज्ञ तथा महिला अधिकारकर्मीद्वारा प्रस्तुतीकरण गरिएका थिए । जसमा शासनसत्तामा महिलाको सहभागिता वृद्धिका लागि राष्ट्रिय महिला आयोगले गरिरहेको काम तथा यससम्बन्धी विभिन्न व्यवस्थाबारे औंल्याएको थियो । प्रस्तुतीकरण र छलफलका क्रममा आएका सुझावलाई आयोगले ग्रहण गरेको थियो भने सबै ठाउँका सुझावको निचोड निकाली मुख्य दलहरूलाई ध्यानाकर्षणपत्रका रूपमा बुझाएको थियो ।

## ८.२ दलहरूलाई ध्यानाकर्षण

राष्ट्रिय महिला आयोगको पहलकदमीमा अन्य आयोग र निकायहरूको समेत सहभागितामा मुख्य दलहरूलाई 'आसन्न निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशी उम्मेदवार तय गर्न' आग्रह गर्दै विशेष ध्यानाकर्षणपत्र पेस गरिएको थियो ।

पत्रमा 'आवधिक निर्वाचन लोकतन्त्रको आधार हो र यसबाट नै जनतामा निहीत सार्वभौमसत्ताको प्रयोग हुन्छ भन्ने कुरा मनन गर्दै निर्वाचन स्वतन्त्र, स्वच्छ, मितव्ययी र आवधिक रूपमा हुनुका साथै समावेशी र समतामूलक हुनुपर्छ भन्ने संवैधानिक मान्यतामा अडिग रही देशका सबै वर्ग, जाति र समुदायका नागरिकको सहभागिता, स्वामित्व र प्रतिनिधित्व हुनुपर्ने नेपालको संविधानले सुनिश्चित गरेको कुराप्रति सचेत रहँदै' यो ध्यानाकर्षण गराइएको उल्लेख छ ।

ध्यानाकर्षणपत्रमा स्थानीय तह लोकतन्त्रको अभ्यास गर्ने नागरिकको नजिकको सरकार भएको उल्लेख गर्दै स्थानीय नेतृत्व विकास गर्ने, सार्वजनिक सेवा वितरण गर्ने, शासन प्रक्रियामा जनतालाई सहभागी गराउने र राष्ट्रिय राजनीतिक प्रणालीमा मूल प्रवाह गर्ने माध्यम पनि भएकाले राजनीतिक दलहरूले महिला सहभागितामा जोड दिनुपर्ने भनिएको छ ।

यसरी नै राजनीतिक दलहरूको गठबन्धन तथा चुनावी प्रक्रियासमेतले संविधानको व्यवस्था, भावना र मर्म, निर्वाचनका मान्य सिद्धान्त एवम् राजनीतिक न्याय अवलम्बनमा अवरोध नहुने गरी आगामी स्थानीय तहको चुनावमा उम्मेदवार बन्न र मताधिकार प्रयोग गर्नका लागि नेपाल सरकार र सबै राजनीतिक दलहरूको ध्यानाकर्षण गराइएको छ ।

यस्तो पत्रमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा शारीरिक रूपमा कमजोर मतदाताको मतदानमा सहभागिता, सुरक्षा, स्वतन्त्रता र गोप्यताको रक्षा हुने गरी सहभागिता सुनिश्चित गर्नसमेत आग्रह गरिएको छ ।

पत्रमा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुली, सदस्यहरू कृष्णकुमारी पौडेल खतिवडा, विद्याकुमारी सिन्हा, जया घिमिरे र सावित्राकुमारी शर्मा, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा र सदस्य मीनादेवी सोव, राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा. रामकृष्ण तिमल्सेना, सदस्यहरू विष्णुमाया ओझा, हरिदत्त जोशी र पुष्पराज तिमिल्सिना, आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगर, सदस्यहरू रीना राना, डा. मीन श्रीस, शरण राई र सूर्यबहादुर गुरुङ, मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्त र सदस्य रेणुदेवी साह, थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरी, मुस्लिम आयोगका अध्यक्ष समिम मिया अन्सारी, सदस्यहरू महमदिन अली र मोहम्मद समसुल हकको दस्तखत छ ।

## ८.३ अनुगमन

राष्ट्रिय महिला आयोगले स्थानीय तह सदस्य निर्वाचन २०७९ को अनुगमन गरेको थियो । आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीहरू सम्मिलित टोलीले विभिन्न स्थानमा निर्वाचनअघि, निर्वाचनको दिन र निर्वाचनपछिका केही दिनसम्म यस्तो अनुगमन जारी राखेको थियो ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्ष लेखाजोखा गर्नु, निर्वाचनको प्रचारप्रसार एवं चुनावी माहोलका कारण लैङ्गिक हिंसा भए/नभएको यकिन गर्नु, निर्वाचनका क्रममा लैङ्गिक तथा सामाजिक पक्ष सन्तुलन गर्न र लैङ्गिक हिंसारहित निर्वाचन सम्पन्न गर्न/गराउन सरोकारवाला निकायहरूलाई पृष्ठपोषण गर्नु यस्तो अनुगमनको मुख्य उद्देश्य थियो ।

त्यसबाहेक महिला मतदातामा स्थानीय तह निर्वाचनसम्बन्धी ज्ञानबारे बुझ्ने, गठबन्धनमा महिला उम्मेदवारको प्रभाव र सहभागिता थाहा पाउने, चुनाव प्रचारप्रसारको अवस्था तथा स्रोत व्यवस्थापन, चुनाव प्रचारप्रसारमा महिलामाथि हुने हिंसा पत्ता लगाउने, कानुनले नै व्यवस्था गरेको पदमा महिलाको उम्मेदवारी परे/नपरेको जानकारी लिने, प्रमुख दलहरूले चुनावमा महिलालाई उम्मेदवार बनाउन दिएका प्राथमिकता सोधपुछ गर्ने आदि पनि अनुगमन/पर्यवेक्षणको उद्देश्य थियो । त्यसैगरी मतदान केन्द्रहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टि उपयुक्त भए/नभएको, मुख्य पदहरूमा महिलाको चासो र उनीहरूका यस्ता चासो सम्बोधनमा दलहरूले प्रदर्शन गरेका व्यवहार, उम्मेदवारीमा जातजातिको समीकरण मिलाउन ध्यान दिए/नदिएको, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला आदिको उम्मेदवारीदेखि उनीहरूलाई मतदानका लागि सहज व्यवस्था भए/नभएकोसमेत अनुगमनका क्रममा हेरिएको थियो ।

### अनुगमनका क्रममा प्राप्त केही समस्या निम्नानुसार छन्

- प्रायः निर्वाचन अधिकृतको कार्यालय नगरपालिका भवनमा रहेका तर त्यस्ता भवन अपाङ्गतामैत्री नरहेका ।
- मतदाता सङ्ख्या बढी रहेका स्थानमा समेत प्रमुख पदहरूमा महिला उम्मेदवारी ज्यादै न्यून परेका ।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलाको उम्मेदवारी नै एकदमै कम परेको ।
- निर्वाचन कार्यालयहरूले लैससासससम्बन्धी तथ्याङ्क नै राखेका नपाइएको ।
- महिलाका लागि मतदाता शिक्षा प्रभावकारी हुन नसकेको ।
- कानुनले नै बाध्यकारी बनाएको पदबाहेक अन्य पदमा महिला उम्मेदवारी दिन राजनीतिक दलहरूले आनाकानी गरेका ।

- निर्वाचनका लागि खटिएका महिला कर्मचारी तथा सुरक्षाकर्मीबारे जानकारी नदिएको ।
- केही पहाडी जिल्लाका खासगरी महिला र ज्येष्ठ नागरिक गाईवस्तु चराउने कार्यमा खटिनुपर्ने र छाड्न नमिल्ने भएकाले मतदानबाट वञ्चित भएका देखियो ।
- मतदान केन्द्र टाढा भएका ठाउँमा घरमा गाईबस्तु, ज्येष्ठ नागरिक, अशक्त भएका र बालबालिकालाई छाड्न नमिलेका कारण पनि केही मतदानबाट वञ्चित देखिए ।
- निर्वाचन आयोगले निर्वाचनका हरेक चरण लैङ्गिकमैत्री हुनुपर्छ भन्ने मान्यता राख्दै नीतिगत व्यवस्थासमेत गरिसकेको अवस्थामा जिल्लास्थित कार्यालय तथा मतदान केन्द्र र मतदानस्थल व्यवस्थापनमा भन त्यस विषयले कम प्राथमिकता पाएको देखियो ।

अनुगमन तथा पर्यवेक्षण गरिएका जिल्ला निम्न छन्- प्रदेश १ को सुनसरी, मोरङ, झापा, इलाम, पाँचथर । मधेस प्रदेशको रौतहट, बारा, पर्सा र सर्लाही । वाग्मती प्रदेशको दोलखा र रामेछाप । गण्डकी प्रदेशको कास्की, स्याङ्जा र तनहुँ । लुम्बिनी प्रदेशको पाल्पा । सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र अछाम ।

राष्ट्रिय महिला आयोगले अनुगमन/पर्यवेक्षणबाट प्राप्त यी सुझावलाई प्रशोधन/प्राथमिकीकरण गरी निर्वाचन आयोग र सरकारका सम्बन्धित निकायमा बुझाउनेछ । ता कि आउँदै गरेको सङ्घीय चुनाव र आगामी चुनावहरूलाई लैससासमैत्री बनाउन सहयोग पुगोस् ।

### निर्वाचनका सन्दर्भमा अन्य आयोगको सक्रियता

- **आदिवासी जनजाति आयोग** : हामीले प्रेस विज्ञप्ति जारी गरेर स्थानीय तहको निर्वाचनमा आदिवासी जनजातिको हक अधिकार स्वतन्त्र रूपमा मतदानमार्फत जाहेर गर्न पाउने आदिवासी जनजातिका दृष्टिकोणले समावेशिताको कार्यान्वयन भए/नभएकोलगायत विषयमा अनुगमन गर्‍यौं । अनुगमनका क्रममा खटिएकालाई सहयोग गर्न आदिवासी जनजाति सम्बद्ध सबैलाई अनुरोध पनि गर्‍यौं । त्यसबाहेक आदिवासी जनजाति तथा अन्य नागरिकले स्वतन्त्र र भयरहित तवरले बालिग मताधिकारको प्रयोग गर्न पाउने वातावरण तयार पार्न सम्बन्धित निकायहरूसँग अनुरोध गर्‍यौं । यस्तो प्रेस विज्ञप्ति आयोगको वेबसाइटमा पनि सबैले खोल्दासाथ देख्ने गरी राखेका छौं ।
  - ***टेकबहादुर पुलामी,*** *प्रवक्ता*
- **मुस्लिम आयोग** : हामीले बारा, पर्सा, सप्तरी, धनुषा, कपिलवस्तु, भैरहवा जस्ता मुस्लिम समुदाय बढी भएका जिल्लामा कार्यक्रम गरेर मतदानमा सहभागी हुन प्रेरित गर्‍यौं । त्यसबाहेक सचेतना वृद्धिका लागि यस्ता जिल्लामा स्थानीय भाषामा तयार पारिएका सन्देश स्थानीय रेडियोहरूमार्फत बजायौं ।
  - ***समिम मिया अन्सारी,*** *अध्यक्ष*

- **राष्ट्रिय दलित आयोग** : हामीले निर्वाचनलाई लक्ष्य गरेर कुनै पनि कार्यक्रम गरेनौं । अनुगमनमा पनि सहभागी भइएन ।
  – ***भोजराज श्रीपाइली,*** *सूचना अधिकारी*
- **राष्ट्रिय समावेशी आयोग** : हामीले निर्वाचनको अनुगमन गऱ्यौं । त्यसबाहेक खास केही गरिएन ।
  – ***विष्णुमाया ओझा,*** *सदस्य*
- **मधेसी आयोग** : आयोगका पदाधिकारीले आआफ्नै हिसावले अनुगमन गर्नुभयो । त्यसबाहेक निर्वाचनलाई लक्षित गरेर खासै कुनै कार्यक्रम भएन ।
  – ***रमेशकुमार दास,*** *सूचना अधिकारी*
- **थारू आयोग** : हामीले निर्वाचनको अनुगमन गऱ्यौं । त्यसबाहेक केही गरिएन - ***विष्णुकुमार चौधरी,*** *अध्यक्ष*

परिच्छेद

# ५

# लैससास नजरमा निर्वाचन प्रक्रिया

# परिच्छेद ९

# लैससास नजरमा निर्वाचन प्रक्रिया

निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन, २०७९ को व्यवस्थापन र सञ्चालनलाई लैङ्गिक तथा समावेशी बनाई महिला तथा समावेशी समूहका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियामा बढी प्रतिनिधित्व र सहभागिता गराउने भन्दै राजनीतिक दलहरूलाई निर्देशन जारी गरेको थियो ।[30] उक्त निर्देशनमा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्न, निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनमा सहयोग गर्न, घोषणापत्रलगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशी व्यवस्थालाई उचित सम्बोधन गर्न, स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदमध्ये एक पदमा मात्र उम्मेदवार दिएमा महिला मनोनयनको व्यवस्था मिलाउन, सबै वडामा दलित महिलाको उम्मेदवारी हुने व्यवस्थाका लागि पहल गर्नुपर्ने उल्लेख थियो ।

आयोगको यो निर्देशन लागु हुन कर्मचारी, सुरक्षा संयन्त्र, मतदानस्थल तथा सुरक्षित वातावरण आवश्यक हुन्थ्यो । त्यसैले यी पक्षमा विश्लेषण नगरी आयोगले खोजेको लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सम्भव भयो वा भएन भन्न सकिने अवस्था रहन्न ।

## ९.१ कर्मचारी/सुरक्षाकर्मी

निर्वाचन आयोगले 'निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७' जारी गरेको छ, जसअनुसार 'समानता प्रवर्द्धन' उपशीर्षकमा भनिएको छ– 'निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउनका लागि निर्वाचनका सबै चरण र प्रक्रियामा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा लैङ्गिक तथा समावेशी निर्वाचनलाई प्रवर्द्धन गर्न महिला तथा समावेशी समूहहरूको निर्वाचनमा समान पहुँचको सुनिश्चितता प्रदान गर्नेछ ।'

[30] २०७८ चैत १६ गते प्रेस विज्ञप्ति

### उत्कृष्ट क्षमता प्रदर्शन[३१]

म २०७८ भदौमा मात्र अधिकृतमा नाम निकालेर जागिर सुरु गरेकी हुँ । जागिरको सुरुमै मलाई हुम्लाको नापी कार्यालयमा प्रमुख बनाएर खटाइयो । म काभ्रेपलाञ्चोकको कुशादेवीकी बासिन्दा हुँ । एकैचोटि त्यति टाढा जानुपर्दा पनि कुनै सङ्कोच मानिनँ । २३ वर्षको मान्छे झोलीगुन्टा बोकेर लागेँ हुम्ला ।

जिम्मेवारीअनुसारको काम गरिरहेकी थिएँ । यत्तिकैमा मलै स्थानीय तह निर्वाचन २०७९ मा हुम्लाकै सिमकोट गाउँपालिका-५ स्थित भीमसेन मावि मतदान केन्द्रमा मतदान अधिकृतको जिम्मेवारीमा जानुपर्ने भयो । अर्को रमाइलो कुरा यो थियो कि, मेरो नेतृत्वमा रहने सबै टोली महिला नै थिए । एक जना सहायक मतदान अधिकृत, २ जना सहायक कर्मचारी र १ जना कार्यालय सहयोगी मात्र होइन, हबल्दारको नेतृत्वमा रहेका ५ जना प्रहरी र ४ जना म्यादी प्रहरी गरी सबैजना महिला नै थिए ।

मलाई महिला भएका कारण कतै कर्मचारीले सहयोग नगर्ने पो हो कि ?, राजनीतिक दलका कार्यकर्ताले नटेर्ने पो हुन् कि ?, मतदाताले असहयोग गर्ने हुन् कि ?, यिनै कारण कतै असफल भइने त होइन भन्ने डर एकप्रकारले लागिरह्यो ।

तर वातावरण मैले सोचेभन्दा नित्तान्त फरक भइदियो । सबै जनाले एकदमै राम्रो सहयोग गर्नुभयो । उल्टै सबैले हौसला दिनुभयो । यसरी ८१० जना मतदाता रहेका उक्त केन्द्रको मतदान सहजै, त्यो पनि दिउँसो ३ बज्दा/नबज्दै सम्पन्न गराउन सकेँ । यसबाट मलाई जुनसुकै काम पनि गर्न सक्छु भन्ने आँट बढेको छ । मुख्य निर्वाचन अधिकृतलगायत सबैले प्रशंसा गरेको सुन्दा खुसीसमेत छु । खासमा अवसर पाउँदा गर्न नसकिने त के हुन्छ र ?

***सुधा सापकोटा***

*मतदान अधिकृत, हुम्ला*

त्यसैगरी 'लैङ्गिकतामा आधारित विभेदको अन्त्य' उपशीर्षकमा 'लैङ्गिक हिंसालाई अन्त्य गर्न निर्वाचन अवधिमा हुने लैङ्गिक हिंसा न्यूनीकरणका लागि आयोग सबै वर्ग, लिङ्ग क्षेत्र, जातजाति, समुदाय र आर्थिक, सामाजिक विभेदका कारण पछाडि परेका वर्ग तथा महिलाहरूको संरक्षण, विकास, सशक्तीकरण, अवसर र पहुँचको निम्ति क्रियाशील रहनेछ' भनिएको छ ।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा १,०९,०८८ जना कर्मचारी परिचालन भएका थिए । त्यसैगरी नेपाल प्रहरीको ६५ हजार, सशस्त्र प्रहरीतर्फ ३२ हजार र सेनाका ७१ हजार सुरक्षाकर्मीले

[३१] २०७९ जेठ १६ गते गरिएको कुराकानीमा आधारित

निर्वाचनका लागि तयार भएको एकीकृत सुरक्षा योजनामा सामेल थिए ।[३२] करिब १ लाख म्यादी प्रहरी भर्ना भएका थिए । निर्वाचनमा खटिएका सुरक्षाकर्मीमध्ये महिलाको सङ्ख्या कति थियो भन्ने जानकारी निर्वाचन आयोगसँग छैन । आयोगका अनुसार आयोगले निर्वाचनका लागि लैङ्गिक नीति नै बनाएकाले यति महिला समावेश गर्नु भनिरहन पर्दैन ।[३३]

हुम्लामा स्थानीय तह निर्वाचन २०७९ का लागि ५ वटा मतदान केन्द्रमा महिलालाई मतदान अधिकृतको जिम्मेवारी दिइएको थियो । मुख्य निर्वाचन अधिकृत जगतबहादुर पौडेलका अनुसार निर्वाचन गराउने कर्मचारीमा समावेशिता कायम गर्न यस्तो व्यवस्था मिलाइएको हो । उनका अनुसार मतदान प्रयोजनका लागि परिचालित कर्मचारीमध्ये २१.२५ प्रतिशत महिला थिए ।

निर्वाचनका लागि डिभिजन वन कार्यालयकी प्रमुख रेनुका न्यौपाने सिमकोट गाउँपालिका-७ को टुलिङ मतदान केन्द्र, सहायक वन अधिकृत प्रतिमा पनेरु सिमकोट-६ को कालाशिल्ता मावि मतदान केन्द्र, राष्ट्रिय वाणिज्य बैङ्कको प्रबन्धक सविता शाही सिमकोट गाउँपालिका-३ को रलिङ मावि मतदान केन्द्र, स्वास्थ्य सेवा कार्यालयकी वरिष्ठ अनमी सरिता बोहरा नाम्खा गाउँपालिकाको मोतीराम प्रावि मतदान केन्द्र र नापी कार्यालयकी सुधा सापकोटालाई सिमकोट गाउँपालिका-५ को भीमसेन मावि मतदान केन्द्रको जिम्मेवारी दिइएको थियो । सिमकोट-५ मा रहेको भीमसेन मावि मतदान केन्द्रमा कर्मचारी, प्रहरी र म्यादी प्रहरीसमेत पूरै समूह महिला नै खटाइएको छ ।

## ९.२ मतदानस्थल

निर्वाचन आयोगले मतदान केन्द्र निर्माण गर्दा मतदान केन्द्रको बाहिरी भागमा खुला ठाउँमा महिला र पुरुष मतदाताका लागि डोरी वा बाँस लगाई अलग-अलग रूपमा पङ्क्तिबद्ध हुने व्यवस्था मिलाउनुपर्ने, गर्भवती, अशक्त, वृद्ध, बिरामी, क्रियापुत्री, सुत्केरी मतदाताका लागि विश्राम गर्ने ठाउँको व्यवस्था गर्ने, मतदाताले मतदान गरिसकेपछि सजिलै बाहिर निस्कन सक्ने व्यवस्था मिलाउने आदि निर्देशन दिएको थियो ।[३४]

तर मतदान केन्द्रहरू निर्देशनमा भनिए जस्ता तयार भएनन् । विशेषगरी ज्येष्ठ नागरिकका लागि केही प्राथमिकता (लाइन बस्नु नपर्ने) दिइए पनि अन्य अशक्त, सुत्केरी र गर्भवतीले खासै सहुलियत पाएनन् । त्यसैगरी महिला र पुरुषको मात्र लाइन बनाइएकाले यी दुवै लाइनमा बस्न अप्ठ्यारो हुने/मान्ने एलजिबिटिआई प्लस समूहका व्यक्तिलाई असुविधा पुग्न गयो । निर्वाचन आयोगले मतदान प्रक्रियाका लागि महिला र पुरुषलाई छुट्टाछुट्टै लाइनको व्यवस्था गरेको थियो । ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्तहरूले स्वयंसेवकमार्फत लाइन नबसी मतदान गर्न पाइने व्यवस्था पनि थियो । तर अन्य लिङ्गीका लागि भने छुट्टै लाइनको

[३२] प्रहरी प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक विष्णुकुमार केसी, सेतो पाटी, १० वैशाख, २०७९

[३३] निर्वाचन आयोगका सूचना अधिकारी सूर्यप्रसाद आचार्यसँग १४ असार, २०७९ मा भएको कुराकानी

[३४] निर्वाचन आयोगद्वारा २०७९ वैशाख १९ गते निर्वाचनमा खटिएका कर्मचारीका लागि जारी निर्देशन

व्यवस्था थिएन । आयोगका सहसचिव तुलसीबहादुर श्रेष्ठले 'आफूलाई महिला वा पुरुषको लाइनमा बस्न असहज लागे मतदान अधिकृतसँगको समन्वयमा मतदान गर्न पाउने व्यवस्था भएको'[३५] बताएका थिए । यस्तो झन्झटिलो प्रक्रिया पार गर्नुभन्दा यौनिक अल्पसङ्ख्यकले असहज महसुस गरेरै भए पनि महिला या पुरुषको लाइनमा बसेर मतदान गर्नुपर्ने बाध्यता आइलाग्यो ।

केही मतदान केन्द्रका दृश्यले मतदान केन्द्रहरू महिला तथा अपाङ्गता भएका व्यक्तिमैत्री नभएको देखियो । जस्तो– काठमाडौँको नागार्जुन नगरपालिका-१० अन्तर्गत अमरज्योति मावि मतदान केन्द्रमा मतदानपछि मतदाता बाहिर निस्कन गरिएको व्यवस्था निकै अप्ठ्यारो थियो । बाँसको भऱ्याङबाट ओर्लनुपर्ने भएकाले अपाङ्गता भएका, ज्येष्ठ नागरिक र अशक्तका लागि यो एक प्रकारले ससानो यातना सरह नै थियो ।

त्यसैगरी नेपालगन्ज उपमहानगरपालिका-२० स्थित आदर्श मावि राझा मतदान केन्द्रमा अपाङ्गता भएका व्यक्तिले सजिलोसँग मतदान गर्न पाएनन् । उनीहरू निकैबेर घस्रिएर मतदानस्थल पुग्नुपर्ने अवस्था सिर्जना भएको थियो । सुरक्षाकर्मीले ह्विलचेयर नै भित्र छिराउन नदिएपछि घिस्रिएरै लाइनमा बस्नुपरेको फागुराम चौधरीले गुनासो गरेका थिए । मतदान गर्ने ठाउँसम्म पुग्दा हात पूरै हिलो भएको र भोट हाल्ने टेबल पनि अग्लो भएकाले भोट हाल्न सहयोगी गुहार्नुपरेको गुनासो उनले गरेका थिए ।[३६]

यसबाट देखिन्छ कि सबै मतदान केन्द्र लैससासका दृष्टिले उपयुक्त थिएनन् । विद्यालय वा अन्य कुनै भवनको मतदान केन्द्रमा शौचालय भए पनि खुला ठाउँमा बनाइएका मतदान केन्द्र शौचालयविहीन थिए । त्यहाँ न कुनै विश्रामस्थलको व्यवस्था थियो, न त पिउने पानीकै प्रबन्ध । सुर्खेतलगायत कतिपय ठाउँमा मतदानका क्रममा पानी पर्नाले मतदाताबीच भागदौडसमेत मच्चिएको थियो । मतदानका दिन पानी पर्ने पहिल्यै जानकारी भएर पनि त्यसबाट सुरक्षित हुने तयारी अपुग देखियो, जसका कारण सहज मतदानको अधिकारबाट मतदाता वञ्चित हुन पुगे ।

## ८.३ सुरक्षित वातावरण

निर्वाचन आयोगले होच्याउने, अपमान गर्ने द्वेषपूर्ण भाषण जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने भन्दै निर्वाचन आचारसंहिता जारी गरेको थियो, जसमा राजनीतिक दल, उम्मेदवार तथा दलको भातृसङ्गठनले जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्दा ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न वा गराउन नहुने उल्लेख थियो ।

---

[३५] pahichan.com

[३६] shilapatra.com

निर्वाचनमा उम्मेदवारी चयनको विषयलाई लिएर मकवानपुरको कङ्ग्रेस पार्टी कार्यालयमा नेपाली कङ्ग्रेसकै भ्रातृसंस्था तरुण दलले तालाबन्दी गरेको थियो । यसरी तालाबन्दी गर्ने कार्यकर्तालाई पार्टी सभापतिले 'हिजडा' भनेर गाली गरेका थिए । पछि व्यापक विरोधका बाबजुद कङ्ग्रेस सभापतिले यस्तो शब्द प्रयोग गरेबापत माफी माग्नुपरेको थियो ।

सप्तरीस्थित खडक नगरपालिका-४, पन्सेराका २५ वर्षीय सन्तलाल पासवानको निर्वाचनका क्रममा भएको विवादमा मृत्यु नै भयो । उनलाई स्वतन्त्रबाट उठेका दलित उम्मेदवारलाई सघाएको आरोपमा गाउँकै युवा समूहले निर्घात कुटपिट गरी हत्या गरेको भन्दै दलित अधिकारका लागि कार्यरत संस्था दलित सङ्गमले विरोधसमेत जनाएको थियो ।[३७]

त्यसैगरी कपिलवस्तुको शिवराज नगरपालिका-१ मा राप्रपाका तर्फबाट वडाध्यक्षको उम्मेदवार बनेका राहुल थारूको समूहले स्थानीय सोनपुरकी ३५ वर्षीया आशा थारूलाई आफूलाई मत नदिएको निहुँमा कुटपिट गरेको थियो । बुटवलको सिटी अस्पतालमा उपचार गरिएकी आशाले पीडकहरूविरुद्ध प्रहरीमा जाहेरीसमेत दिएकी थिइन् ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा आफैं मत हाल्न नसक्ने मतदाताले एकाघरको परिवारको सदस्यलाई मत हाल्ने अनुमति पाउने जनाएको थियो । आयोगद्वारा जारी विज्ञप्ति[३८] मा दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरू कुनै कारणले आफैं मत सङ्केत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा आएको एकाघरको परिवारको सदस्यलाई मत सङ्केत गर्ने गोप्य स्थानमा आफूसँगै लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य स्थानमा प्रवेश गर्न अनुमति दिनुपर्ने प्रावधान उल्लेख थियो ।

तर कतिपय स्थानमा राजनीतिक दलका कार्यकर्ता स्वयम्ले आयोगको यो व्यवस्थाको धज्जी उडाउँदै आफैंले मतदान गरिदिए भने कतिपय स्थानमा कर्मचारीले नै झेली गरेको आरोप सार्वजनिक भयो । अनि कतिपय ठाउँमा चाहिँ यस्ता सहयोगी एकाघरका थिए वा थिएनन् भनेर सोधिएन भने पुष्टि गर्ने भरपर्दो आधार पनि थिएन, जसले गर्दा अपाङ्गता भएका व्यक्तिको मताधिकारमाथि अवरोध सिर्जना हुन पुग्यो । जस्तो– सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-४ मा अशक्त र अपाङ्गता भएका व्यक्तिहरूलाई आफन्तले नभई राजनीतिक दलका प्रतिनिधिहरूले मतदान गर्न 'सघाए'पछि केहीबेर तनाव सिर्जना भएको थियो । यही कारण ज्यामिरे स्वास्थ्य चौकीको मतदान केन्द्रमा सेनासमेत सक्रिय हुनुपरेको थियो ।

---

[३७] २०७९ वैशाख १५ गते जारी विज्ञप्ति

[३८] निर्वाचन आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलद्वारा वैशाख २५ गते जारी विज्ञप्ति

परिच्छेद

# १०

# स्थानीय तह सदस्य निर्वाचन २०७४

# परिच्छेद १०

# स्थानीय तह सदस्य निर्वाचन २०७४

## १०.१ समग्रमा

२०७४ सालको स्थानीय तह सदस्य निर्वाचनअन्तर्गत पहिलो चरणको मतदान २०७४ वैशाख ३१ गते ३४ जिल्लाका ३८३ स्थानीय तहमा भएको थियो । दोस्रो चरणमा असार १४ गते ३५ जिल्लाका ३३४ स्थानीय तहमा मतदान भएको थियो । तेस्रो चरणको मतदान भने २०७४ असोज २ गते प्रदेश नं. २ (हाल मधेस प्रदेश) का ८ जिल्लाका १३६ स्थानीय तहमा भएको थियो । यी तीनै चरणमा गरी १,०४,८९,२०४ मतदाताले मतदान गरेका थिए ।

यो निर्वाचनमा १,४८,३६४ जना उम्मेदवार थिए, जसमध्ये महिला उम्मेदवार ५७८४३ जना थिए । यसमध्ये सबै पदमा गरेर १४,३५२ जना विजयी भएका थिए । यो निर्वाचनमा विभिन्न पदमा गरी ४१२ जना निर्विरोध निर्वाचित थिए भने ३४६२९ जना मतदानद्वारा चुनिएका थिए । १८० पदमा भने विभिन्न कारण निर्वाचन नै हुन सकेको थिएन । यो निर्वाचनमा १,३७,००० कर्मचारी परिचालन भएका थिए ।

२०७९ सालको स्थानीय तह सदस्य निर्वाचन भने २०७९ वैशाख ३० गते मुलुकभर एकै चरणमा सम्पन्न भएको थियो ।

### २०७४ को स्थानीय तह निर्वाचनको नतिजा[३९]

| प्रदेश | पद/ लिङ्ग | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | अन्य सदस्य | जम्मा | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | १ | १३१ | ११ | ११५६ | ११४५ | ४५ | २४८९ | ४१.१९ |
| | पुरुष | १३६ | ६ | ११४५ | ० | ० | २२६७ | ३५५४ | ५८.८१ |
| २ | महिला | १ | १३३ | ९ | १०७१ | १२६२ | ४७ | २७२३ | ४१.१५ |
| | पुरुष | १३५ | ३ | १२६२ | ० | ० | २४९५ | ३८९५ | ५८.८५ |
| ३ | महिला | ५ | ११० | ६ | ११२१ | १०७० | ४७ | २३५९ | ४०.७३ |
| | पुरुष | ११४ | ९ | १११५ | ० | ० | २१९५ | ३४३३ | ५९.२७ |

[३९] नेपालको निर्वाचन इतिहास-२, निर्वाचन आयोग नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | महिला | ६ | ७१ | १५ | ७५९ | ७२८ | ३८ | १६१७ | ४१.१० |
| | पुरुष | ७९ | १४ | ७४४ | ० | ० | १४८० | २३१७ | ५८.९० |
| ५ | महिला | १ | १०० | ७ | ९८३ | ९८३ | ४१ | २११५ | ४१.२० |
| | पुरुष | १०८ | ९ | ९७६ | ० | ० | १९२५ | ३०१८ | ५८.८० |
| ६ | महिला | २ | ८ | ७ | ० | ० | १४१५ | २२११ | ४०.०३ |
| | पुरुष | ७७ | ७९ | ७१८ | ७१८ | ६५७ | १४३६ | ३६८७ | ५९.९७ |
| ७ | महिला | २ | ८४ | ६ | ७३४ | ७२२ | २४ | १५७२ | ४१.०० |
| | पुरुष | ८६ | ४ | ७२८ | ० | ० | १४४४ | २२६२ | ५९.०० |
| जम्मा | महिला | १८ | ७०० | ६१ | ६७४२ | ६५६७ | २६४ | १४३५१ | ४०.९५ |
| | पुरुष | ७३५ | ५३ | ६६८१ | ० | ० | १३२२१ | २०६९० | ५९.०५ |
| **कुल जम्मा** | | **७५३** | **७५३** | **६७४२** | **६७४२** | **६५६७** | **१३४८४** | **३५०४१** | |

यो निर्वाचनमा ८० दलले निर्वाचनमा भाग लिन निवेदन दिएका थिए । तर ५७ दलले मात्र उम्मेदवारी दिएका थिए । २३ दलले कुनै उम्मेदवारी नै दिएनन् । यो निर्वाचनमा जम्मा २ प्रतिशत महिलाले मात्र पालिका प्रमुखमा जितेका थिए ।

### २०७४ को निर्वाचनमा पालिका प्रमुखमा जितेका महिला

| दल | सङ्ख्या |
|---|---|
| नेकपा एमाले | ७ |
| नेपाली कङ्ग्रेस | ६ |
| नेकपा (माओवादी केन्द्र) | ५ |

## १०.२ प्रदेशगत आधारमा

२०७४ को स्थानीय तह सदस्य निर्वाचनमा प्रदेश १ बाट ४१.१९ प्रतिशत महिला चुनिएका थिए भने मधेश प्रदेशबाट ४१.१५ प्रतिशत चुनिएका थिए । वाग्मती प्रदेशबाट ४०.७३ प्रतिशत चुनिएका थिए भने गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट क्रमशः ४१.१०, ४१.२०, ४०.०३ र ४१ प्रतिशत चुनिएका थिए । यसरी हेर्दा सरदरमा यो चुनावबाट ४०.९५ प्रतिशत महिला चुनिएका छन् । तर वास्तविकता चाहिँ के हो भने यो प्रतिशत कानुनले नै बाध्य बनाएको दलित महिला र महिला सदस्यको सङ्ख्याका कारण देखिएको हो । यी दुईबाहेक अन्य पदमा विजयी महिलाको प्रतिशत हेर्ने हो भने निकै दयनीय अवस्था छ । यो निर्वाचनमा पालिका प्रमुख/अध्यक्षमा जितेका महिलाको प्रतिशत २.३९ मात्र हुन आउँछ । त्यसैगरी वडाध्यक्षमा विजयी महिलाको प्रतिशत ०.९० मात्र हुन आउँछ ।

### स्थानीय तह सदस्य निर्वाचन २०७४ र २०७९ मा उम्मेदवारी र विजयी महिला

| साल | जम्मा उम्मेदवारी | महिला उम्मेदवारी | विजयी महिला | जम्मामा विजयी महिला प्रतिशत | बाध्यकारीबाहेकमा विजयी महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| २०७४ | १,४८,३६४ | ५७,८४३ | १४३५२ | ९.६७ | ०.७० |
| २०७९ | १,३५,४०९ | ५५,७१९ | १४,४४५ | १०.६६ | ०.८१ |

## १०.३ उमेरगत आधारमा

स्थानीय तह सदस्य निर्वाचन २०७४ मा सबैभन्दा बढी ४१ देखि ६० वर्ष उमेर समूहबाट १८५८४ जना विजयी भएका थिए, जसमा सबैभन्दा बढी अन्य सदस्यमा ७५४३ र त्यसपछि वडाध्यक्षमा ४०५७ जना थिए। त्यसैगरी सबैभन्दा कम ६१ वर्षमाथिका उमेर समुदायबाट जितेका थिए, जसमा सबैभन्दा बढी अन्य सदस्यमा १३९९ र त्यसपछि वडाध्यक्षमा ६४९ जना थिए।

### स्थानीय तह सदस्य निर्वाचन २०७४ मा विजयी भएकाको उमेरगत विवरण

| उमेर | प्रमुख | उपप्रमुख | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २१-४० | ५२ | १११ | ११२ | १३७ | २०३६ | ३०९७ | ३५१३ | ४५४२ | १३७०० |
| ४१-६० | २०५ | १७२ | २९६ | २१५ | ४०५७ | ३३५९ | २७३७ | ७५४३ | १८५८४ |
| ६१ माथि | ३६ | १० | ५२ | ८ | ६४९ | २८६ | ३१७ | १३९९ | २७५८ |
| **जम्मा** | २९३ | २९३ | ४६० | ४६० | ६७४२ | ६७४२ | ६५६७ | १३४८४ | ३५०४१ |

परिच्छेद

# ११

# लैससास नजरमा वर्तमान निर्वाचनको सिकाइ

# परिच्छेद ११

# लैससास नजरमा वर्तमान निर्वाचनको सिकाइ

## ११.१ कानुनका कमजोरी प्रयोग भए

नेपालमा उखानै छ– सानालाई ऐन, ठूलालाई चैन । स्थानीय तह सदस्य निर्वाचन २०७९ मा पनि यही उखान सार्थक बनाउने काम भयो । विशेषगरी दलका नेताहरूले कसरी मुख्य पदहरूमा महिलालाई नल्याउने भन्ने रणनीतिमा राम्रैसँग दिमाग खेलाए । जस्तो– स्थानीय तह निर्वाचन ऐन, २०७३ ले दलले उम्मेदवारी दिँदा प्रमुख र उपप्रमुखमध्ये दुवैमा एउटै लिङ्गका व्यक्ति पर्न नहुने उल्लेख गरेको छ । यसको खास मर्म मुख्य २ ओटा पदमा फरक लिङ्गका व्यक्ति चुनिएर आउन् भन्ने हो । तर दलहरूले एउटै दलले दिँदा पो लिङ्गक फरक पार्नुपर्ने, फरक दलले दिँदा यो नियम लागु हुँदैन भन्ने आफूखुसी व्याख्या गरे र दुवै पदमा पुरुष नै आउने अवस्था सिर्जना गरे । त्यसैले यस्तो अवस्थाविरुद्ध न्यायिक अर्थात कानुनी उपचार खोज्नुपर्ने देखियो ।

## ११.२ विरासतको चिन्ता

एकातिर दलको नेतृत्वबाट महिलालाई सकभर उम्मेदवार नै नबनाउने रणनीति अख्तियार गरियो भने अर्कोतिर दिनैपर्ने अवस्थामा पनि दलका त्यागी, योग्य, इमानदार कार्यकर्ता भन्दा ‘आफ्ना’ लाई प्राथमिकता दिइयो । जस्तो– आफ्नै छोरी, श्रीमती, साली, प्रेमिका, नातागोता खोज्ने र नपाइए मात्र राजनीतिक रूपमा सुझबुझपूर्ण तथा सक्रियको पालो आउने देखियो । यदो गर्दा पनि नेतृत्वमा पुग्ने त महिला नै हुन्छन् । तर मुलुकले खोजेको सार्थक र उचित प्रतिनिधित्व भने हुँदैन । जसले सङ्ख्या बढाउन साथ देला । तर स्तरीयता छायामा पर्छ । यस्तो प्रवृत्तिविरुद्ध सम्बन्धित दलको नेतृत्व र अझ विशेषगरी महिला नेतृत्व सचेत हुन आवश्यक छ । त्यसैगरी नेतृत्वलाई यस्ता प्रवृत्ति त्याग्न नैतिक दबाब सिर्जना गर्नु पनि उत्तिकै जरुरी छ ।

## ११.३ सार्थक सहभागितामा शून्य ध्यान

समग्रमा यो निर्वाचनको परिणाम हेर्दा र अघिल्लोसँग तुलना गर्दा मुख्य पदमा महिलाको विजयी सङ्ख्या घटेन । तर मुख्य प्रश्न जम्मा सङ्ख्या कति आयो भन्दा पनि मुख्य अर्थात् कार्यकारी पदमा कति जना पुगे भन्ने हो । यो निर्वाचनमा महिलाको प्रतिनिधित्व बढी देखिएको कानुनले

नै बाध्यकारी बनाएको महिला सदस्य र दलित महिला सदस्यका कारण हो । त्यसबाहेक मुख्य दलहरू कङ्ग्रेस, एमाले, माओवादी, जसपा, नेकपा (एस) र लोसपाबाट गरेर अध्यक्षमा २.६० प्रतिशत तथा प्रमुखमा ४.४३ प्रतिशत मात्र महिला विजयी हुनुले शासकीय पदहरूमा महिलाको सार्थक सहभागिता निकै दयनीय अवस्थामा रहेको प्रस्टिन्छ । त्यसैगरी वडाको सम्पूर्ण जिम्मेवारी सञ्चालन गर्ने अधिकार भएको वडाध्यक्षमा यी दलबाट मात्र ०.९४ प्रतिशत महिला निर्वाचित हुनु त झनै लज्जाको विषय बनेको छ । त्यसैले आगामी निर्वाचनहरूमा सङ्ख्यात्मक सहभागिता भन्दा पनि गुणात्मक अर्थात सार्थक सहभागितामा ध्यान दिनुपर्ने देखिन्छ ।

### "समानुपातिक" शब्दमाथि मजाक

संविधानले मुलुकका सबै निकायमा समानुपातिक आधारमा प्रतिनिधित्व हुने उल्लेख गरेको छ । तर स्थानीय तह सदस्य निर्वाचन २०७९ ले यो संवैधानिक व्यवस्थालाई नै गिज्याएको छ । जस्तो– डोटीमा पुरुष मतदाता ५८२८२ छन्, जब कि महिला मतदाता पुरुषभन्दा ६९९० बढी अर्थात् ६५२७२ जना छन् छन् । तर ९ स्थानीय तह र ६५ वडा भएको यही जिल्लामा एउटा पनि पालिका प्रमुख र वडाध्यक्षमा महिला उपस्थिति छैन । त्यसैगरी पर्वतमा पुरुष मतदाता (५९९८४) भन्दा महिला मतदाता (६२०६६) २०८२ ले बढी छन् । तर ७ तह र ६२ वडा रहेको यो जिल्लाको पालिका प्रमुख र वडाध्यक्षमा एकजना पनि महिला छैनन् ।

## ११.४ 'उप' मा सीमित

एकातिर गठबन्धन, तालमेल वा समझदारीका नाममा प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्षमध्ये एक पदमा महिलाको उम्मेदवारी हुनैपर्ने विषयमा दलको नेतृत्वले झेली गऱ्यो । अर्कोतर्फ कानुनको बाध्यतामा परेर यी दुईमध्ये दुवै पदमा महिला उम्मेदवारी दिनै पर्दा महिलालाई 'उप' मा थन्क्याउने काम भयो । मुख्य दलहरू कङ्ग्रेस, एमाले, माओवादी, जसपा, नेकपा (एस) र लोसपाबाट पालिका प्रमुखमा ४.४३ प्रतिशत महिला विजयी हुँदा उपप्रमुखमा यो प्रतिशत ७७.४७ हुनु र अध्यक्षमा २.६० प्रतिशत विजयी हुँदा उपाध्यक्षमा ७१.९५ प्रतिशत महिला विजयी हुनुले महिलालाई 'उप' मै थामथुम पारिएको प्रस्ट हुन्छ । स्मरण रहोस्, नेपाली बृहत् शब्दकोशले उपको अर्थ 'न्यूनता, सहायक भाव बुझाउने उपसर्ग' भनेको छ । व्यवहारमा भने उपको भूमिका कानुन/विधानले स्पष्ट तोकेको अवस्थामा बाहेक प्रमुखको अनुपस्थितिमा मात्र जरुरी पर्छ । त्यसैले खासगरी महिलाले कि मुख्य अर्थात् कार्यकारी पदमा पुग्न जोडबल गर्नुपर्छ, कि उपप्रमुखलाई पनि बढी अधिकार सम्पन्न तुल्याउन लागिपर्नुपर्छ ।

परिच्छेद

# १२

# पर्यवेक्षणका नजरमा लैससास

# परिच्छेद १२

# पर्यवेक्षणका नजरमा लैससास

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा ६८ ओटा निकायले चुनाव पर्यवेक्षण गर्न निर्वाचन आयोगसँग अनुमति लिएका थिए । तीमध्ये केही निकायले चुनावमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणसँग औल्याएका विषय यहाँ समेटिएको छ ।

*“ राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचनको अनुगमन गरेको थियो । उम्मेदवारी दिने बेलादेखि नै अनुगमनमा सहभागी भएको आयोगले महिला उम्मेदवारी ३३ प्रतिशत नपुग्ने अवस्था देखिएपछि निर्वाचन आयोगको ध्यानाकर्षण गराएको थियो । त्यसैगरी मुख्य पदमा महिला उम्मेदवारी कम भएको, दललाई पैसा बुझाउनुपर्ने र चुनावका क्रममा खर्चसमेत गर्नुपर्ने भएकाले वित्तीय समस्याकै कारण महिला उम्मेदवारी दिनबाटै वञ्चित हुने अवस्था देखिएको, गर्भवतीलगायत समस्या भएका महिला कर्मचारी र सुरक्षाकर्मीका लागि विशेष व्यवस्था गरिदिने जस्ता विषयमा पनि आयोगले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो ।*

यसैगरी गलत नियत राखी महिलाको छातीमै चुनाव चिह्न पर्ने गरी टिसर्ट बनाइएको, मतदान केन्द्रहरूमा दूध खुवाउने ठाउँ व्यवस्था नभएको, विद्यार्थीको पढाइ प्रभावित हुने गरी प्रायः विद्यालयमै मतदान केन्द्र राखिएको, निर्वाचनमा अझै पनि बालबालिकाको प्रयोग पूरै नहटेको जस्ता घटना आयोगले उल्लेख गरेको छ । महिलामाथि कुनै समस्या आएमा प्राथमिकता दिने नगरिएको, उनीहरूलाई कम विश्वास गरिने, यौनिक अल्पसङ्ख्यकको त मतदाता नामावलीमै नाम छुटेको जस्ता घटना पनि आयोगले अनुगमनका क्रममा फेला पारेको थियो ।

त्यसैगरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्तहरूलाई मतदान गर्न सहज व्यवस्था मिलाइने भनिए पनि यस्तो कार्यमा राज्यका तर्फबाट कुनै सहयोगी संयन्त्र निर्माण नहुँदा यो काम राजनीतिक दलका मानिसले गर्नुपरेको उल्लेख गर्दै आयोगले यसो गर्दा सहयोग गर्ने दलले त्यस्ता मतदातालाई प्रभावमा पार्ने गरेको पाइएको जनाएको छ ।[४०]

*“ मानव अधिकार संस्था इन्सेकले बाँकेमा अपाङ्गता भएका व्यक्तिलाई ह्विल चेयरबाट मतदान गर्न नपाएको घटनाले मतदान केन्द्रको व्यवस्थापन र पहुँचमा आयोगको गम्भीर ध्यान जानुपर्ने देखिएको उल्लेख गरेको छ । त्यसैगरी पिउने पानी र शौचालयको समस्या मतदातालाई निकै परेको पाइएको तर अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामीका लागि सबैजसो मतदानस्थलमा सहयोगी व्यवहार गरेको पाइएको उल्लेख छ ।*

[४०] राष्ट्रिय मानव अधिकार आयोगकी उपसचिव मञ्जु खतिवडाद्वारा १४ वैशाख, २०७९ मा दिइएको जानकारीमा आधारित

इन्सेकले गठबन्धनका कारण महिलाको प्रतिनिधित्व कम हुन सक्ने उल्लेख गर्दै संविधानले निर्दिष्ट गरेअनुसार सबै जातजाति, लिङ्गका नागरिकको समावेशी प्रतिनिधित्व सुनिश्चितताका लागि राजनीतिक नेतृत्व गम्भीर हुनु आवश्यक भएको पनि जनाएको छ ।

*निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) ले दलित तथा पिछडिएका समुदायलाई आर्थिक प्रलोभनमा पारी मतदान आफ्नो पक्षमा पार्ने प्रयास भएको उल्लेख गर्दै आगामी निर्वाचनमा महिला प्रतिनिधित्वका लागि बाधक कानुनी छिद्रहरूको निरुपण गर्नुपर्ने उल्लेख गरेको छ ।*

*आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) ले मतदानमा ज्येष्ठ नागरिक, महिला र अपाङ्गता भएकाले उल्लेख्य सहभागिता जनाएका उल्लेख गरेको छ । उसले अपाङ्गतामैत्री मतदानस्थल निर्माणमा ध्यान दिनुपर्ने पनि जनाएको छ ।*

*शेखर पराजुलीका अनुसार कास्कीको माछापुच्छ्रे गापाको मतदान केन्द्रमा ज्येष्ठ नागरिक, बिरामी र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखिएको थियो । आफूले मतपत्रमा सङ्केत गर्न नसक्ने मतदाताका लागि एकाघरको सहयोगी (नाताको प्रमाण नखोजी) लैजान पाउने व्यवस्था पनि थियो ।*[४१]

### "विद्रोही" सुमिता

चितवनको राप्ती नगरपालिका-७ मा अघिल्लो स्थानीय तह सदस्य निर्वाचनमा नेकपा एमालेबाट वडाध्यक्ष जितेकी थिइन् सुमिता डल्लाकोटीले । उनले आफूले राम्रो गरेको दाबी गर्दै यस पटक सकेसम्म माथिल्लो पदमा र नभए वडाध्यक्षमै भए पनि टिकट दिन आफ्नो पार्टीसँग अनुरोध गरेकी थिइन् । तर एमालेले उनलाई टिकट दिएन ।

त्यसपछि स्वतन्त्रबाट वडाध्यक्षमा उठेकी उनले ८९९ मत ल्याएर जितिन्, जब कि प्रतिस्पर्धी आफ्नै दलका उम्मेदवार छविलाल भुसालले ६०१ मतमात्र ल्याउन सके, जसबाट उनको दाबी उचित थियो भन्ने स्थानीयले प्रमाणित गरिदिएका छन् ।

[४१] शेखर अधिकारी, हिमाल, २०७९ असार

परिच्छेद

# १३

# निर्वाचनलाई लैससासमैत्री बनाउन गरिनुपर्ने काम

# परिच्छेद १३

# निर्वाचनलाई लैससासमैत्री बनाउन गरिनुपर्ने काम

## संविधानको परिपालना

नेपालको संविधानले धारा ३८ (२) मा महिलाको हकअन्तर्गत राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ भनेको छ । यसको मतलब निर्वाचित पदहरूमा पनि महिलाको सहभागिता ५१.०४ प्रतिशत हुनुपर्छ । तर व्यवहारमा यो संवैधानिक प्रावधान लागु भइरहेको छैन । त्यसैले संविधानको परिपालना राम्रोसँग भइदिने हो भने सत्ता पनि स्वतः लैससासमैत्री हुन्छ ।

## स्थानीय तह निर्वाचन ऐन, २०७३ संशोधन

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा उम्मेदवार मनोनयन गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।

यो ऐन संशोधन गरेर कुनै पनि दलले प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षमध्ये एकमा मात्र उम्मेदवारी दिने अवस्थामा अनिवार्य रूपमा महिला नै उठाउनुपर्ने व्यवस्था राख्नुपर्छ । यसो गर्दा गठबन्धन गरेर उम्मेदवारी दिँदा पनि महिलाको हक/अधिकार खोसिँदैन ।

त्यसैगरी स्थानीय सरकार भनिने पालिकाको मुख्य कार्यकारी पद प्रमुखपछि वडाध्यक्ष भएकाले कुनै पनि दलले पालिकामा दिने वडाध्यक्षको उम्मेदवारीमध्ये कम्तीमा आधा महिला हुनैपर्ने व्यवस्था गर्नुपर्छ ।

यसरी महिला उम्मेदवारी दिँदा दलित, अपाङ्गता भएका तथा सीमान्तकृतका लागि निश्चित कोटा छुट्याउने व्यवस्था पनि हुनुपर्छ ।

त्यसैगरी स्थानीय तह निर्वाचन ऐन, २०७३ ले उम्मेदवार मनोनयन गर्दा महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा ५० प्रतिशत धरौटी छुट हुने भनेको छ । यहाँ समस्या धरौटीको भन्दा पनि चुनाव प्रचारप्रसारका क्रममा हुने खर्च हो । त्यसैले निर्वाचन खर्चको दायरा एकदमै कम गर्नुपर्छ ता कि निर्वाचन खर्चिलो नहोस् र सबैले समानतवरले प्रतिस्पर्धा गर्न सकून् ।

कुनै पनि पालिकामा महिला वा सीमान्तकृतका लागि तोकिएको पद कुनै कारणवश पूर्ति हुन नसकेमा वैकल्पिक व्यवस्था मिलाइने गरी कानुन संशोधन गर्नुपर्छ । जस्तो– यसपटक धेरै ठाउँमा दलित महिला सदस्यको उम्मेदवारी नै परेन । यस्तो अवस्थामा दलित पुरुषलाई अवसर दिने वा कार्यपालिकामा अन्य वडाबाट त्यति नै बराबरको सङ्ख्या पूर्ति गर्ने व्यवस्था गर्न सकिन्छ ।

## बुथहरू लैससासमैत्री बनाउनुपर्ने

मतदानस्थलहरू लैससासमैत्री बनाइनैपर्छ । जस्तो– बच्चालाई दूध खुवाउने ठाउँ, शौचालय र पिउने पानीको उपयुक्त व्यवस्था हुनुपर्छ । ज्येष्ठ नागरिक तथा अशक्तहरूका लागि आरामस्थल आवश्यक हुन्छ भने अपाङ्गता भएका र अशक्तहरूले सहजतवरले मतदान गर्ने व्यवस्था मिलाइनुपर्छ ।

## निर्वाचन अधिकारीहरूमा महिला वृद्धि गरिनुपर्ने

महिला मतदाताले महिला कर्मचारी (सुरक्षाकर्मीसमेत) हुँदा मतदान गर्न जति सहजता अनुभव गर्छन् पुरुष कर्मचारी सामुन्ने त्यति सहज मान्दैनन् । त्यसैले मतदानस्थलहरूमा क्रमशः महिला कर्मचारीको सङ्ख्या वृद्धि गरिनुपर्छ । अझ महिलाको लाइनमा त सुरक्षाकर्मी र प्रहरी दुवै अनिवार्य रूपमा महिला राख्नैपर्छ । यसले मतदाताको मनोबल बढ्छ भने बदर हुने सम्भावनासमेत कम हुन्छ ।

## मनोनयनपत्रको ढाँचा संशोधन गर्नुपर्ने

निर्वाचन आयोगले स्थानीय तहका उम्मेदवारले मनोनयन दर्ता गर्न फारम भर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तो फारममा महिला र पुरुष मात्र नभई अन्य लैङ्गिक पहिचान खुल्ने, अपाङ्गता भएको भए त्यो पनि खुल्ने, दलित, जात, एकल, लोपोन्मुख आदि के हो भनेर पनि उल्लेख गर्नुपर्ने व्यवस्था मिलाउनुपर्छ । यसो भयो भने स्थानीय सरकारका लागि भएको निर्वाचनमा सीमान्तकृतको सहभागिता, अभिरुचि र विजयी सङ्ख्या पत्ता लगाउन सहज हुन्छ, जसबाट नीति निर्माण तथा योजना र कार्यक्रम निर्माणमा समेत सहयोग पुग्छ ।

## आयोग स्पष्टीकरणबाट अघि बढ्नुपर्ने

निर्वाचन आचारसंहिता नैतिक बन्धन मात्र हो । यो बाध्यकारी हुँदैन । त्यसैले निर्वाचनका क्रममा खासगरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल मर्ममा प्रहार गर्ने, यसलाई खलबल्याउने तथा होच्याउने र अझै पछाडि पार्ने कामविरुद्ध निर्वाचन आयोग सशक्त ढङ्गले अघि बढ्नुपर्छ । यस्ता घटनामा आयोगले स्पष्टीकरण त सोध्ने गरेको छ । तर यसले मात्र पुग्दैन । अन्य कारबाहीको प्रक्रिया पनि अघि बढाउनुपर्छ । यसो भए मात्र पीडकले सजाय पाई गल्ती महसुस गर्छ भने आगामी दिनमा यस्ता कुकर्म न्यून हुने सम्भावना पनि रहन्छ ।

# अनुसूची

## आसन्न स्थानीय निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशी उम्मेदवार तय गर्न राजनीतिक दलहरुलाई विशेष ध्यानाकर्षण :

आवधिक निर्वाचन लोकतन्त्रको आधार हो र यसबाट नै जनतामा निहित सार्वभौमसत्ताको प्रयोग हुन्छ भन्ने कुरा मनन गर्दै, निर्वाचन स्वतन्त्र, स्वच्छ, मितव्ययी र आवधिक रुपमा हुनुको साथै समावेशी र समतामुलक हुनुपर्छ भन्ने संवैधानिक मान्यतामा अडिग रही देशका सबै वर्ग, जाति र समुदायका नागरिकको सहभागिता, स्वामित्व र प्रतिनिधित्व हुनुपर्ने नेपालको संविधानले सुनिश्चित गरेको कुरा प्रति सचेत रहँदै,

संवैधानिक आयोगका हामी देहाय बमोजिमका पदाधिकारीहरु निर्वाचनमा उम्मेदवारको समावेशी प्रतिनिधित्व र मतदाताको निर्वाचन र उम्मेदवार प्रतिको चासो र विश्वास आवश्यक पर्दछ भन्ने कुरामा सहमत भएका छौं । त्यसैले निर्वाचन र जनप्रतिनिधिप्रतिको विश्वास क्षयीकरण हुन नदिन, लैङ्गिक तथा सामाजिक समावेशीतालाई केन्द्रबिन्दुमा राख्दै यिनै मान्यता भित्र रही उम्मेदवार छनोट देखि नै योग्यता, दक्षता, लैङ्गिकता, वर्गीयता, भौगोलिकता लगायतको समावेशिता सहितको प्रतिनिधित्व सामाजिक समानुपातिक रुपले हुने गरि निर्वाचन सम्पन्न गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछौ ।

स्थानीय तह लोकतन्त्रको अभ्यास गर्ने नागरिकको नजिकको सरकार हो। स्थानीय नेतृत्व विकास गर्ने, सार्वजनिक सेवा वितरण गर्ने, जनताको शासन प्रक्रियामा सहभागिता गराउने र राष्ट्रिय राजनीतिक प्रणालीमा मुलप्रवाह गर्ने माध्यम पनि भएकोले राजनीतिक दलहरुको गठबन्धन, चुनावी प्रक्रिया समेतले संविधानको व्यवस्था, भावना र मर्म, निर्वाचनका मान्य सिद्धान्त एवं राजनीतिक न्यायको अवलम्बन अवरोध नहुने गरी आगामी स्थानीय तहको चुनावमा उम्मेदवार बन्न र मताधिकारको प्रयोग गर्नका लागि नेपाल सरकार र सबै राजनीतिक दलहरुलाई ध्यानाकर्षण गराउन चाहन्छौ।

यसका अतिरिक्त ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा शारीरिक रुपमा कमजोर मतदाताको मतदानमा सहभागिता, सुरक्षा, स्वतन्त्रता र गोप्यताको रक्षा हुनेगरी सहभागिता सुनिश्चित गर्न समेत ध्यानाकर्षण गराउँछौं ।

<u>आयोगका पदाधिकारीज्यूहरूको नाम तथा आयोग</u>

१. माननीय अध्यक्ष कमला कुमारी पराजुली, राष्ट्रिय महिला आयोग
२. माननीय अध्यक्ष देवराज विश्वकर्मा, राष्ट्रिय दलित आयोग
३. माननीय अध्यक्ष डा.रामकृष्ण तिमल्सेना, राष्ट्रिय समावेशी आयोग
४. माननीय अध्यक्ष रामबहादुर थापामगर, आदिवासी जनजाति आयोग

४. माननीय अध्यक्ष डा. विजय कुमार दत्त, मधेशी आयोग
५. माननीय अध्यक्ष विष्णु प्रसाद चौधरी, थारु आयोग
६. माननीय अध्यक्ष समिम मियाँ अन्सारी, मुस्लिम आयोग
७. माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, राष्ट्रिय महिला आयोग
८. माननीय सदस्य विद्या कुमारी सिन्हा, राष्ट्रिय महिला आयोग
९. माननीय सदस्य जया घिमिरे, राष्ट्रिय महिला आयोग
१०. माननीय सदस्य सावित्रा कुमारी शर्मा, राष्ट्रिय महिला आयोग
११. माननीय सदस्य विष्णुमाया ओझा, राष्ट्रिय समावेशी आयोग
१२. माननीय सदस्य हरिदत्त जोशी, राष्ट्रिय समावेशी आयोग
१३. माननीय सदस्य युवराज तिमिल्सिना, राष्ट्रिय समावेशी आयोग
१४. माननीय सदस्य रीना राना, आदिवासी जनजाति आयोग
१५. माननीय सदस्य डा. मिन विस, आदिवासी जनजाति आयोग
१६. माननीय सदस्य कारण राई, आदिवासी जनजाति आयोग
१७ माननीय सदस्य सूर्यबहादुर गुरुङ, आदिवासी जनजाति आयोग
१८ माननीय सदस्य महमदिन आलि (अधिवक्ता), मुस्लिम आयोग
१९ माननीय सदस्य मोहम्मद समसुल हक, " मुस्लिम आयोग
२०. माननीय सदस्य मिनादेवी सीब, राष्ट्रिय दलित आयोग
२१. माननीय सदस्य रेणुदेवी साह, मधेशी आयोग

राष्ट्रिय महिला आयोग